





# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com | @ehimalayatimes | @himalaya_times









# बस दुर्घटनामा पाँच जनाको मृत्यु, ३० घाइते

**रामचन्द्र रायमाझी/हिटा**

**पाल्पा, १३ कात्तिक**



पाल्पाको रम्भा गाउँपालिका-१, हुँगीबाट गोरखाको मनकामना दर्शनका लागि जाँदै गरेको बस नवलपरासी पूर्वको बुलिङटारमा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । बुलिङटार-२, मथारमा भएको दुर्घटनामा अन्य ३० जना घाइते भएका छन् । ना६ख ७५८० नम्बरको बस अनियन्त्रित भई सडकबाट झण्डै एक सय मिटर तल खसेर दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय पूर्वी नवलपरासीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक सन्तोष पाठकले बताउनुभयो ।

मृत्यु हुनेमा रम्भा गाउँपालिका-१, हुँगीका ४१ वर्षीय तारा विक, १७ वर्षीय विनय विक, ६२ वर्षीय धनी विक, ५८ वर्षीय देवी गाहा, स्याङ्जाको गल्याङ नगरपालिका-९ की ४५ वर्षीय फूलमाया माझी रहनुभएको छ । दुर्घटनामा घाइते हुनेहरूमा रम्भा गाउँपालिका-१ का चार वर्षीय अंकित सुनार, १० वर्षीय कृष्ण केवट, १८ वर्षीय प्रविन सुनार, २० वर्षीय राम विक, २१ वर्षीय रिता विक, २५ वर्षीय कासीराम विक, एक वर्षीया आइसा विक, १६ वर्षीय अविनास विक, १७ वर्षीय विशाल विक, सात वर्षीया पुष्पा विक, ४७ वर्षीय मेघनाथ विक, स्याङ्जा गल्याङ-९ का २५ वर्षीया दिल माया राना, सोही स्थानका ३ वर्षीय रविन राना, भैरहवा भीम अस्पतालमा कार्यरत ३२ वर्षीया सुमित्रा विक, रम्भा-१ भाले ढुंग्राकी १५ वर्षीया रिमा विक, सोही ठाउँकी ३२ वर्षीय सनु सुनार, ३८ वर्षीय प्रेमबहादुर सुनार, २० वर्षीय आशिष सुनार, २० वर्षीय विजय विक, ३६ वर्षीया माया विक रहनुभएको छ ।

यस्तै, स्याङ्जा गल्याङ नगरपालिका-८ का ३५ वर्षीय मनोजकुमार विक, सोही स्थानका ३० वर्षीया उमाकुमारी विक, गल्याङ-९ की ३० वर्षीया सरिता माझी, सोही स्थानका ३१ वर्षीय रामु राना, पाल्पा रम्भा १ की १२ वर्षीया अस्मिता सुनार, ४७ वर्षीय ओमबहादुर विक, ४५ वर्षीया सेती विक र ४८ वर्षीया शिव कुमारी विक रहेको इलाका प्रहरी कार्यालय बुलिङ्टारले जनाएको छ । दुर्घटनामा चालक रामपुर-३ गण्डकी ढिकका दिलकुमार श्रेष्ठ र सह-चालक रामपुर-५ बेझाँडका साजन श्रेष्ठ पनि घाइते भएका छन् । घाइतेहरू सबैको नारायणी सामुदायिक अस्पताल

» पृष्ठ २ मा क्रमशः

## काठमाडौंमा छठ पर्वको रमझम




छठ पर्वको तेस्रो दिन आइतबार काठमाडौंको कमलपोखरी र गौरीघाटमा अस्ताउँदो सूर्यलाई अर्घ दिँदै सर्वसाधारण । छठ पर्व रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने गरिन्छ । पछिल्लो समयमा तराई र मधेसी समुदायले मात्र मनाउँदै आएको यो पर्व पहाडी समुदायलगायत मुस्लिम समुदाय एकै ठाउँमा बसेर भक्तिपूर्वक मनाउन थालेकाले छठ एकताको पर्वको रूपमा अघि बढ्दै गएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले पनि आइतबार साँझ कमलपोखरी पुगेर छठी माताको पूजा गर्नुभएको छ । **तस्बिर : नवराज श्रेष्ठ/हिटा**

# शतप्रतिशत साझा उम्मेदवार उठाउन सत्ता गठबन्धन असफल

## केही निर्वाचन क्षेत्रमा गठबन्धनका दलबीच नै प्रतिस्पर्धा







**अनिल क्षेत्री/हिटा**

**काठमाडौं, १३ कात्तिक**

सत्तारूढ पाँच दलीय गठबन्धनबीच गत साउन २० गते नै आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा देशभर चुनावी तालमेल गर्ने औपचारिक सहमति भएको थियो । तर, सिट बाँडफाँटको क्रममा सत्तारूढ पाँच दलीय गठबन्धनमा फुट आयो । गठबन्धनको एक घटक जनता समाजवादी पार्टी (जसपा) सिट बाँडफाँटमा असन्तुष्ट रहँदै गठबन्धनबाट नै बाहिरियो । सत्ता गठबन्धनबाट बाहिरिएको जसपा अहिले नेकपा एमालेले नेतृत्व गरिरहेको विपक्षी गठबन्धनमा सहभागी भएको छ । सत्ता गठबन्धनबाट जसपा बाहिरिएसँगै उसको क्षेत्रीय प्रतिस्पर्धी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठबन्धनमा सामेल भएको छ ।

त्यसो त जसपा बाहिरिएपछि बाँकी रहेका सत्ता गठबन्धनका दलहरू पनि पूर्ववत् घोषणाअनुसार सबै निर्वाचन क्षेत्रमा गठबन्धन गर्न असफल भएका छन् । पाँच दलीय सत्ता गठबन्धन दलहरूबीच नै आगामी मंसिर ४ गते हुने संसदीय निर्वाचनका क्रममा केही क्षेत्रमा प्रतिस्पर्धा हुने भएको छ । खासगरी दुई वर्षसम्म गठबन्धनमा रहेको जनता समाजवादीले छाडेर नेकपा एमालेसँग तालमेल गर्न पुगेपछि यस्तो अवस्थामा उत्पन्न भएको गठबन्धनकै कतिपय नेताहरूको जिकिर छ । जसपाले गठबन्धन छाडेपछि भित्रिएको महन्थ ठाकुर नेतृत्वको लोसपालाई पनि अटाएर लैजाने क्रममा केही निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनका उम्मेदवारहरूबीच नै प्रतिस्पर्धाको अवस्था आएको हो । » पृष्ठ २ मा क्रमशः

### ■ सत्ता गठबन्धनका दलहरूबीच नै प्रतिस्पर्धा हुने प्रतिनिधिसभा क्षेत्र

सत्ता गठबन्धनले काठमाडौं निर्वाचन क्षेत्र नम्बर १० मा प्रतिस्पर्धाको समझदारी गरेका छन् । नेपाली कांग्रेसका राजन केसीसँग माओवादी केन्द्रकी स्थायी कमिटी सदस्य अञ्जना विसंखेले यो ठाउँमा प्रतिस्पर्धा गर्ने निश्चित भएको छ । माओवादीले दाबी गरेको यो ठाउँमा यसअघि पुष्पकमल दाहाललाई हराउनुभएका

» पृष्ठ २ मा क्रमशः

### ■ प्रदेशसभातर्फ प्रतिस्पर्धा हुने क्षेत्र

सत्तारूढ दलका उम्मेदवारबीच नै प्रतिस्पर्धा हुने प्रदेशसभा क्षेत्रहरूमा कञ्चनपुर-२ 'ख', कञ्चनपुर-३ 'क', काठमाडौं-३ 'ख', काठमाडौं-५ 'ख', काठमाडौं-६'ख', काठमाडौं-१० 'क', पर्सा-३ 'ख', बारा-१ 'ख' र सर्लाही-१ 'क' रहेका छन् । यी क्षेत्रमा सत्ता गठबन्धन दलहरूले मित्रवत प्रतिस्पर्धा गर्ने लिखित सहमति गरेर सबैजना उम्मेदवारको सूची नै सार्वजनिक गरेका छन् ।

शुक्रबार सार्वजनिक सत्तारूढ दलका साझा उम्मेदवारहरूको सूचीअनुसार कञ्चनपुर-२ 'ख' मा नेपाली कांग्रेसका बहादुर सिंह थापा र नेकपा

» पृष्ठ २ मा क्रमशः

### ■ माओवादी केन्द्रको चेतावनी : 'मित्रवत प्रतिस्पर्धाका नाममा सिट खोस्ने सहमति अमान्य'

सत्ता गठबन्धनले काठमाडौं क्षेत्र नम्बर ३ को प्रदेशसभा क्षेत्र नम्बर २ मा मित्रवत प्रतिस्पर्धा गर्ने भनी जारी गरेको सर्कुलरप्रति नेकपा माओवादी केन्द्रको क्षेत्रीय समितिले आपत्ति जनाएको छ । गठबन्धनका शीर्ष नेताहरूको बैठकले जारी गरेको

» पृष्ठ २ मा क्रमशः

### ■ प्रभु साह रौतहट ३ मा सत्ता गठबन्धनको साझा उम्मेदवार

सत्ता गठबन्धनले नेकपा एमालेको टिकट त्यागेर स्वतन्त्र उम्मेदवारी दिनुभएका प्रभु साहलाई आफ्नो आधिकारिक उम्मेदवार तोकेको छ । गठबन्धनको शुक्रबार बसेको बैठकले तय गरेको साझा उम्मेदवारको सूचीमा रौतहट-३ मा प्रभु साहको नाम राखिएको छ । यसअघि माओवादी उम्मेदवार रविन्द्र पटेलले प्रभुको लागि आफ्नो उम्मेदवारी निष्क्रिय पार्न असहमति जनाउनुभएको थियो । तर, गठबन्धनको अन्तिम सूचीमा प्रभु साहको नाम राखेर पटेलको उम्मेदवारी निष्क्रिय बनाइदिएको छ ।

## कांग्रेसको घोषणापत्र

# कोखदेखि शोकसम्मका बृहत् लक्ष्य, रोजगारी दिनेदेखि नीतिगत भ्रष्टाचारलाई पूर्णतया निरुत्साहित गर्नेसम्मका आश्वासन

- ६५ वर्षमा वृद्धभत्ता, पाँच हजार सुत्केरी भत्ता
- साढे १२ लाख रोजगारी, सात प्रतिशत आर्थिक वृद्धि
- तत्कालीन प्राथमिकतामा पाँच आर्थिक एजेण्डा
- सडक र सुरुङमार्ग प्राथमिकतामा
- ५० किलोवाट विद्युत् निःशुल्क, हरेक ५० किलोमिटरमा चार्जिङ स्टेसन
- सामरिक प्रतिस्पर्धामा संलग्न नहुने
- ओली नेतृत्वको पूर्ववर्ती सरकार इतिहासकै अनुत्तरदायी र असंवेदनशील
- संसद् विघटन नगर्ने प्रतिबद्धता



**हिमालय टाइम्स**

**काठमाडौं, १३ कात्तिक**

नेपाली कांग्रेसले आगामी एक दशकको लक्ष्य सहितको चुनावी प्रतिबद्धतापत्र (घोषणापत्र) सार्वजनिक गरेको छ । घोषणापत्रमा कांग्रेसले 'संविधान रक्षा, स्थिरता र समुन्नतिको आधार: नेपाली कांग्रेसकै नेतृत्वमा अबको सरकार' भन्ने मूलनारा दिएको छ । आगामी निर्वाचन लक्षित घोषणापत्रमा आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावबाट निर्वाचित भएपछि बन्ने सरकारले गर्ने कामको प्राथमिकता, योजना र लक्ष्य उल्लेख गरिएको छ । घोषणापत्रमा कांग्रेसले आगामी एक दशकभित्रमा नेपाललाई मध्यम आय भएको समन्यायिक मुलुक बनाउने लक्ष्यसहित समुन्नत नेपालको मार्गचित्र समावेश गरेको छ । कांग्रेसले समुन्नत नेपालका पाँच आधारहरू घोषणापत्रमा उल्लेख गरेको छ ।

लोकतन्त्रको शुद्धीकरण र सुशासन, समावेशी आर्थिक सामर्थ्य, समन्यायिक समाज र सांस्कृतिक सहअस्तित्व, जलवायु परिवर्तन, वातावरण र विपद् व्यवस्थापन, सार्वभौमिक समानता र अन्तर्राष्ट्रिय भूमिकालाई समुन्नत नेपालको दुई आधार भनिएको छ । लोकतन्त्रको शुद्धीकरण र सुशासनका लागि नीतिगत भ्रष्टाचारलाई पूर्णतया निरुत्साहित गर्ने, सम्पत्ति शुद्धीकरण एवं राजस्व अनुसन्धान जस्ता विभागहरूलाई थप प्रभावकारी बनाइने, प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा एक अधिकारसम्पन्न संयन्त्रले सदाचार पद्धतिको विकास, भ्रष्टाचारको जोखिम बढी भएका क्षेत्र र पदाधिकारीउपर निगरानी र संवैधानिक आयोगहरूमा

» पृष्ठ २ मा क्रमशः

## 'लाभको पद' लिनेलाई उम्मेदवारी दर्ता गर्न नदिने आयोगको निर्णय

# उम्मेदवारी खारेजीविरुद्ध सर्वोच्च जाने तोसिमा कार्कीको तयारी

**यज्ञराज पाण्डे/हिटा**

**काठमाडौं, १३ कात्तिक**

ललितपुर क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार रहनुभएकी डा. तोसिमा कार्कीको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरिदिएपछि आयोगको निर्णयविरुद्ध कार्की सर्वोच्च अदालत जाने तयारी गर्नुभएको छ । निर्वाचन आयोगले शनिबार कार्की उम्मेदवार हुन अयोग्य रहेको विज्ञप्ति निकालेपछि उक्त निर्णयविरुद्ध उहाँले सर्वोच्च जाने तयारी गर्नुभएको हो । कार्कीले नेपाल मेडिकल काउन्सिलको कार्यकारी सदस्य रहरे भत्ता लिएको पाइएपछि सार्वजनिक पदमा बसेर लाभ लिइरहेका व्यक्तिले राजीनामा नदिई उम्मेदवारी दिएको भन्दै आयोगले कार्कीको उम्मेदवारी खारेज गरेको थियो । तर, काउन्सिलको कार्यकारी सदस्यको पद कुनै लाभको पद नभएकाले आयोगले गरेको निर्णय गलत भएको भन्दै कार्की सर्वोच्च जान लाग्नुभएको हो । तिहार बिदापछि सर्वोच्च अदालत सुचारु भएसँगै उम्मेदवारी खारेजविरुद्ध  सर्वोच्च अदालत जाने उहाँको तयारी छ ।



### ■ किन खारेज भएको थियो डा. कार्कीको उम्मेदवारी ?

डा. कार्की २ पुस २०७८ मा मेडिकल काउन्सिलको कार्यकारी सदस्यमा निर्वाचित हुनुभएको थियो । प्रतिनिधिसभा सदस्यको चुनाव लड्ने भएपछि उहाँले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सा शिक्षाको अध्यापकबाट राजीनामा दिए पनि काउन्सिलको कार्यकारी सदस्यमा भने बहाल नै रहनुभएको छ । आयोगले काउन्सिलको कार्यकारी सदस्य लाभको पद भएको र त्यसमा कायमै रहेर उम्मेदवार हुन नसक्ने ठहर गरेको छ ।

त्यसो त मेडिकल काउन्सिल चिकित्सकहरूको पेसागत काम कारबाही नियमन गर्ने स्वायत्त र अर्धन्यायिक निकाय हो । डा. कार्कीले आफू काउन्सिलको सदस्य भई काम गरेको, बैठक भत्ताबाहेक अरू सुविधा नलिएकाले लाभको पद हो कि होइन

» पृष्ठ २ मा क्रमशः

### ■ उम्मेदवारी दर्ता भएपछि मात्र उजुरी परेकाले अहिले निर्णय गरिएको हो : आयोग

निर्वाचन आयोगका सहायक प्रवक्ता एवं उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेले उम्मेदवारी नदिँदासम्म कुनै पनि व्यक्तिको योग्यताबारे आयोगले निर्क्योल गरिदिन नमिल्ने भएकाले डा. तोसिमाको निवेदनको प्रतिउत्तर तत्काल जवाफ नदिइएको बताउनुहुन्छ । 'अब कोही व्यक्तिले म उम्मेदवार हुँदैछु, मेरो योग्यता पुग्छ कि पुग्दैन हेरिदिनु पर्‍यो भनेर आएका भरमा आयोगले उसको योग्यताको प्रमाणपत्र दिएर पठाउँदैन' सहायक प्रवक्ता एवं उपन्यायाधिवक्ता वाग्ले भन्नुहुन्छ, 'आयोगले उम्मेदवारी नपर्दै कुनै पनि व्यक्तिको योग्यताबारे अनुमानका भरमा निर्क्योल गर्न सक्दैन ।'

उपन्यायाधिवक्ता वाग्लेको भनाइमा उम्मेदवारको योग्यतामाथि निर्वाचित भइसकेपछि पनि उजुरी पर्नसक्छ

» पृष्ठ २ मा क्रमशः







महेश बस्ताकोटी



# अहिलेसम्मका निर्वाचनमध्ये गोरखा मेरो लागि सबैभन्दा सहज : प्रचण्ड

## चुनावपछिको प्रधानमन्त्री प्रचण्ड नै हो : भट्टराई



नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले आगामी चुनावपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बन्ने बताउनुभएको छ । गोरखाको सिरानचोक गाउँपालिकाको चित्रेपोखरीमा मतदाता भेटघाट कार्यक्रममा अध्यक्ष दाहालसहित पुग्नुभएका भट्टराईले यस्तो बताउनुभएको हो । ०६४ सालमा र ०७४ सालमा भएका दुई निर्वाचनमा यहाँका जनाताहरूले आफूलाई भारी मतका साथ विजयी बनाएको बताउनुभयो । तर, अब पार्टी र संगठनमा अरू कुनै ढंगबाट सक्रिय रहने उहाँले बताउनुभयो । 'अब मैले बिदा लिन्छु । एउटै मान्छे सधैँ पदमा बस्न सक्दैन र हुँदैन पनि । म अब अरू कुनै ढंगले सक्रिय हुनेछु,' उहाँले भन्नुभयो ।

आफूले निर्वाचन जितेपछि बाटो घाटो निर्माण र विकासका कामहरू भएको र केही बाँकी रहेको पनि उहाँले बताउनुभयो । यस्तै, गठबन्धनको सरकार पाँच वर्ष चल्ने र अबको प्रधानमन्त्री पुष्पकमल दाहाल हुने उहाँले बताउनुभयो । 'प्रचण्ड दुईपटक प्रधानमन्त्री भइसक्नु भएको छ । उहाँ सुयोग्य व्यक्ति हो,' उहाँले भन्नुभयो, 'अबको सरकार पाँच वर्ष गठबन्धनले चलाउँछ । अबको प्रधानमन्त्री प्रचण्ड हो ।'

यस्तै, प्रदेशसभामा कांग्रेसका सुरेन्द्रराज पाण्डे उठेको र उहाँको जित हुने उहाँले बताउनुभयो । अबको मुख्यमन्त्रीमा पाण्डेको सम्भावना रहेको उहाँले बताउनुभयो ।

**हिमालय टाइम्स**

**गोरखा, १३ कात्तिक**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले यसपटकको निर्वाचन आफ्ना लागि अहिलेसम्मकै सहज भएको बताउनुभएको छ । आइतबार गोरखामा आयोजित कार्यक्रममा उहाँले गोरखाबाट उम्मेदवार हुँदा रिल्याक्स महसुस गरेको बताउनुभयो । 'गोरखा आउन पाएकोमा गौरवान्वित भएको छु, एकदमै खुसी छु । अहिलेसम्मका निर्वाचनमध्ये मेरो लागि सबैभन्दा सहज यही हो' उहाँले भन्नुभयो, एक ढंगले यहाँ आउँदा रिल्याक्स फिल गरेको छु ।'

प्रचण्डले आफू निश्चित सपना बोकेर गोरखा आएको भन्दै अब विकास र समृद्धिको यात्रा गोरखाबाट सुरु गर्ने बताउनुभयो । नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा गोरखा-२ बाट यसअघि निर्वाचित नेता डा. बाबुराम भट्टराईप्रति प्रचण्डले कृतज्ञता व्यक्त गर्नुभयो । 'सधैँ एउटै मान्छे हुनु ठीक होइन भनेर उहाँले उदारता व्यक्त गर्नुभयो, तर मलाई यहाँ हुनुपर्छ भनेर जोड गर्नुभयो । म उहाँलाई धन्यवाद दिन चाहन्छु' प्रचण्डले भन्नुभयो ।

उहाँले आफ्नो राजनीतिक इतिहासमै पहिलोपटक यस्तो निर्वाचन हुँदै गरेको पनि उल्लेख गर्नुभयो । 'यस्तो निर्वाचन पहिलोपटक हुँदैछ । गोरखामा निश्चित सपना बोकेर



आएको छु । राजनीतिक परिवर्तन र क्रान्ति धेरै भए तर जीवनमा परिवर्तन सुशासन र गतिले लिने कुरा भनेजस्तो गरी भएन,' प्रचण्डले भन्नुभयो ।

आफू गोरखामा आउनुको उद्देश्य आन्दोलनको दृष्टिकोणले पनि महत्त्वपूर्ण जिल्ला भएको र भौगोलिक दृष्टिकोणले पनि महत्त्वपूर्ण भएको बताउनुभयो । 'त्यसकारण मेरो गोरखामा आउनुको उद्देश्य भनेको गोरखा भौगोलिक दृष्टिकोण र पछिल्लो हाम्रो आन्दोलनको दृष्टिकोणले महत्त्वपूर्ण जिल्लाभित्र पर्छ । यहाँ गठबन्धनभित्र पनि दरिलो सहकार्य भएको छ,' प्रचण्डले भन्नुभयो ।

## पार्टीभित्रैका मान्छेले छेक्दा छेक्दै पनि काम गरेर देखाएँ : ओली



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू प्रधानमन्त्री रहेका बेला पार्टीभित्रैबाट काम गर्न नदिइएको भए पनि देशमा धेरै विकास गरेको दाबी गर्नुभएको छ । आफूलाई पार्टीभित्रका मान्छेले छेक्दा छेक्दै दुई वर्ष मात्रै सरकार सञ्चालन गरेर काम गरेर देखाएको उहाँको दाबी थियो ।

आइतबार झापाको गौरादह नगरपालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले जनताको राष्ट्र निर्माणको आकांक्षालाई पूरा गर्न र जनताको सार्वभौम सत्ता स्थापित गर्न अपरिहार्य रहेको बताउनुभयो । उहाँले हिजोका काम हेरेर अबको चुनावमा नागरिकले उम्मेदवार छान्ने बताउनुभयो । पूर्वप्रधानमन्त्री ओलीले एमाले देशका लागि काम गर्ने पार्टी भएको दाबी गर्नुभयो । यस पटकको चुनावले देशको भाग्य र भविष्य निर्माण गर्ने पनि उहाँको भनाइ थियो ।

# कैलाली-३ मा पुराना दलहरूलाई नागरिक उन्मुक्तिको डर

**विराज रोस्यारा/हिटा**

**धनगढी, १३ कात्तिक**

कैलाली निर्वाचन क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यका लागि आठजना उम्मेदवार चुनावी मैदानमा छन् । मंसिर ४ गतेको चुनावमा जित हात पार्न सबै उम्मेदवार मतदातासँग भेट गर्न व्यस्त छन् । सबै उम्मेदवारले पहिलो चरणमा गाउँ-टोल र बस्तीमा पुगेर आफ्ना समर्थकको संख्याबारे आकलन गरिरहेका छन् ।

कैलाली क्षेत्र नम्बर ३ मा मुख्य रूपले चार दलको प्रतिस्पर्धा हुने अनुमान गरिएको छ । तर, पुराना दलहरूलाई नागिरक उन्मुक्ति पार्टी भारी पर्ने संकेत उक्त निर्वाचन क्षेत्रमा देखिएको छ ।

आठजना उम्मेदवार प्रतिनिधिसभा सदस्यका लागि चुनावी दौडमा रहे पनि चार जनाले आफूले नै जित्ने दाबी गरेका छन् । यो क्षेत्रमा सत्ता गठबन्धनबाट माओवादी केन्द्रका कृष्णकुमार चौधरी (कुन्दन), नेकपा एमालेबाट पूर्व मन्त्री गौरीशंकर चौधरी, नागरिक उन्मुक्ति पार्टीबाट गंगाराम चौधरी उम्मेदवार हुनुहुन्छ । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीबाट वीरेन्द्रबहादुर बम, नेपाल मजदुर किसान पार्टीबाट गंगादेवी पौडेल, नेकपा (माले) बाट परेकबहादुर रावल, रमेश आचार्य र नवीनकुमार बोहराले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ ।

तर यो पटक कैलाली-३ का मतदाताले राष्ट्रिय प्रजातन्त्र पार्टीलाई जिताउने सल्लाह गरिसकेको राप्रपाका उम्मेदवार वीरेन्द्रबहादुर बमको दाबी छ । 'यो पटक यहाँका मतदाताले पूराना दल र उम्मेदवारलाई भोट नदिने भनेका छन्,' उहाँले भन्नुभयो, 'मतदाताले चुनावमा राप्रपाको चुनाव चिन्ह हलोमा भोट दिएर वीरेन्द्रबहादुर बमलाई जिताउने सल्लाह भैसकेको छ ।'

वैशाखमा भएको स्थानीय तहको चुनावमा कैलालीमा पहिलो बनेको नयाँ दल नागरिक उन्मुक्ति पार्टी अन्य राजनीतिक दलहरूका लागि भारी पर्ने संकेत देखिएको छ । स्थानीय तहको निर्वाचनमा पूर्वी कैलालीमा आफ्नो प्रभाव देखाएको नागिरक उन्मुक्तिले प्रतिनिधिसभा सदस्यको चुनाव पनि जित्ने दाबी गरेको हो । नागरिक उन्मुक्तिसँग कुनै पनि दलले प्रतिस्पर्धा गर्न नसक्ने प्रतिनिधिसभा सदस्यका उम्मेदवार गंगाराम चौधरीले बताउनुभयो । 'हामीसँग चुनाव जित्न मुद्दा छन्, हामी नयाँ पनि छौँ, पुराना दलसँग हाम्रो प्रतिस्पर्धा नै हुँदैन,' उहाँले भन्नुभयो, 'कैलाली निर्वाचन क्षेत्र नम्बर ३ को संघ र प्रदेशमा नागरिक उन्मुक्ति पार्टीको शानदार जित हुन्छ ।'

संविधानसभा सदस्य कृष्णकुमार चौधरी कुन्दन पाँच दलीय गठबन्धनका साझा उम्मेदवार हुनुहुन्छ । उहाँले कैलाली-३ मा गठबन्धन दलको सबैभन्दा बढी मत रहेकाले दुई तिहाइले विजयी हुने दाबी गर्नुहुन्छ । 'यो क्षेत्रमा सबैभन्दा बलियो गठबन्धन हो, हामीसँग अरूको तुलना नै हुन्न, उहाँले भन्नुभयो, यो क्षेत्रमा हामी दुई तिहाइ मतले जित्छौँ ।'

कैलाली-३ मा २०७० र २०७४ मा पूर्वमन्त्री गौरीशंकर चौधरीले माओवादी केन्द्रबाट चुनाव जित्नुभएको थियो । नेकपा माओवादी केन्द्रबाट दुईपटक जित्नुभएका चौधरी अहिले भने नेकपा एमालेका उम्मेदवार हुनुहुन्छ । उहाँ तेस्रोपटक चुनाव जित्ने दाउमा हुनुहुन्छ । निर्वाचन क्षेत्रमा आफूले सुरु गरेका विकास निर्माणका काम पूरा गर्न जनताले फेरि मत दिने विश्वास नेकपा एमालेका उम्मेदवार चौधरीको छ ।

## बस दुर्घटनामा...

« पृष्ठ १ बाट क्रमशः

नारायणघाटमा उपचार भइरहेको छ । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको बताइएको छ ।

मनकामना जाँदै गरेको नारायणी यातायात प्रालिका दुई बसमध्ये एउटा अगाडि बढेको हो र एउटा दुर्घटनामा परेको हो । बस आइतबार बिहान ३ बजेको समयमा दुर्घटनामा परेको थियो । हुँगीबाट बस राति ९ बजे मनकामना दर्शनका लागि हिँडेका थियो । बसमा चालकसहित ३५ जना सवार थिए । अनियन्त्रित भई सडकबाट खसेको बस झण्डै सय मिटर तल भीरमा अड्किएको थियो । घाइतेको स्थानीय र प्रहरीले उद्दार गरेका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । बसमा रम्भा-१ हुँगीअन्तर्गत बिसौना, च्याङलिङ र गैरी क्षेत्रका दर्शनार्थी रहेका थिए । दुर्घटनासँगै पूरै गाउँ शोकमा डुबेको छ । यसैबीच, प्रधानमन्त्री शेरबहादुर देउवाले सवारी दुर्घटनप्रति दुःख व्यक्त गर्नुभएको छ । 'पाल्पाको रम्भा गाउँपालिकाको हुँगीबाट मनकामना जाँदै गरेको बस दुर्घटनामा परेको खबरले स्तब्ध भएको छु,' प्रधानमन्त्री देउवाले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ, 'दुर्घटनामा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्दछु ।' घाइतेहरूको तत्काल उपचारको प्रबन्ध गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको समेत उहाँले जनाउनुभएको छ ।

## शतप्रतिशत साझा...

« पृष्ठ १ बाट क्रमशः

सत्ता गठबन्धनका दलहरूबीच प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्र भागबण्डा भए पनि ११ स्थानमा भने प्रतिस्पर्धा हुने भएको छ । जसअनुसार सत्ता गठबन्धनकै दलहरूबाट दुईजनाको उम्मेदवारी परेपछि प्रतिनिधिसभातर्फ दुई र प्रदेशसभातर्फ नौ स्थानमा मित्रवत प्रतिस्पर्धा गर्ने निर्णयमा गठबन्धन पुगेको छ । सत्तारूढ दलका शीर्ष नेताहरूले शुक्रबार सार्वजनिक गरेको सूचीमा पनि उक्त कुरा उल्लेख छ ।

## सत्ता गठबन्धनका...

« पृष्ठ १ बाट क्रमशः

राजन केसीलाई पछि हटाउन कांग्रेस मानेन । अञ्जनाले माओवादी अध्यक्ष दाहालकै सहमतिमा यो क्षेत्रमा उम्मेदवारी दर्ता गराएको बताइएको छ । दाहालले नै दिएको टिकट लिएरै मनोनयन गर्नुभएकी अञ्जनाको उम्मेदवारी कायम भएपछि यहाँ सत्ता गठबन्धनबीच प्रतिस्पर्धा हुने भएको छ । त्यसैगरी, जसपाले सत्ता गठबन्धन छाडेपछि भित्रिएको लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले पनि सत्ता गठबन्धनकै उम्मेद्वारसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । सर्लाही क्षेत्र नम्बर २ मा सत्ता गठबन्धनले नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवलाई समर्थन गर्ने निर्णय लिएपछि जसपाको स्थानमा लोसपा बालुवाटार छिरे पनि धनुषाबाट सर्लाही फर्किनुभएका महतोले सत्ता गठबन्धनसँगै प्रतिस्पर्धा गर्नुपर्ने भएको हो ।

## प्रदेशसभातर्फ...

« पृष्ठ १ बाट क्रमशः

एकीकृत समाजवादीका लालबहादुर खड्काबीच मित्रवत प्रतिस्पर्धा हुने उल्लेख छ । त्यसैगरी, कञ्चनपुर-३ 'क' मा नेकपा एकीकृत समाजवादी पार्टीका प्रकाश रावल र नेकपा माओवादी केन्द्रका टेकेन्द्रप्रसाद भट्टबीच मित्रवत प्रतिस्पर्धा हुने भनिएको छ । काठमाडौं-३ 'ख' मा नेपाली कांग्रेसका विमल ठकुरी र माओवादी केन्द्रका महेश्वर फुँयाल, काठमाडौं-५ ' ख' मा कांग्रेसका श्यामबहादुर खड्का र एकीकृत समाजवादीका बालकृष्ण श्रेष्ठबीच मित्रवत प्रतिस्पर्धा गराउने शीर्ष नेताहरूबीच सहमति बनेको छ । यस्तै, काठमाडौं-६ 'ख' मा कांग्रेसका विष्णुभक्त तिमिल्सिनाले माओवादीका प्रकाश फुँयाल र काठमाडौं-१० 'क' मा कांग्रेसका पुकार महर्जनले माओवादीका दिलीप महर्जनसँग मित्रवत प्रतिस्पर्धा गर्नुपर्ने भएको छ ।

सत्ता गठबन्धनका शीर्ष नेताहरूले सार्वजनिक गरेको साझा उम्मेदवारहरूको सूचीअनुसार पर्सा-३ 'ख' मा कांग्रेसका जनार्दन सिंह क्षेत्री र एकीकृत समाजवादीका प्रहलाद गिरी, बारा-१ 'ख' मा कांग्रेसका नागेन्द्रप्रसाद र एकीकृत समाजवादीका बतहु यादव तथा सर्लाही-१ 'क' माओवादीका रामचन्द्र सिंह कुसवाह र लोसपाका उपेन्द्र महतोबीच मित्रवत प्रतिस्पर्धा हुँदैछ ।

## माओवादी केन्द्रको...

« पृष्ठ १ बाट क्रमशः

आधिकारिक उम्मेदवारको सूचीमा काठमाडौं ३ मा प्रतिनिधिसभामा कांग्रेसका सन्तोष चालिसे र प्रदेशसभा १ मा कांग्रेसका छिरिङ दोर्जे लामाको नाम राखिएको छ । त्यस्तै, प्रदेशसभा क्षेत्र २ मा कांग्रेसका विमल ठकुरी र माओवादी केन्द्रका महेश्वर फुँयालबीच मित्रवत प्रतिस्पर्धा गर्ने भनिएको छ । गठबन्धनको सिट बाँडफाँटमा सो क्षेत्र माओवादीको भागमा परे पनि कांग्रेसले ठकुरीलाई उम्मेदवार बनाएपछि दोहोरो उम्मेदवारी परेको हो । नेकपा माओवादी केन्द्रको काठमाडौं क्षेत्र नम्बर ३ क्षेत्रीय कमिटीका इन्चार्जसमेत रहनुभएका प्रदेशसभा उम्मेदवार महेश्वर फुँयालले प्रेसविज्ञप्ति जारी गर्दै कांग्रेसले विमल ठकुरीको उम्मेदवारी निष्क्रिय बनाएर प्रदेशसभा २ मा माओवादी केन्द्रलाई समर्थन जनाए मात्र प्रतिनिधिसभा र प्रदेशसभा १ मा कांग्रेसलाई सघाउन सकिने बताउनुभएको छ । माओवादी केन्द्रबाट प्रतिनिधिसभामा बद्री बजगाईं र प्रदेशसभा १ तर्फ कपिलमुनी उप्रेती उम्मेदवार हुनुहुन्छ । गठबन्धनका शीर्ष नेताको बैठकले बजगाईं र उप्रेतीको उम्मेदवारीलाई गठबन्धनको लिष्टमा नराखे पनि स्थानीय माओवादी नेतृत्वले मित्रवत प्रतिस्पर्धाका नाममा कांग्रेसलाई छाड्न नसकिने जनाएको छ ।

प्रदेशसभा उम्मेदवार महेश्वर फुँयालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यदि नेपाली कांग्रेसले सहमतिबेगर दर्ता गरेको प्रदेश क्षेत्र (२) को उम्मेदवारी फिर्ता लिन्छ भने माओवादी केन्द्र पनि संघ र प्रदेश (१) को उम्मेदवारी फिर्ता लिन तयार छ । यदि नेपाली कांग्रेसले मित्रवत प्रतिस्पर्धाका नाममा माओवादी केन्द्रको भागमा परेको प्रदेश (२) बाट आफ्नो उमेदवारलाई पूर्ण रूपमा निष्क्रिय गर्दैन हाम्रो तीनवटै सिटको उम्मेदवारी कायम रहनेछ र हामी तीनैजना भोट माग्दै मतदाताबीच सशक्त रूपमा जानेछौँ ।'

## कांग्रेसको घोषणापत्र...

« पृष्ठ १ बाट क्रमशः

सिफारिस गर्न सक्ने व्यवस्था गर्ने प्रतिबद्धता कांग्रेसले गरेको छ ।

### ६५ वर्षमा वृद्धभत्ता, पाँच हजार सुत्केरी भत्ता

कांग्रेसले कोखदेखि शोकसम्म नारा दिएर सामाजिक सुरक्षाको अवधारणा ल्याएको छ । कांग्रेसले भनेको छ, 'सबल स्वास्थ्य, पोषण, शिक्षा र सामाजिक सुरक्षामा राज्यको प्रभावकारी भूमिका, दक्ष जनशक्ति, दिगो वित्तीय सुनिश्चितता र सामुदायिक अपनत्व हामीले अवलम्बन गर्ने पद्धतिका अंश हुनेछन् ।' कांग्रेसले अर्को आठ वर्षमा नेपाली जनताको औसत आयु ७५ वर्षको हाराहारीमा पुऱ्याउने लक्ष्य लिएको छ । नेपाली कांग्रेसले तीन वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गर्ने चुनावी वाचा गरेको छ । पाँच वर्षभित्र सबै नागरिकको बिमा र बिमामार्फत गम्भीर प्रकृतिका रोगको उपचार सुनिश्चित गर्ने प्रतिबद्धता कांग्रेसले व्यक्त गरेको छ । बिमाको दायरा बढाएर १० लाख पुऱ्याउने कांग्रेसको घोषणापत्रमा उल्लेख छ ।

६५ वर्ष माथिका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अतिविपन्न, अतिअशक्त, एकल महिला, महिला तथा स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क बिमा गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । कांग्रेसले सामाजिक सुरक्षाको कार्यक्रम 'कोखदेखि शोकसम्म' प्रस्ताव गरेर वृद्धभत्ता ६५ वर्षमै दिने प्रतिबद्धता घोषणापत्रमा गरेको छ ।

### साढे १२ लाख रोजगारी, सात प्रतिशत आर्थिक वृद्धि

कांग्रेसले आगामी पाँच वर्ष भित्रमा साढे १२ लाख रोजगारी सिर्जना गर्ने चुनावी प्रतिबद्धता व्यक्त गरेको छ । चुनावी घोषणापत्रमा उल्लेख छ, 'व्यापक रोजगारीको सम्भावना बनेको क्षेत्रहरूमा सूचना प्रविधि, उद्योग, पर्यटन, निर्माण र यातायात, वित्तीय क्षेत्र, खनिज, कला तथा मनोरञ्जनलगायत अन्य सेवा क्षेत्रमा वार्षिक दुई लाख ५० हजार नयाँ रोजगारी सिर्जना गर्ने संकल्प गर्दछ ।' यससँगै कांग्रेसले न्यूनतम वार्षिक सात प्रतिशतको आर्थिक वृद्धि गराउने र त्यसका लागि 'ओम्निबस' आर्थिक सुधारको नयाँ चरण सुरु गर्ने प्रतिबद्धता गरेको छ ।

### तत्कालीन प्राथमिकतामा पाँच आर्थिक एजेण्डा

कांग्रेसले पार्टी नेतृत्वमा सरकार बनेपछिका तत्कालीन र दीर्घकालीन महत्त्वका काम घोषणा गरेको छ । कांग्रेसले चुनावपछिको नयाँ सरकार बन्नासाथ गर्ने भनेर पाँचवटा तात्कालिक आर्थिक एजेण्डा प्रस्तुत गरेको छ । आयात, कर्जा र मुद्रास्फीतिको चाप, सार्वजनिक आय र खर्च, औद्योगिक पूर्वाधार, नेपाली उत्पादन प्रवर्द्धन र डिजिटलाइजेसन, रोजगारीका लागि सीप र स्वच्छ ऊर्जाको क्षेत्रीय खपतलाई तात्कालिक प्राथमिकताका पाँच आर्थिक एजेण्डा कांग्रेसले प्रस्तुत गरेको छ । घोषणापत्रमा भनिएको छ, 'भूमिलाई आन्तरिक उत्पादनसँग जोड्ने, कर्जा वृद्धि र आर्थिक वृद्धि बीचको तादाम्यतालाई सघन बनाउने र जग्गा कारोबारजन्य अवैध आयलाई चोख्याउने बाटो बन्द गर्ने जस्ता व्यापक मौद्रिक सुधारको अगुवाइ राष्ट्र बैंकको परामर्शमा नेपाली कांग्रेसले गर्नेछ ।'

### सडक र सुरुङमार्ग प्राथमिकतामा

कांग्रेसले घोषणापत्रमा पूर्वाधार विकासका महत्त्वाकांक्षी योजना समावेश गरेको छ । पूर्वपश्चिम लोकमार्ग र मुग्लिङदेखि पोखरासम्मको लोकमार्ग चार लेनको बनाउने, निजगढ-काठमाडौं द्रुतमार्ग सञ्चालनमा ल्याउने, हुलाकी सडक, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्ग सम्पन्न गर्ने योजना प्रतिबद्धता कांग्रेसले सार्वजनिक गरेको छ । मनाङ-मुस्ताङ हुँदै जुम्ला जोड्ने सडकको अधिकांश भाग निर्माणको काम सक्ने, उत्तर-दक्षिण मार्गहरू(मेची कोरिडोर, कोशी कोरिडोर, सगरमाथा कोरिडोर, तमोर कोरिडोर, कालीगण्डकी कोरिडोर, भेरीकोरिडोर,कर्णाली कोरिडोर, महाकाली कोरिडोर) सम्पन्न गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ ।

### ५० किलोवाट विद्युत् निःशुल्क, हरेक ५० किलोमिटरमा चार्जिङ स्टेसन

कांग्रेसले विद्युतीय प्रसारण लाइनको निर्माणमा उल्लेख्य प्रगति गर्दै आगामी पाँच वर्षभित्र कुल जडित क्षमता १० हजार मेगावाट पुऱ्याउने र प्रत्येक नेपालीको घरमा बिजुली पुऱ्याई औसत प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १२०० किलोवाट आवर पुऱ्याउने लक्ष्य सार्वजनिक गरेको छ । कांग्रेसले सार्वजनिक गरेको संकल्प पत्रमा भनिएको छ, 'विपन्न परिवारहरूले प्रयोग गर्ने विद्युत्को हकमा मासिक ५० किलोवाट आवरसम्म निःशुल्क दिइनेछ । परम्परागत इँटाभट्टालाई विद्युतीय भट्टाले, ग्यास चुलोलाई विद्युतीय चुलोले विस्थापित गर्दै लगिनेछ । नयाँ पेट्रोल पम्पहरूमा विद्युतीय चार्जिङ स्टेसन राख्न अनिवार्य गरिनेछ र हरेक ५० किलोमिटर सडक खण्डमा कम्तीमा एक चार्जिङ स्टेसन हुने व्यवस्था मिलाइनेछ ।'

कांग्रेसले मुलुकभर ७६५ केभी तथा ४०० केभीका उच्च गुणस्तरका ट्रान्समिसन लाइन निर्माण गरिने, बूढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमै बनाउँदै अन्य पहाडी प्रदेशमा पनि एक जलाशययुक्त आयोजना निर्माण गरिने र पाँच वर्षभित्र सबै महानगरहरूमा अधिकांश गाडी विद्युतीय हुने योजना सार्वजनिक गरेको छ । आगामी पाँच वर्षमा वार्षिक २० लाख पर्यटक, दैनिक पर्यटक खर्च १०० डलर,कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान पाँच प्रतिशत पुऱ्याउने लक्ष्य कांग्रेसले सार्वजनिक गरेको छ ।

राजनीतिक रूपमा कांग्रेसले यसपटक अन्य दलहरूप्रति हेरिने दृष्टिकोण बदलेको छ । गठबन्धनको मुख्य प्रतिस्पर्धी एमालेबाहेक अन्य दलप्रति उसले आरोप-प्रत्यारोप गरेको छैन ।

### सामरिक प्रतिस्पर्धामा संलग्न नहुने

कांग्रेसले राष्ट्रिय सहमतिका आधारमा विदेश नीति निर्माण गर्न विभिन्न सिद्धान्त र नीति अनुशरण गर्ने धारणा सार्वजनिक गरेको छ । कांग्रेसले कुनै पनि देशसँग प्रतिरक्षा, सैन्य तथा सुरक्षा साझेदारी वा गठबन्धन नेपालको नीति नभएको वास्तविकताप्रति आफ्नो दृष्टिकोण रहेको स्पष्ट पारेको छ । कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा सवाल तथा शक्ति राष्ट्रहरूबीचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न नहुने कांग्रेसले घोषणापत्रमा उल्लेख गरेको छ ।

### ओली नेतृत्वको पूर्ववर्ती सरकार इतिहासकै अनुत्तरदायी र असंवेदनशील

नेपाली कांग्रेसले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पूर्ववर्ती सरकार जस्तो अनुत्तरदायी र असंवेदनशील सरकार नेपालको इतिहासमै नभएको टिप्पणी गरेको छ । चुनावी घोषणापत्रमा कांग्रेसले ओली नेतृत्वको पूर्ववर्ती सरकारको कडा आलोचना गर्दै कोरोना महामारीमा भएको मानवीय क्षतिमा तत्कालीन सरकार र पूर्वप्रधानमन्त्री ओली प्रमुख रूपमा जिम्मेवार भएको आरोप पनि लगाएको छ ।

### संसद् विघटन नगर्ने प्रतिबद्धता

कांग्रेसले गैरसंवैधानिक तरिकाबाट पूरा कार्यकाल सकिनु अगाडि नै संसद् विघटन नगर्ने घोषणापत्रमा प्रतिबद्धता जनाएको छ । घोषणापत्र मस्यौदा समितिका संयोजकसमेत रहनुभएका कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक दलहरूबीचमा हुने द्वन्द्वको आधारमा संसद्लाई मेट्न नदिने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो, 'हामीले मानिसलाई केन्द्रमा राखेका छौँ, समग्र समृद्धिका संरचनाले मान्छेलाई सम्बोधन गर्छ कि गर्दैन भन्ने कुरालाई हामीले केन्द्रमा राखेका छौँ ।'

### आज तीन दलको घोषणापत्र जारी हुँदै

यसैबीच, आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि तीन राजनीतिक दलले आज घोषणापत्र जारी गर्दैछन् । आज नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनावी घोषणापत्र जारी गर्न लागेका हुन् । माओवादीले आज केन्द्रीय कार्यालय पेरिसडाँडामा ३ बजे कार्यक्रम गरेर 'प्रतिबद्धतापत्र' सार्वजनिक गर्ने जनाएको छ । एकीकृत समाजवादीले पनि पार्टी केन्द्रीय कार्यालयमा नै घोषणापत्र सार्वजनिक गर्न लागेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले भने बिहान ११:३० बजे काठमाडौं नयाँ बानेश्वरमा रहेको पार्टी प्यालेसमा घोषणापत्र सार्वजनिक गर्ने कार्यक्रम राखेको छ । एमालेले भने घोषणापत्र ल्याउने मिति तय गरिसकेको छैन ।

**आज मिति २०७९ साल कार्तिक १४ गते सोमबार, ई.सं.- २९ अक्टोबर, २०२२ । तिथि- कार्तिक शुक्लपक्ष सप्तमी, नक्षत्र - पूर्वाषाढा, ८:५९ बजे उप्रान्त उत्तराषाढा, योग- धृति, करण- गर, चन्द्रराशि- धनु, सूर्योदय: ६:१४, सूर्यास्त: १७:१९ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

| | |
|---|---|
| मेष : | सामाजिक काममा प्रशंसित हुने अवसर पनि पाइने छ । |
| वृष : | इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ । |
| मिथुन : | आतिथ्यपूर्ण सम्मान र मिठो भोजनको प्राप्ति हुनेछ । |
| कर्कट : | दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ । |
| सिंह : | यात्रामा पनि झण्झट आइलाग्नेछ । |
| कन्या : | पराक्रम र उत्साहमा कमी आउनेछ । |
| तुला : | अतिथिका रूपमा सम्मान पाइनेछ । |
| वृश्चिक : | सामान हराउने वा चोरी हुने सम्भावना छ । |
| धनु : | परिवारका सदस्य बिरामी पर्नाले तनाव उत्पन्न हुनेछ । |
| मकर : | आँटेताकेका काममा बाधा हुनेछ । |
| कुम्भ : | सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । |
| मीन : | प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ । |

## किन खारेज...

« पृष्ठ १ बाट क्रमशः

भन्ने निर्क्योल गरिदिन निवेदनमा आग्रह गर्नुभएको थियो । तर, आयोगले कुनै जवाफ दिएन । 'निजको कुनै मासिक तलब नहुने तर उपस्थित भएको बैठकको भत्ता र अनुगमन गर्दाको भ्रमण भत्ता उपलब्ध गराइने व्यवस्थाबमोजिम डा. तोसिमा कार्कीले भत्ता बुझेको पाइयो', आयोगको निर्णयमा भनिएको छ, 'आफ्नै स्वघोषणाको प्रतिकूल हुने गरी डा. कार्कीले नेपाल मेडिकल काउन्सिलबाट बैठक भत्ता र भ्रमण भत्ता लिनु खानु गरिरहेको देखिएकाले निजले सार्वजनिक पद धारण नगरेको र लाभको पदमा बहाल नरहेको भन्ने देखिन आएन । निज डा. कार्कीको उम्मेदवारी अयोग्य हुने गरी आयोगबाट निर्णय भएको छ ।'

तोसिमाले भने आफूले २८ भदौ २०७९ मै निवेदन दिएर आफ्नो पदबारे निर्क्योल गरिदिन आग्रह गरेको, तर निर्वाचन आयोगले मौनता साँधेको आरोप लगाउनुभयो । उहाँले आफू काउन्सिलको सदस्य भई काम गरेको, बैठक भत्ताबाहेक अरू सुविधा नलिएकाले लाभको पद हो कि होइन भन्ने निर्क्योल गरिदिन निवेदनमा आग्रह गर्नुभएको थियो । २३ कात्तिकमा उम्मेदवारी दिनुअघि आफूले पदबाट राजीनामा दिनुपर्ने वा नपर्ने सुझाव दिन आग्रह गर्नुभएको थियो । तर, आयोगले कुनै जवाफ नदिएको उहाँको भनाइ छ ।

त्यसपछि डा. तोसिमाले उम्मेदवारी दिनुभयो । उम्मेदवारीमाथि दाबी विरोधका क्रममा निर्वाचन अधिकृतको कार्यालयमा उहाँविरुद्ध कुनै उजुरी परेन । अन्तिम नामावली प्रकाशन र चुनाव चिन्ह प्रदान भएपछि डा. तोसिमा ढुक्क भएर निर्वाचन प्रचारप्रसारमा लाग्नुभयो । त्यसपछि उहाँविरुद्ध काउन्सिलमा लाभको पदमा बसेर उम्मेदवारी दिएको भनी उजुरी पऱ्यो । ललितपुर-३ निर्वाचन अधिकृतको कार्यालयले उहाँसँग स्पष्टीकरण सोध्यो, अनि थप निर्णय गर्नु भनी सबै कागजात निर्वाचन आयोगमा पठाइदिएको थियो । निर्वाचन आयोगले उहाँको उम्मेदवारी खारेज गऱ्यो ।

आयोगले समयमै निर्णय नदिएर अहिले उम्मेदवारी रद्द गर्नु गलत भएको डा. तोसिमाको टिप्पणी छ । निर्वाचन आयोगको यही निर्णयमाथि डा. तोसिमा र उहाँ पक्षधरले तीनवटा प्रश्न उठाएका छन् । पहिलो, सुरुमै आयोगमा निवेदन दिँदा मौन रहेको र कुनै जवाफ नदिएको निर्वाचन आयोगले पछि कसरी उम्मेदवारी खारेज गर्नसक्छ ? दोस्रो, उम्मेदवारीविरुद्ध दाबीविरोध पर्ने अवधि सकिएको अवस्थामा कसरी उम्मेदवारी खारेज हुन्छ ? र तेस्रो, बैठक र भ्रमण भत्ता लिएकै कारण लाभको पदमा रहेको अर्थ लगाउने हो भने अहिले उम्मेदवारी दिएका प्रधानमन्त्री र मन्त्रीहरूले तलब सुविधा लिए कि लिएनन् ? लिएको भए निर्वाचन आयोगले उनीहरूको उम्मेदवारी खारेज गर्न सक्छ कि सक्दैन ?

## उम्मेदवारी दर्ता...

« पृष्ठ १ बाट क्रमशः

र त्यसका आधारमा छानबिन गर्ने निकायसमेत फरक फरक हुन्छन् । मनोनयनकै क्रममा दाबी विरोधसहित उजुरी परेमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले स्पष्टीकरण सोधेर योग्यता निर्क्योल गर्न सक्छ, अयोग्य देखिए उम्मेदवारी खारेज गर्छ । रुपन्देही-२ मा एकीकृत समाजवादीका राजु गुरुङको उम्मेदवारी खारेजीको निर्णय निर्वाचन अधिकृतबाट भएको थियो ।

अन्तिम नामावली प्रकाशित भई निर्वाचन चिन्ह दिइसकेपछि पनि उम्मेदवारविरुद्ध उजुरी पर्न सक्छ । दाबी विरोधको प्रक्रिया सकिएपछि पनि उम्मेदवारी खारेजीको अधिकार निर्वाचन अधिकृतलाई रहन्छ । त्यस्तो उजुरी परेमा निर्वाचन अधिकृतले स्पष्टीकरण सोधेर सबै कागजात निर्वाचन आयोगमा पठाउँछ । प्रतिनिधिसभा सदस्य ऐन, २०७४ अनुसार आयोगले एक साताभित्र त्यो विवाद टुंग्याउनुपर्छ । उपन्यायाधिवक्ता वाग्ले भन्नुहुन्छ, 'अहिले ललितपुर-३ मा उहाँ (डा. तोसिमा कार्की) को हकमा त्यही भएको हो ।'

आफूले कानुन र कार्यविधि मिचेर उम्मेदवारीको बारेमा निर्णय नगरेका वाग्लेको दाबी छ । उहाँ भन्नुहुन्छ, 'हाम्रो निर्णयमाथि सर्वोच्च अदालतमा प्रश्न उठेमा समेत हामीले प्रतिरक्षा गर्ने तयारी गरेका छौँ ।'

### के छ संवैधानिक प्रावधान ?

प्रतिनिधिसभामा सदस्य पदको उम्मेदवारको योग्यताबारे नेपालको संविधानको धारा ८७ मा व्यवस्था गरिएको छ । धारा ८७ को उपधारा १को (ङ)मा कुनै पनि व्यक्ति उम्मेदवार रहँदाको अवस्थामा लाभको कुनै पदमा बहाल नरहेको भनी उल्लेख गरिएको छ । जसअन्तर्गत ' लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्छ भनी व्यवस्था गरिएको छ । संविधानको यही प्रावधानलाई आधार मानेर उम्मेदवारी खारेज गरिएको आयोगको दाबी छ ।

# महाकाली नदीमा पुल नबन्दा दशकौँदेखि सास्ती भोग्दै स्थानीय



**टेकराज अवस्थी / हिटा**

**डडेलधुरा, १३ कात्तिक**

सीमावर्ती नदी महाकालीमा पुल नबन्दा दशकौंदेखि डडेलधुराका जनताले सास्ती भोगिरहेका छन् । जिल्लाको भित्री मधेशअन्तर्गत पर्शुराम नगरपालिकाको वडा नं. ५ पर्शुरामधाम क्षेत्रका जनताले पक्की पुल बन्ने भाषण सुनेको तीन दशक बितिसक्यो तर आश्वासन भाषणमा सीमित रहेको स्थानीय तथा पर्शुरामका पुजारी देवदत्त भट्ट बताउनुहुन्छ ।

हरेक चुनावमा आश्वासनको चाङ लाग्ने पर्शुराम क्षेत्रमा दुईदेशीय नदी महाकालीमा या त जोखिम मोलेर टायरट्युबमा तर्नुपर्छ या त वञ्चितमा पर्नुको विकल्प नभएको स्थानीय समाजसेवी प्रेमबहादुर चन्द बताउनुहुन्छ । केही वर्षपहिलेसम्म दुवै देशको सहमतिमा काठे डुंगासम्म सञ्चालन भए पनि हाल उक्त डुंगा पनि नहुँदा स्थानीयले दैनिक उपभोग्य वस्तु सस्तोमा पाइने छिमेकी बजार जान समस्या भएको स्थानीय मदन नाथको भनाइ छ ।

यस्तै, पर्शुराम नगरपालिकाको वडा नं. ५ परिगाउँ अथवा महाकाली नदी क्षेत्रका जनतालाई शुद्ध पिउने पानी र धान गहुँ उत्पादनका लागि उर्वर भूमिमा सिँचाइको समेत असुविधा भएको स्थानीयले गुनासो गरेका छन् ।

स्थानीय भन्छन्, 'महाकाली नदीको पर्शुरामघाटमा पक्की पुल बनाउने वाचा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले दुई दशकभन्दा अघिको निर्वाचनमा बोल्नुभएको थियो । तर, पक्की त कता हो कता सामान्य झोलुंगे पुलसम्म पनि निर्माण भएन ।'

सीमावर्ती क्षेत्रका जनताबाट भोट माग्न हरेक समयमा झुट बोल्दै विकासको आश्वासन र प्रलोभन देखाए तर काम गरेर देखाउन नसकेपछि राजनीतिप्रति आमसर्वसाधारणको खिन्नता बढेको परिगाउँवासीको अनुभूति रहेको छ । जिल्लाको आधा जनसंख्या रहेको भित्री मधेशको पर्शुराम क्षेत्रमा सीमावर्ती नदी महाकालीमा बर्सेनि बढ्ने पानीको सतहका कारण स्थानीयलाई आवतजावत गर्न असम्भवप्राय: मात्र छैन, दैनिक जनजीवन पनि प्रभावित भएको छ ।

# पहिरोपीडितलाई छोएन तिहारले

## भन्छन्, 'न दिनमा भोक न रातमा निद्रा, बासकै छ चिन्ता'

**रामचन्द्र रायमाझी / हिटा**

**पाल्पा, १३ कात्तिक**



*पहिरो गएको निस्दी-३ झिरुवास क्षेत्र ।*

वल्लो-पल्लो गाउँमा तिहारको रौनक छायो । सबैले आ-आफ्ना घर फूलले सिँगारे, बत्तीले झिलिमिली पारे र सबैतिर दाजुभाइ, दिदीबहिनी जम्मा भएर तिहार मनाए । तर, पाल्पाको निस्दी गाउँपालिका-३ झिरुवासका पहिरोपीडितलाई भने तिहारले छुन सकेन । उनीहरूमा तिहारको कुनै रौनक नै देखिएन । देखियो त एउटै चिन्ता, अब जाडो कसरी काट्ने ? २२ असोज ०७९ मा आएको अकल्पनीय पहिरोका कारण यहाँका ३८ घरपरिवार विस्थापित हुन पुगे । अहिले उनीहरूलाई बासकै चिन्ता छ ।

निस्दी गाउँपालिका-३ क्याङरुङस्थित डाँडाथरका बेगबहादुर पल्लीलाई यतिबेला न भोक न निद्रा भएको छ । गाउँघरमा चाडपर्व र चुनावी चहलपहल छ तर यहाँका पल्लीजस्तै ३८ परिवारलाई भने बासकै चिन्ताले सताएको छ । 'हामीलाई तिहार र चुनाव आए, गएको केही थाहा नै छैन,' पल्लीले गहभरि आँसु बनाउँदै भन्नुभयो , 'अब बालबच्चा कसरी पाल्ने हो ! गाईवस्तु कहाँ लगेर राख्ने हो भन्ने मात्रै चिन्ता छ ।' पहिरोका कारण घरबारविहीन भएपछि आफूहरू छिमेकीको घरमा बस्न बाध्य भएको उहाँले बताउनुभयो । 'हामी बस्दै आएको घर पहिरोले बस्न नहुने भयो,' पल्लीले भन्नुभयो, 'घर बनाउनलाई जग्गा पनि सग्लो छैन । कतिञ्जेल अरूकोमा गएर गुजारा चलाउने ?' उहाँले सरकारले घर बनाउन जग्गा दिए ठूलो राहत मिल्ने बताउनुभयो । अर्कासँग ऋण काढेर दु:खले बनाएको घर सदाका लागि गुमाउनुपर्दा आफूलाई जीवनभर पीडा थपिदिएको गुनासो उहाँको छ । 'कमाउने आधार केही छैन, बल्लतल्ल दु:खले बनाएको घरको ऋण तिर्न अझसम्म सकेको छैन, त्यही घर पनि पहिरोले गर्दा बस्नै नहुने भयो ।' पहिराले बेगबहादुरको तीनजनाको परिवार बिचल्लीमा परेको छ । चार वर्षअघि ऋण खोजेर बनाएको पक्की घर पहिराको चपेटामा परेपछि उहाँको परिवार अहिले बिचल्लीमा छ । पालिकाबाट एउटा सानो त्रिपालबाहेक अन्य राहत अहिलेसम्म केही नपाएको उहाँ बताउनुहुन्छ । खगीसरा सोतीको पनि पहिरोले घर पुरिदिएको छ । अहिले उहाँलाई पनि बासकै पिरलो छ । सोतीलाई असोज २२ गते सम्झँदा अझै निद्रा लाग्दैन । स्थानीय ललिता सोतीको पहिरोदेखि झण्डै ८ सय मिटरमाथि रहेको घर चर्किएको छ । जगैबाट घर चर्किएपछि अहिले उहाँको परिवार छिमेकीको शरणमा छ ।

युगबहादुर पल्लीको घर पनि पहिरोले चर्किएपछि पूरै जोखिममा छ । घरसहित बारी पहिराको जोखिममा परेपछि १२ जना परिवारको जीविकोपार्जन कसरी गर्ने भन्ने चिन्ताले सताएको उहाँ बताउनुहुन्छ । अहिले अरूको घरमा बस्दै आए पनि त्यहाँ पनि पर्याप्त बस्ने ठाउँ नहुँदा पीडितलाई थप समस्या निम्तिएको छ । गाउँका अधिकांशको सरसामान, गाईवस्तु छिमेकीको घरमा सारिएको छ ।

डाँडाथरका बस्ती तलको भागबाट पहिरो खस्दा सिंगो गाउँ नै पहिराको जोखिममा परेको हो । गाउँका अन्य आसपासका घरहरूमा पनि जोखिम उत्तिकै छ । विस्थापित परिवारका सदस्य आफन्त, छिमेकी तथा विद्यालयका भवनमा बसोबास गरिरहेका छन् । तीनै तहका सरकारले पहिरोपीडितको राहतका लागि खासै चासो देखाएको देखिँदैन । जिल्ला प्रशासन कार्यालयले भने केही नगद सहयोग गरेको छ । प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तका अनुसार पाँच हजारदेखि २० हजार रुपैयाँसम्म नगद सहयोग गरिएको छ । 'तत्कालीन राहतका लागि रकम दिइएको हो,' उहाँले भन्नुभयो, 'क्षतिको मुचुल्काका आधारमा तत्कालीन राहतबाट केही सहयोग पुग्छ भन्नेछ ।' स्थानीयले सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्न माग गरेको प्रजिअ पन्तले बताउनुभयो । 'हामीले भू तथा जलाधार कार्यालय र अन्य निकायबाट समेत यहाँको बस्ती अध्ययन गर्नेछौं,' उहाँले भन्नुभयो, 'त्यसपछि मात्र के गर्ने भन्ने निष्कर्ष निकालिनेछ ।' गत असोज २२ गते राती खसेको पहिरोले यहाँका ३८ घरपरिवार विस्थापित भएका छन् । यहाँ कम्तीमा पाँच सय मिटर चौडाइ र एक हजार पाँच सय मिटर लम्बाइको पहिरो खसेको छ । पहिरोका कारण मानवीय क्षति भने भएको छैन ।

# जुम्लाका किसानलाई मार्सी धान भित्र्याउन भ्याइनभ्याइ



**विजय रावत / हिटा**

**जुम्ला, १३ कात्तिक**

देश यतिबेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा होमिए पनि जुम्लाका किसानलाई राजनीतिभन्दा आफ्ना खेतपाती भित्र्याउने व्यस्तताले छोएको छ । जुम्लाका किसानलाई यो याममा पाकेको कालीमार्सी धान घरमा भित्र्याउन भ्याइनभ्याइ भएको चन्दननाथ नगरपालिका-२ का स्थानीयवासी लक्ष्मी कुमाईले बताउनुभयो ।

जुम्लामा मात्र उत्पादन हुने अति लोकप्रिय मार्सी धान यो वर्ष गएको असोज १९ गतेदेखि परेको एक साताको अविरल वर्षाले क्षति गर्दा विशेषगरी सिंजा क्षेत्रका किसान मर्कामा परेको सिंजा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिनुभयो । सिंजाका सबै धान उत्पादन हुने खेतमा पूर्णरूपमा क्षति भएको सिंजा गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।

विश्वको सबैभन्दा उच्च स्थानमा फल्ने कालीमार्सी धान भित्र्याउन जिल्लाका चन्दननाथ, तातोपानी, गुठीचौर, तिला र पातारासी गाउँपालिकाका किसान व्यस्त बनेका हुन् । मौसममा सुधार आएपछि जिउलोभरि मार्सी धान भित्र्याउन किसान लागिपरेका छन् । बिहान सबेरैदेखि साँझ अबेरसम्म खेतमै किसान व्यस्त हुने गरेका छन् । एक हप्तासम्म वर्षा नभएको खण्डमा सबै धान घरमा ल्याइसकिने तातोपानी गाउँपालिकाका स्थानीयवासी पूर्णप्रसाद चौलागाईंले बताउनुभयो ।

जुम्लामा चैतदेखि धानखेती सुरु हुन्छ । चन्दननाथ बाबाले प्रतिपादन गरेको भनिएको मार्सी धान निकै लोकप्रिय र ख्यातिप्राप्त धान बाली हो । पछिल्लो समय रोगकिराको संक्रमण र बीउ पुरानो भएकाले उत्पादनमा कमी आउन थालेको छ । अहिले जुम्ली किसान जिउलोमा धान काट्न र चुट्न व्यस्त छन् । मार्सी धानको चामल १५० देखि दुई सय रुपैयाँ प्रतिकेजीमा बिक्री हुने गरेको जुम्ला सदरमुकाम खलंगा बजारमा रहेको रारालिही अर्गानिक पसलका सञ्चालक अर्जुन बुढाले जानकारी दिनुभयो ।

जुम्ली मार्सी धानका लागि किसानको आफ्नै प्रकारको क्यालेण्डर छ । सोहीअनुसार प्रत्येक वर्षको चैत १२ गते बीउ केलाउने र भिजाउने गर्छन् । सो दिन कर्णाली प्रदेश सरकारले सार्वजनिक बिदासमेत दिने गरेको छ । १६ गते भिजाएको बीउ सुकाउने र २० गते ब्याडमा लिएर छर्ने गरिन्छ ।

जेठ पहिलो साताबाट धान रोप्न सुरु गर्ने, असारमा पहिलो सातामा गोडमेल गर्ने र २० दिनपछि दोस्रो गोडमेल हुने गरेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । कार्यालयका अनुसार यो वर्ष ९५० हेक्टरमा धान खेती गरिएकामा ६ हजार ७८५ मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको छ । जसमा एक हजार तीन सय हेक्टर क्षेत्रमा मार्सी धान उत्पादन हुने गरेको कार्यालयका प्राविधिक सुकिराम नेपालीले बताउनुभयो ।

जिल्लाका किसानलाई चन्दननाथ-१, ३ र लेकाली जातको धान सिफारिस गरिएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । विश्वकै उच्च स्थानमा रहेको यहाँको पातारासी गाउँपालिकाको छुमचौर जिउलोमा मार्सी धानको खेतीसमेत हुने गरेको छ ।

## अवैध लागूऔषधसहित एकजना पक्राउ

**नवलपरासी / हिटा ।** नवलपरासीबाट अवैध लागूऔषधसहित प्रहरीले एकजना पक्राउ गरेको छ । विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्नेबाट अवैध लागूऔषध फेनारगन ३० एम्पुल, डाइजेपाम ३० एम्पुल र नुर्फिन ३० एम्पुलसहित चितवन भरतपुर महानगरपालिका-३ न्युरोड बस्ने ३८ वर्षीय पूर्ण मगरलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी दाउन्नेबाट खटिएको प्रहरीले ना ७ ख २२७ नम्बरको बस जाँच गर्नेक्रममा बसमा सवार उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो । प्रहरीले मगरलाई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## नक्कली नोटसहित एकजना पक्राउ

**रौतहट / हिटा ।** रौतहटको गौरबाट नेपाली नक्कली नोटसहित प्रहरीले एकजना पक्राउ गरेको छ । पक्राउ पर्नेमा गौर नगरपालिका-४ टिकुलियाका जयप्रकाश साह रहेका छन् । गौरस्थित पेट्रोल पम्पमा शनिबार दिउँसो नक्कली नोट दिएर पेट्रोल खरिद गरिरहेको सूचनाका आधारमा प्रहरीले साहलाई पक्राउ गरेको थियो । उनको साथबाट तीन थान नेपाली हजारको नक्कली नोट बरामद गरिएको रौतहट प्रहरी प्रमुख एसपी वीरबहादुर ठाडामगरले जानकारी दिनुभयो । साहलाई नियन्त्रणमा लिएलगत्तै टिकुलियास्थित उनको घरमा समेत खानतलासी गरिएको थियो । साहलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । साह गौर बजारमा ठेला व्यवसाय गर्दै आएका छन् ।


# मालिका गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

दरबाङ , म्याग्दी

गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रकाशित मिति २०७९/ ०७/१४)*

यस कार्यालयबाट मिति २०७९/०६/१४ गतेमा प्रकाशित सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका तपसिल बमोजिमको शिलबन्दी दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम (८४) बमोजिम सम्बन्धित सबै शिलबन्दी दरभाउपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | शिलबन्दी दरभाउपत्र नं | कामको बिवरण | छनौट भएको शिलबन्दी दरभाउपत्रदाता | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM/MGD/SQ/ GOODS/079/080-01 | SProcurement of Fabricated Steel Parts for Shivaratri Trial Bridge | Agro Engineering Works Pvt. Ltd., Butwal | 1,452,628.36 | |

प्रमुख प्रशासकीय अधिकृत



**नेपाल लाइफ इन्स्योरेन्स कं. लि.**

## २२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९/०७/०४ गते बसेको संचालक समितिको ३४६औं बैठकको निर्णय बमोजिम कम्पनीको २२औं वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति:– २०७९ साल मंसीर ८ गते (तदनुसार २४ नोभेम्बर २०२२) बिहीबार**

**समय:– बिहान ९:०० बजे**

**स्थान:– होटल भिष्वा, बीरगंज (पर्सा)**

**छलफलको विषयसूचीहरु:**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको लेखापरीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५.७८९५% नगद लाभांश (कर प्रयोजनसहित) वितरण गर्न स्वीकृत गर्ने ।

५) कम्पनीमा संचालक समितिले गरेको स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।**

**साधारण सभा सम्बन्धी जानकारी**

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७९/०८/०५ गते अपरान्ह ४.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुत्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७९/०७/१८ गते (एक दिन) बन्द रहनेछ । मिति २०७९/०७/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई सोही बमोजिम कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०७९/०८/०६ गते अपरान्ह २:०० बजे भित्र सोको सुचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

७) नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्तरूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्च:** कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा**
**प्रधान कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं**
**फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९**
**इमेल:** info@nepallife.com.np **वेबसाइट:** www.nepallife.com.np

किनकि जीवन अमूल्य छ...


CMYK

## सम्पादकीय

# नो नट अगेनको विवाद

मतदातासँग कति अधिकार प्राप्त छ ? यो प्रश्नलाई यतिखेर निर्वाचन आयोगको एउटा निषेधात्मक सूचनाले बहसमा ल्याएको छ । वादेवादे जायते तत्वबोध भने जस्तै बहसबाट नै अन्तिम निष्कर्षमा पुग्न सकिने हुनाले यो बहस अनिवार्य भएको छ । निर्वाचन आयोगले धाँधलीरहित निर्वाचन सम्पन्न गर्न अनेक प्रयत्नहरू गरिरहेको छ । हाम्रो देशका विगतका निर्वाचनलाई हेर्ने हो भने सार्वजनिक तडकभडक, पर्चा, पम्प्लेट, हजारौं लाखौं संख्यामा अनेक रंगीन ब्यानरहरू, मतदाता र प्रचारमा जानेहरूका लागि मासुभात, मदिरा, पैसा अनेक व्यवस्था थियो । त्यस्तो बानी परेका मतदाता र प्रचारमा सहभागीहरूको भीडमाथि नियन्त्रण गर्न, प्रचारशैली परिवर्तन गर्न निर्वाचन आयोग कठोर देखिएको छ ।

कुनै समय विहारी शैलीको निर्वाचन चर्चा हुने गरेको थियो : बुथकब्जा गरी मतदातालाई तर्साउने, मारपिट आतंक सिर्जना गरी मतदान गर्न निषेध गर्ने र आफूखुसी मत हाल्ने, र बाटोमा नै मतपेटिका लुटेर नयाँ मत पत्रमा छाप हानी पेटिका बन्द गरी गणनास्थल पुऱ्याउने । अनि लाखौं–करौंडौं खर्च गरी मत किन्ने र त्यही प्रकारको प्रचार खर्च गर्ने । नेपालमा पनि २०४८ पछि र खास गरी २०६४ को निर्वाचन विहारी शैलीमा नभएको होइन । तर, भारतमा जब निर्वाचन आयोग कठोर भयो अहिले त्यस्ता घटना सीमित हुँदै गएको देखिन्छ । भारतको निर्वाचनको इतिहासमा निर्वाचन आयोगका तत्कालीन प्रमुख आयुक्त टीएन शेषनको नाम यसै कारण बडो गौरवका साथ लिने गरिन्छ ।

उहाँको कार्यकालमा बनेका निर्वाचन कानुनहरू र आयोगले गरेको कठोर निर्णयहरूका कारण विस्तारै भारतमा चुनाव परिष्कृत हुँदैछ । नेपालमा पनि लोकतन्त्रको आधारभूत चरित्र र मूल्यलाई स्थापित गर्न निर्वाचन संस्कृतिमा परिष्कार आवश्यक छ । यस सत्यलाई केही हदसम्म अहिले निर्वाचन आयोगले स्वीकार गरी कार्यान्वयनसमेत गरिरहेको देखिन्छ । तर निर्वाचन आयोग आफैं सबै विषयको निर्णयकर्ता हुन सक्दैन र होइन पनि । उसले राम्रो काम थाल्नुको अर्थ सार्वभौम जनताले पाएको संवैधानिक अधिकारलाई संकुचित गराउनु होइन । आयोगको आसय राम्रो भए पनि चुनावी खर्चको स्रोत खोज्न वा खर्चको अवस्था अनुसन्धान गर्न अख्तियारलाई आग्रहपत्र लेख्नु र सामाजिक सञ्जालमा नो नट अगेन मान्यतालाई निषेध गर्न खोज्नु निर्वाचन आयोगको अति उत्साहको परिणाम हुनपुगेको छ ।

खर्चको सीमा तोकिसकेपछि उम्मेदवारबारे सम्पूर्ण प्रतिवेदन आफ्ना निर्वाचन अधिकृत र स्थापित निर्वाचनका संयन्त्रहरूबाट नै सम्भव हुन्छ । निर्वाचन आयोगसँग उम्मेदवारले गरेको अतिरिक्त खर्चबारे मूल्यांकन गर्ने पूर्णअधिकार सुरक्षित छ । आफ्नो अधिकारलाई आफैं मातहत प्रयोग गर्नुभन्दा अख्तियार वा सम्पत्ति शुद्धीकरणसँग निर्देशनात्मक आग्रह गर्नुको औचित्य देखिँदैन । ती निकायले नियमित अनुगमन गर्ने, अनुसन्धान गर्ने, कारबाही गर्ने आफ्नो काम गरिरहेका हुन्छन् र निर्वाचनका समयमा पनि उनीहरूको संयन्त्र सक्रिय भएकै हुनुपर्छ । त्यस्तो अवस्थामा निर्वाचन आयोगले पत्र पठाउनुलाई कसैले उचित मान्दैन ।

निर्वाचन आयोग सार्वभौम जनता र उनीहरूको इच्छाशक्तिभन्दा माथि हुन सक्दैन । जनताले स्वविवेकमा आफ्नो मताधिकार प्रयोग गर्ने वा नगर्ने, कसलाई दिने वा नदिने, कसलाई दिन आग्रह गर्ने वा नदिन आग्रह गर्ने अधिकार राख्दछन् । संविधान प्रदत्त यो अधिकारमाथि निर्वाचन आयोगले हस्तक्षेप गर्न सक्दैन । भाषाका विषयमा, तस्वीरहरूको गलत उपयोग सम्बन्धमा निर्वाचन आयोगले अनुगमन गरी कानुनसम्मत बनाउन सक्दछ र बनाउनु पनि पर्दछ । गालीगलौज, तर्कहीन नारा, आरोपप्रत्यारोप वर्जनीय छन् र यस्ता अशिष्ट गालीगलौज, आरोपप्रत्यारोपलाई रोक्नुपर्ने हुन सक्छ । समाजलाई सभ्य बनाउन, निर्वाचन संस्कृतिलाई विकास गर्न गालीगलोजको असभ्य परम्परामाथि अंकुश अनिवार्य छ ।

तर, लोकतन्त्रका सुन्दर पक्षहरूमध्ये एक आवधिक निर्वाचनमार्फत नेतृत्व चयन हो । नेतृत्व चयनको अर्थ साम्यवादी राज्यप्रणालीमा जस्तो एउटा पार्टी, एउटै उम्मेदवार र सबैको समर्थन होइन । यस्तो प्रणालीलाई निरंकुश, अधिनायकवादी वा एकदलीय प्रणाली मानिन्छ । चीन, उत्तरकोरिया, लाओस्, क्युवा, जस्ता केही राष्ट्रहरूको अभ्यास लोकतान्त्रिक छैन । तर, अहिलेसम्मको सबैले स्वीकार गरेको र उदार राज्यप्रणाली प्रमाणित भएको लोकतान्त्रिक प्रणाली अवलम्बन गरेका कुनै पनि देशका नागरिकले खुला रूपले आफ्नो प्रतिनिधि चयन गर्न सक्छन् । यससँगै पुरानालाई मत नदिने र नयाँ अनुहार ल्याउने अभियान समेत सञ्चालन गर्नसक्दछन् ।

नो नट अगेन भनेको पुरानालाई अस्वीकार गरी नयाँ अनुहारको माग हो । शान्तिपूर्ण रूपमा मत नदिने अभियान पनि लोकतन्त्रमा स्वीकार्य हुन्छ । यस्तो सर्वस्वीकार्य लोकतान्त्रिक मान्यतालाई निर्वाचन आयोगको कुनै कानुनले रोक्न सक्दैन, रोक्न मिल्दैन । यसै कारण यो सूचना अत्यन्त विवादास्पद भएको छ । आयोगको यो सूचनालाई चुनौती दिने गरी अहिले सामाजिक सञ्जालभरि नो नट अगेन अभियान नै चलेको छ । समग्रमा यस अभियानमाथि नियन्त्रण गर्नु निर्वाचन आयोगको क्षमता र कार्यक्षेत्रबाहिरको विषय भएको छ । सबैले अस्वीकार गर्ने यस्तो निर्णय र सूचना किन आयोगबाट आयो ? आयोगले नै जवाफ दिनुपर्ने हुन्छ ।

विगत पाँच वर्षलाई मात्रै हेर्ने हो भने सबैभन्दा असफल संसद र सांसदहरू रहेको कार्यकाल हो यो । २०४८ देखि निरन्तर सांसद भएका र सत्तामा पुगेकाहरूका कामको मूल्यांकनका आधारमा मतदाताले नो नट अगेन किन भन्न नपाउने ? के निर्वाचन आयोग २०७९ सम्म असफल नेता र नेतृत्वलाई नै पुन:स्थापित गर्न चाहन्छ ? कम्तीमा दुई पटक वा त्यसभन्दा बढी सांसद भएकालाई मतदाताले किन फेरि व्यहोर्ने ? किन मत दिने ? मतदाता अहिलेका धेरै नेताहरूसँग आजित भएका छन् । कतिपय नेताहरू जन्मदैका तीन पात जस्ता भएर मतदाताहरूलाई तृण समान गन्दैनन् र साथीहरूलाई नोकरचाकर भरिया जस्तो व्यवहार गरी आफूलाई मालिक वा भगवान् जस्तो ठानिरहेका छन् ।

के त्यस्तो नेतृत्व जसले राजनीतिलाई आफ्नो अवसरको उपयोगबाहेक केही मान्दैनन्, जो लोकतन्त्रका मूल्यहरूमाथि निर्घात आक्रमण गरिरहेका छन्, सामन्ती संस्कृतिलाई पारिवारिक रूपमै क्रियाशील गराउन दिनरात दत्तचित्त छन् र जे गर्न पनि तयार हुन्छन्, के ती सबैप्रति मतदाता समर्पित हुनुपर्ने हो ? के निर्वाचन आयोगको पक्ष यही हो भनेर आमनागरिकले बुझ्ने ? त्यसो हो भने यो निर्वाचन निरर्थक अभ्यासबाहेक केही पनि हुनेछैन । तसर्थ तत्काल निर्वाचन आयोगले नो नट अगेनमाथि अंकुश लगाउने निर्णय फिर्ता लेओस् र मतदाताको स्वतन्त्रताको सम्मान गरोस्, हाम्रो यही आग्रह हो ।

# गठबन्धनबारे मेरा केही जिज्ञासा

**केपी ओलीले संसद् विघटन गरेर शासन आफ्ना हातमा लिएको भए प्रतिगमन हुने थियो तर उनले जनतामा जाने निर्णय गरेका थिए । ओलीका समयमा भएका अनेक काण्डहरू छन् तिनलाई आधार बनाएर अरू दलहरूले निर्वाचनमा एमालेविरुद्ध हुरीहुण्डरी ल्याउन सक्ने थिए ।**



प्रा. पुरुषोत्तम दाहाल

अहिले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् संघीयसभा र प्रदेशसभाको दोस्रो कार्यकालका लागि आमनिर्वाचन हुँदैछ । आमनिर्वाचन भन्दा पनि अन्तिम सत्य सत्ताको लक्ष्य पूरा गर्ने खेल सुरु भएको छ । यस खेलमाथि एउटा साधारण नागरिकको हैसियतबाट मेरा केही प्रश्नहरू छन्, केही जिज्ञासाहरू छन् । गठबन्धनको राजनीतिक अनिवार्यता विषयका भाष्यकारहरूबाट उचित उत्तर आउनेछ भन्ने आशा गरेको छु ।

### (१) चुनावी गठबन्धनको औचित्य के ?

निर्वाचनपछिको संसद्मा सरकार निर्माणका लागि गठबन्धन लोकतन्त्रमा स्वाभाविक मानिन्छ । निर्वाचनमा पनि सामान्यत: विचार र सिद्धान्त समान हुने दलहरू एकआपसमा चुनावी तालमेल गरिरहेका हुन्छन् । तर, सिद्धान्त, विचार उत्तरी र दक्षिणी ध्रुव जस्ता भएका दलहरूका बीचको गठबन्धन केका लागि र यसको औचित्य कसरी पुष्टि हुन्छ ? माओवादी केन्द्र जनवादी राज्यसत्ता अर्थात् वैज्ञानिक समाजवादका पक्षमा छ । उसले आफ्नो विचारसँग असहमत हुनेहरूलाई कुनै पनि रूपमा परास्त गर्नु अनिवार्य छ । लेनिनको सूत्रअनुसार : आफू कमजोर भएमा जो शक्तिशाली छ उसैसँग मिलेर शक्ति आर्जन गर्ने र संगठन ध्वस्त पारी आफ्नो संगठन विस्तार गर्नुपर्दछ ।

निर्दलीय कालदेखि नेपालको कम्युनिष्ट आन्दोलनलाई २०४६ र २०६२ सालसम्म हेर्ने हो भने यही सूत्रका आधारमा पाइला चलाइरहेको छ । २०१५ सालको निर्वाचनमा पन्ध्रप्रतिशत मत ल्याउन नसकेको कम्युनिष्ट पार्टीका सबै घटकको मत जोड्ने हो साठी प्रतिशतमा पुगेको अवस्था छ । यतिखेर माओवादी केन्द्र कहिले कांग्रेससँग त कहिले एमालेसँग जोडिँदै यही सूत्रको सबल कार्यान्वयन गरिरहेको छ । उसले एमालेलाई फुटाइदियो । अहिले नेपाली कांग्रेसमा व्यापक असन्तुष्टि छ । कतिपय स्थानमा त पुराना कांग्रेसहरूले पार्टी परित्याग गर्दै स्वतन्त्र वा अरू दलमा सहयोग गर्न लागेका छन् ।

अर्थात् चुनावी गठबन्धनबाट केही सिट थप हुँदै आकारमा बेलुन फुले जस्तो देखिए पनि यथार्थमा निष्ठा, प्रतिबद्धता, ऐतिहासिकता, सिद्धान्त सबैका आधारमा नेपाली कांग्रेस धोद्रो र मक्किएको रूख जस्तो भएको छ । यो रूख कुनै पनि बेला ढल्ने स्थितिमा पुगेको छ । यसको टुप्पोमा पलाएका केही नयाँ पालुवाहरूले अलिअलि अवशिष्ट रस चुसेर आफूलाई तृप्त गराउने प्रयासमा मूल्यहीन र संस्कारहीन राजनीतिलाई बिस्तार गर्दैछन् । जसका कारण यो धोद्रो रूख अवशानको समय सन्निकट पुगेको अवस्थामा छ । नेकपा एमाले, राप्रपा र जसपाबीचको तालमेल पनि सैद्धान्तिक नभएर सत्तालाई जवाफ दिन अपवित्र र सिद्धान्तविहीन भएको छ ।

### (२) कसका विरुद्ध गठबन्धन ?

शक्तिशाली दल वा व्यक्तिविरुद्ध कमजोरहरूका बीच चुनावी गठबन्धन हुने गर्दछ । सत्तारूढ दलहरूका बीच भएको गठबन्धन कसका विरुद्ध हो ? संयुक्त गठबन्धनका शीर्ष नेताहरूका मन्तव्यका आधारमा प्रतिगमनलाई परास्त गर्न यो गठबन्धन हो । उनीहरू प्रतिगमनको नायक भनेर एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भनिरहेका छन् । यदि यो सत्य हो भने नेकपा एमाले सर्वाधिक शक्तिशाली छ र यसविरुद्ध एक्लाएक्लै जनमत लिने सामर्थ्य नेपाली कांग्रेस, २०७८ पुससम्म ओली सरका सबै कर्महरूका भागीदार माओवादी र नेकपा समाजवादीमा छैन । जनतामा जानु लोकतन्त्रमा कुनै पनि अर्थमा प्रतिगमन होइन । सरकार चलेन भनेर निर्वाचनमा जानुले लोकतन्त्र र अग्रगमनलाई नै सहयोग पुग्दछ ।

केपी ओलीले संसद् विघटन गरेर शासन आफ्ना हातमा लिएको भए प्रतिगमन हुने थियो तर उनले जनतामा जाने निर्णय गरेका थिए । ओलीका समयमा भएका अनेक काण्डहरू छन् तिनलाई आधार बनाएर अरू दलहरूले निर्वाचनमा एमालेविरुद्ध हुरीहुण्डरी ल्याउन सक्ने थिए । त्यो बाटो किन लिइएन र अदालतको शरणमा पुगेर तोक आदेशका भरमा शासनको बागडोर लिने काम भयो ? शासनमा आएपछि पनि ओली कालका अनेक काण्डहरूको अनुसन्धानका लागि विशेष आयोग गठन गरी प्रतिगमनको आधारलाई नै भत्काउने काम किन गरिएन ? प्रतिगमनको प्रवृत्तिलाई जोगाउने अनि प्रतिगमनविरुद्ध संयुक्त गठबन्धन भनेर आमनागरिकलाई झुक्याउने ?

अरूको कुरा छाडौं तर नेपाली कांग्रेस पार्टी जसले २००७ को क्रान्ति सफल गरी २०१५ को आमचुनावमा दुई तिहाइ जनसमर्थन पायो, निर्दलीय निरंकुशताविरुद्ध तीस वर्ष लडेर खारिँदै गयो, २०३६ सालमा एक्लै जनमत संग्रहमा बहुदलको पक्षको नेतृत्व, २०४२ सालमा सत्याग्रह सञ्चालन, २०४६ सालको जनआन्दोलनको सफल नेतृत्व, २०५२ सालदेखि निरन्तर माओवादी आतंकको सामना गर्दै २०६२ को १२ बुँदे र २०६३ को शान्ति सम्झौता, २०७२ मा संविधानसभाबाट संविधान जारी गर्ने नेपाली कांग्रेस किन यसरी एमाले सामु धराशायी भएको अनुभव गर्दैछ ? पार्टीलाई यसरी धराशायी गराउने नेताहरूको आदेश मान्न नागरिक र आमसदस्यहरू किन बाध्य हुने ?

कोही पनि सदस्य नेताको नोकर होइनन् तर नेतृत्वमा बस्नेहरू आफूलाई मालिक र बाँकी सबैलाई गुलाम, चाकर वा नोकरको व्यवहार देखाइरहेका छन् । के बँधुवा मजदुर जस्तो वा कमैया जस्तो गरी नागरिक र सदस्यहरू बेचिनुपर्ने क्रयविक्रयका विषय संघीय लोकतान्त्रिक गणतन्त्रको अर्थ यही हो ?

### (३) खसीबोका हुन् मतदाता ?

चुनावमा मतदातालाई आफ्नो पुर्ख्यौली निजी जग्गाजमिन सम्पत्ति, बिर्ता र अंशसरह भाग लगाउनु ठीक हो ? दशैंमा खसीबोकाको मासु कसैलाई धार्नी, कसैलाई बिसौली, कसैलाई पाउ भाग लगाइने गरिन्छ । त्यसरी नै राजनीतिक दलका लागि कांग्रेसका भागमा यति, माओवादीका भागमा यति, समाजवादीका नाममा यति, एमालेका भागमा यति, राप्रपाका नाममा यति भनेर नागरिकहरू मासुसरह भाग लगाउने काम भएको छ । के नागरिकहरू मासुका भागसरह हुन् ?

### (४) सार्वभौम जनताको अधिकारमाथि हस्तक्षेप :

बहुलवाद र बहुदलीय प्रणालीले प्रदान गरेको व्यक्तिगत स्वतन्त्रता, मौलिक हक र नागरिक सार्वोच्चतामाथि अन्तिम सत्य सत्ता मान्नेहरूले यसरी भागबण्डा गर्ने अधिकार छ ? जब कि मत स्वविकेकीय अधिकार हो । स्वविवेकीय अधिकारमा विकल्प रोज्ने अधिकार आमनागरिकमा हुन्छ । चाहे त्यो कुनै दलको सदस्य होस् वा नहोस् । उसलाई मतदान गर्ने नगर्ने कसैलाई गर भनेर आग्रह गर्ने वा कसैलाई पनि नदिने भन्न पाउने सार्वभौम अधिकार हुन्छ । नेपालको संविधानले जनतामा सार्वभौम सर्वोच्चता कायम गरेको छ र यसको हनन् गर्ने वा यसलाई खुम्च्याउने सबै प्रयासहरू निरंकुश अधिकनायकवादी नै हुन् ।

कांग्रेसले बीपीले प्रतिपादन गर्नुभएको राष्ट्रियता, लोकतन्त्र, समाजवाद र राष्ट्रिय एकता तथा मेलमिलापको नीति परित्याग गरेको हो र साम्यवादी लक्ष्यमा दुई कम्युनिष्ट पार्टीसँग सहमत भएको हो ? यसो हो भने नेपाली कांग्रेसले आफ्नो नाम, झण्डा र चुनाव चिह्नसहित बीपीको लिगेसी अन्त्य भएको घोषणा गर्नुपऱ्यो ।

### (५) निर्दलीय धम्की किन ?

पहिले निर्दलीय पञ्चायत थियो र पञ्चहरूबाहेक कोही उम्मेदवार हुन, कसैले पनि अरूलाई मत माग्न र दिन पाउँदैनथे, कारबाहीमा पर्थे । अहिले दलका नेताहरू उनीहरूले भनेको चिह्नमा बाहेक कसैले अन्त मत दिन नपाउने र दिएमा कारबाही गर्ने धम्की दिइरहेका छन् । के बहुदलको विकल्पको अर्थ यही र यस्तै हो ? यस्तै उर्दी र धम्कीका लागि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएको हो ? होइन भने सार्वभौम सर्वोच्च नागरिकको विवेकमाथि दलका मुठ्ठीभर नेताहरू किन चुनौती दिइरहेका छन् ।

### (६) संयुक्त गठबन्धन कसका लागि ?

चुनावी गठबन्धन आमनागरिकको स्वार्थ र देशको विकासका लागि हो त ? संघीय लोकतान्त्रिक गणतन्त्रको सिद्धान्त र विचारका आधारमा संस्थागत र मूल्यगत सुदृढीकरण गर्न यो गठबन्धन हो त ? संयुक्त गठबन्धनबाट प्राप्त सत्ताको सहुलियत, सुविधा र स्वाद ककसले लिनेछन् ? मतदान गर्नुपहिले यी प्रश्नको उत्तर नखोजी हुँदैन ।

जनमतका आधारमा आफ्नो दल कमजोर भएको अनुभव गर्दै गठबन्धन भएको हो । आफ्नै गलत कामहरूबाट अभिशप्तहरूले आमनागरिकलाई भ्रमित तुल्याउन र अनेक बाहनामा जनताको विवेकलाई बन्दी बनाउने प्रयास गरिरहेका छन् । नागरिकहरूको स्वार्थ, देशको विकास र लोकतन्त्रको विचार, सिद्धान्त र मूल्यहरूको संस्थागत विकास गर्न यो गठबन्धन भएको छैन । गठबन्धनमा विजयी उम्मेदवारका पारिवारिक आफन्त, जुत्ता खियाउनेहरूलाई पन्छाएर जुत्ता मोल्नेहरूको कुण्डली, धनद्वारा जसलाई पनि किन्न, बेच्न सकिन्छ भन्नेमा विश्वस्त समूह, माफियातन्त्रका डनहरू र खास केही अनुहारबाहेक बाँकी सबैलाई कागलाई बेल पाक्यो हर्ष न बिस्मत हो गठबन्धन ।

आफूलाई मालिक र अरू बाँकी जनता, पार्टीका सदस्य र शुभेच्छुकलाई कामदार, बँधुवा मजदुर वा चाकर सम्झने मालिकवादी सामन्ती जमिनदारहरूको उन्नयनका लागि मात्रै हो यो गठबन्धन । यसरी हेर्दा, संघीय संसदका दुई सय पचहत्तर र प्रदेशका तीन सय तीस गरी ६ सय जनाका एक बराबर १० का दरले छत्तीस हजार तीसजनालाई राज्यको प्रत्यक्ष सुविधा, सहुलियत र स्रोत दोहनको लाभ मिल्ने हुन्छ । गठबन्धनको आसय आफ्ना पक्षमा अधिकतम स्रोत दोहन गर्ने पद र शक्ति आर्जन गर्नुबाहेक अरू केही देखिँदैन ।

### (७) सिद्धान्त र विचार बिक्रीका वस्तु हुन् ?

अहिले गठबन्धनमा आबद्ध राजनीतिक दलका नेताहरूको तर्क गज्जब सुनिन्छ । यस्तो तर्क यदि कतै बसेर नेपालको राष्ट्रियता, प्रजातन्त्र र समाजवादी विचारका भाष्यकार बीपी कोइराला र साम्यवादी विचारका भाष्यकार पुष्पलाल सुन्दै हुनुहुन्छ भने के सोच्दै हुनुहोला । अनि जनताको बहुदलीय जनवादका भाष्यकार मदन भण्डारीदेखि नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने राजा महेन्द्र के भनिरहेका होलान् ? अरू सत्ताका भोका उपेन्द्र यादवहरू, राजनीतिमा निरन्तर नवीन अवतार धारण गर्न समर्थ डा.बाबुराम भट्टराई, कमल थापा वा महन्त ठाकुरहरूको कुनै गणना गरिरहनु पर्दैन । उहाँहरू रामाय स्वस्ति रावणाय स्वस्ति हो ।

यहाँ प्रतीकात्मक रूपले नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा, माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको समष्टि अभिव्यक्तिलाई आधार बनाइएको छ । देउवा, दाहाल र नेपालको जोडीको एउटै तर्क छ : रूख, हँसिया हथौडा र कलम फरक होइनन्, एउटै हुन् । सम्पूर्ण सदस्य र मतदाताले खुलेर ढुक्कसँग, विश्वासपूर्वक यी तीनवटामा मत दिनुपर्दछ । पार्टीका सदस्यहरू जो यो आदेश र उर्दीलाई मान्दैनन् उनीहरूलाई कारबाही गरिनेछ ।

ओली र लिङदेनको भनाइ पनि उस्तै छ : सूर्यमा मत नदिनेहरू राप्रपाका हुँदैनन् र निर्वाचनपछि ती राप्रपाका सदस्य मानिने छैनन् । ओलीको उर्दी छ : हलोमा मत नहाल्नेहरू एमाले हुँदैनन्, एमालेको प्रतिष्ठा जोगाउन पनि हलोमा मत दिनुपर्छ । यी तर्कको अन्तर्य जे भए पनि प्रश्न उठ्छ : यदि रूख, हँसियाहथौडा र कलम एउटै हुन् भने पार्टी एकीकरण वा विलयीकरण गरी एउटै निर्वाचन चिह्न र एउटै घोषणापत्र जारी किन भएन ? एउटै चुनाव चिह्न भएको भए निर्वाचन खर्च बँच्ने थियो र आमनागरिकलाई सास्ती हुने थिएन । यदि यी तीन पार्टी समान हुन् भने के कुरामा समानता ?

कांग्रेसले बीपीले प्रतिपादन गर्नुभएको राष्ट्रियता, लोकतन्त्र, समाजवाद र राष्ट्रिय एकता तथा मेलमिलापको नीति परित्याग गरेको हो र साम्यवादी लक्ष्यमा दुई कम्युनिष्ट पार्टीसँग सहमत भएको हो ? यसो हो भने नेपाली कांग्रेसले आफ्नो नाम, झण्डा र चुनाव चिह्नसहित बीपीको लिगेसी अन्त्य भएको घोषणा गर्नुपऱ्यो । अथवा दुई कम्युनिष्ट पार्टीले तथाकथित वैज्ञानिक समाजवादको परिकल्पना परित्याग गरी लोकतन्त्रको विकल्प नखोज्ने शपथ खाएका हुन् भने झण्डा र नाम परिवर्तन गर्नुपर्ने हो कि ?

एमालेका अध्यक्ष ओली के अब हिन्दू राष्ट्र, राजाको प्रतिस्थापन र संघीयताविरुद्ध हुनुभयो घोषित रूपमा कि राजेन्द्र लिङ्देन जनताको बहुदलीय जनवादमा समाहित हुनभयो ? यसो हो भने उहाँहरूको पनि झण्डा र नाम परिवर्तन गर्ने, एउटै घोषणापत्र तयार पार्ने र पार्टी विलय गर्ने निर्णय जनतालाई सुनाए सहज हुने थियो ।

अन्यथा सत्ता नै अन्तिम सत्य हो भनेर दलका नेताहरू आफ्नो सिद्धान्त र विचारको बजारमा लिलाम बढाबढ गराइरहेको स्पष्ट हुन्छ । के सिद्धान्त र विचार बिक्रीका वस्तु हुन् ? जनतालाई बन्दी बनाउने र बँधुवा मजदुर जस्तो गरी जसरी अंशबण्डा गरियो त्यसरी नै सिद्धान्त र विचारलाई बेच्ने काम भयो । अवसरवाद र उपयोगितावादको यो गैरराजनीतिक रणनीतिलाई मतदाताहरूले राष्ट्रिय आवश्यकता अनुभव गर्दै लाचारीपूर्वक समर्थन गर्नु आवश्यक छ र ?

(बुधबार नेपाली कांग्रेसका लागि मात्रै मेरा केही सैद्धान्तिक र व्यावहारिक प्रश्न)

# छठ पर्वको विशेषता र महत्त्व

**त्रेतायुगमा राजा जनकले पनि सूर्यलाई पूजा गरी छठ पर्व मनाएको र इच्छाएको काम पूरा गरेको भनेर जनमानसमा चर्चा भएको छ । त्यस्तै सीता माताले पनि पष्ठीको दिनमा व्रत बसी सूर्यको आराधना गरी पूजा गरेर रातभरि जाग्राम बसी छठ पर्व मनाएकी थिइन् ।**



● इन्द्रबहादुर शाक्य

बेलुकी साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिने, भोलिपल्ट उदाउँदो सूर्यलाई पूजा गरी मनाउने पर्वलाई छठ पर्व भनिन्छ । उज्यालो सूर्यलाई बेलुकी साँझ अस्ताउँदो सूर्यलाई बिदा दिई मनाउने दिनलाई स्वागत गरी पष्ठीको दिन मनाउने पर्व हो छठ । यो अँध्यारोमा व्रत बसी (रातभरि) भोलिपल्ट उदाउँदो सूर्यलाई स्वागत गरी यो पर्वको समापन गरिन्छ ।

हाम्रो देशमा कार्तिक शुक्ल पक्ष चर्तुर्थीका दिनदेखि सप्तमीसम्म सूर्य देवताको आराधना, उपासना र पूजा गरेर छठ मनाउने गरिन्छ । चर्तुथीका दिनमा स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ ।

संसारमा प्राचीन कालदेखि सबै धर्मले सूर्यलाई प्रकाशको देवताको प्रतीकका रूपमा मानेको छ । सबै प्राणी सूर्यको प्रकाशबाट अलग हुन सक्दैनन् । त्यसैले देवताहरू पनि यसको किरणबाट अलग हुन सक्दैनन् । देवता, मानवलगायत सबै प्राणीहरू सूर्यबाट अलग हुन्न सक्दैनन् । त्यसैले धर्म शास्त्रानुसार सूर्यलाई पहिलो देवताको रूपमा मानिन्छ । सूर्यबाट नै दिन र रात छुट्टिन्छ । सूर्य उदय भएपछि दिन र अस्ताएपछि रात हुन्छ । प्रकाशमा अथवा उज्यालोमा सबै देखिन्छ । विनाप्रकाश वा उज्यालोले केही देखिँदैन, त्यसैले सूर्यको महत्त्व बुझेर यसको पूजा गरिरहने हो ।

संसारमा विभिन्न ठाउँमा विभिन्न धर्मले विभिन्न समयमा सूर्यलाई विभिन्न नामबाट पूजा गर्नेगरेका छन् । युरोपेलीहरू सनबाथ भन्ने गर्दछन् । सूर्यको किरणले स्वास्थ्य राम्रो हुन्छ । प्रकाश वा घाममा बसेर शरीरलाई तेल मालिस गरियो भने दुखाइ पनि हराएर जान्छ । सूर्यको किरणले चिसोबाट जोगाउँछ र तातो प्रदान गर्छ । जाडो महिनामा सूर्यको किरण ताप्न घाममा बसिन्छ । घामले शरीरलाई न्यानो पार्दछ । यो अत्यन्त हितकारी हुन्छ । यी विभिन्न फाइदाले गर्दा सूर्यलाई देवता मानिन्छ ।

नेपालको तराई क्षेत्रमा बस्ने नेपाली महिलाहरू र अरू क्षेत्रमा बस्ने नेपाली महिलाहरूले कार्तिक शुक्ल पक्ष चर्तुथीका दिन नदी, तलाउ वा घरमा स्नान गरी मनाउँछन् ।

यसलाई 'नहाय-खाए' भन्दछन् । यो एक छाक खाएरमात्र लिने व्रत हो । दोस्रो दिन कार्तिक शुक्ल पक्ष पञ्चमीका दिनमा सक्खर हालेर बनाएको खीर, पष्ठी मातालाई चढाई अलिकति व्रतालुबाट प्रसादस्वरूप खाइन्छ, त्यो दिनमा व्रतालुले नुन खाँदैनन् । यो खाने विधिलाई 'खरना' भनिन्छ । यो पर्वमा आफ्नै स्वदेशमा तयार भएका हस्तकलाका वस्तु प्रयोग गरिन्छ । जस्तो पूजा सामग्री ढाकी, डाला, माटाका हात्ती, केराको पात, माटाका विभिन्न वस्तु, नैवेधका रूपमा विभिन्न परिकार रोटी तथा फलफूल, केरा, नरिवल, उखु आदि प्रयोग गरिन्छ ।

छठपर्वमा व्रत बस्नेले केही नखाई निराहार उपवास बसी पर्व मनाउँदछन् । पष्ठीका दिनमा जलाशयमा नुहाइधुवाइ गरी साँझ अस्ताउने सूर्यको पूजाआराधना गरी नजिकको जलाशय (पोखरी) मा गएर दियो बत्ती बाली रातभर जाग्राम बस्ने गरिन्छ । भोलि सप्तमीको दिनमा बिहान उदाएको सूर्यलाई अर्घ्य र जल चढाएर सूर्यलाई प्राथना गरी सकेपछि यो पर्व विसर्जन गरिन्छ वा विसर्जन भएको मानिन्छ । यसरी मनाइने पर्वलाई छठ पर्व भनिन्छ । यसलाई छठी माईको रूपमा पनि मानिन्छ । यो पर्व मनाउँदा व्रतालुले सूर्य देवसँग प्रार्थना गरी परिवारको सुख समृद्धि धनलाभ र मनोकामना गरेको तथा दु:ख कष्ट रोग व्याधि नास होस् भनेर मनाउने पर्व हो ।

यो पर्वमा छुत, अछुत, जाति भेद धनी गरिब भन्ने विभेदको भावना राखिँएको हुँदैन । यसमा सबै समान छन् । यो पर्व मनाउने ठाउँमा अथवा जलाशय, पोखरी, नदीमा सफासुग्घर गरी सजावट गरी, फूलमाला बत्तीले जलाशय सबै नयाँ दुलहीजस्तै सजाइएको हुन्छ । साथै छठ माताका गीत धुन बजाई आरति गीत गाइन्छ भने कोही नाचिरहेका पनि हुन्छन् । कोही उपासना गरी ध्यान गरिरहन्छन् । यो तराई क्षेत्रमा धुमधामका साथ मनाउँदछन् ।

त्रेतायुगमा राजा जनकले पनि सूर्यलाई पूजा गरी छठ पर्व मनाएको र इच्छाएको काम पूरा गरेको भनेर जनमानसमा चर्चा भएको छ । त्यस्तै सीता माताले पनि पष्ठीको दिनमा व्रत बसी सूर्यको आराधना गरी पूजा गरेर रातभरि जाग्राम बसी छठ पर्व मनाएकी थिइन् भन्ने कुरालाई आधार मानी मिथिलावासी छठ मनाउँछन् । बिहान सूर्यको दर्शन गरियो भने सूर्यको किरण हाम्रो शरीरमा आउँदछ, त्यस कारणले हाम्रो शरीरलाई स्वास्थ्य लाभ हुन्छ । आजकाल यसलाई पनि सूर्य दर्शन भनेरसमेत मान्ने गरिन्छ । उज्यालोविना केही लाभ हुँदैन । अँध्यारो भने कालो हो, यसले केही फाइदा दिँदैन । कालरात्रिलाई मारेर उज्यालोले त्यसमाथि विजय प्राप्त गरिन्छ । छठ पर्व हिन्दू संस्कृतिअनुसार नेपालको पूर्वदेखि पश्चिमसम्म दक्षिण भेगमा रहेका तराईवासीहरू, महिलाहरू यो पर्व नदी, तलाउ, पोखरीअगाडि बसी अस्ताएको सूर्य र उदाउँदो सूर्यको पूजा गरी रातभरि जाग्राम बसी सूर्य देवताको आरधना र व्रत गरेर मनाउँदछन् । यो व्रतमा सुस्वास्थ्य लाभ, दीर्घायु, व्यापार वृद्धि आदिको कामना गरिन्छ । सूर्यविना हामी बाँच्न नसकिने भएकाले सबैले सूर्यलाई देवताको रूपमा मान्दछन् । यो छठ पर्व नेपालको राष्ट्रिय पर्व हो । पर्व नै राष्ट्रको धन हो ।

(शाक्य नेपाल हस्तकला महासंघका पूर्वअध्यक्ष हुनुहुन्छ ।)

# त्रिशूल तथा डमरूको महत्त्व

**त्रिशूल वैदिक सनातन धर्मावलम्बीहरूको हतियार हो। यो भगवान शिव र दुर्गारूपी पार्वतीको प्रिय अस्त्र हो। यो शिवजी र दुर्गामाताको हातको शोभा पनि हो। शिवालयहरूमा अनिवार्य रूपमा त्रिशूलको स्थापना गरिएको हुन्छ।**



**मणि शर्मा**

म कक्षा आठ वा नौमा पढ्दा एकजना सन्त अपराह्नतिर हाम्रो विद्यालयको प्रांगणमा आउनुभएको थियो। उहाँको दर्शन गर्न र प्रवचन सुन्न सयौंको संख्यामा मानिसहरू भेला भएका थिए। उहाँ बालब्रह्मचारी नामले सुविख्यात हुनुहुन्थ्यो। उहाँले प्रवचनको क्रममा आफूलाई नेताजी सुभाषचन्द्र बोसको सहपाठी भन्नुभएको थियो। आवश्यकताभन्दा बढी धनसम्पत्ति थुपारेर राख्ने मानिस समाज र राष्ट्रका शत्रु हुन्, तिनीहरूको सम्पत्ति खोसेर गरिबलाई बाँड्नुपर्छ, त्यसका लागि सबैले घर घरमा त्रिशूल राख्नु जरुरी छ र त्यही त्रिशूलले तिनीहरूको बध गरेर सम्पत्ति खोस्नुपर्छ भनेर प्रवचनको क्रममा भन्नुभएको थियो।

उहाँको देहावसान भएको वर्षौं भयो। उहाँका अनुयायीहरूले अहिले पनि पश्चिम बंगाल र आसाममा उहाँको उपदेशको पालन नगरेर उहाँले दिएको दीक्षा मन्त्र जप्ने र नाम कीर्तन गरेर उहाँको देवत्वकरण गर्ने काम मात्र गरिरहेका छन्। मानिसहरू महापुरुषको प्रवचन सुन्छन्, शिक्षाको प्रचारप्रसार गर्छन्। उनीहरूको देवत्वकरण गर्छन् तर उनीहरूले देखाएको मार्गमा हिँड्दैनन्। जसरी नेपाली कांग्रेसले बीपीलाई महान् बनाएर उनको देवत्वकरण त गरे तर उनको सिद्धान्तलाई रद्दीको टोकरीमा मिल्काइदिएर बिपीले जीवनमा नरुचाएका सिद्धान्तवादीसँग घाँटी जोडेर, माओवादी र कांग्रेस एउटै हो भन्दै बीपीको विचारको हत्या गरेर उनको अपमान गरिरहेका छन्।

राज्यले नमनाए पनि जनस्तरबाट राष्ट्रनिर्माताको जन्मजयन्ती मनाउँछौँ, दिव्यउपदेशको चर्चा परिचर्चा गर्नेगर्छौं। बाबा गोरखनाथ र योगी नरहरिनाथका गुणगान गर्छौं तर उहाँहरूले देखाएको मार्गमा चल्दैनौं। नेपाली सेनाको मुख्यालयदेखि ब्यारेकहरूमा पृथ्वीनारायण शाहको तस्वीर छ। लोगोमा डमरू र त्रिशूल छ तर न त नेपाली सेना पृथ्वीनारायण शाहले देखाएको बाटोमा हिँडेको छ न त डमरू र त्रिशूलको मान राखेको छ। केवल उसले त्यसको औपचारिकता पूरा गरेर आफ्नो कर्तव्यबाट च्यूत भएको छ, न त उसले देशको स्वतन्त्रताको रक्षा गर्न सकेको छ, न त सनातन धर्मको रक्षा र न त हाम्रो मौलिक परम्पराको रक्षा गर्न नै सकेको छ।

हामी नेपाली नालापानी युद्धको वीरगाथाको वर्णन गर्छौं, त्यसलाई सम्झेर गर्वले छाती फुलाउँछौँ तर त्यसैका आधारमा बनेको नालापानी फिल्मलाई फ्लप पार्न कटिबद्ध हुन्छौँ। त्रिशूल वैदिक सनातन धर्मावलम्बीहरूको हतियार हो। यो भगवान शिव र दुर्गारूपी पार्वतीको प्रिय अस्त्र हो। यो शिवजी र दुर्गामाताको हातको शोभा पनि हो। शिवालयहरूमा अनिवार्य रूपमा त्रिशूलको स्थापना गरिएको हुन्छ। नवदुर्गामा त्रिशूलको पूजा गरिन्छ। यही त्रिशूलले शिवजीले गणेशजीको शिर काटेका थिए भने माता दुर्गाले महिषासुरको बध गरेकी थिइन्। तीन सुरा भएको भाला आकारको त्रिशूलले सत्व, रज र तमको प्रतिनिधित्व गर्छ।

यी तीन कुराको सामन्जस्यविना सृष्टिको सञ्चालन असम्भव छ। यो त्रिदेवको प्रतीक पनि हो। ब्रह्मा, विष्णु र महेश्वर यसलाई भूत, वर्तमान र भविष्यको सूचकका साथै तीन लोक स्वर्ग, मर्त्य र पातालको पनि सूचकको रूपमा लिइन्छ। यो दैहिक, दैविक र भौतिक, तीन दु:ख त्रितापको रूपमा पनि मानिन्छ। त्रिशूल केवल संहार गर्ने हतियारमात्र होइन्, अपितु यो आध्यात्मिक जीवनको तीन आयामहरू इडा, पिंगला र सुषुम्ना नाडीको साधनको प्रतीक पनि हो। साधारणतया मानिस आफ्नो इडा र पिंगला ऊर्जामाथि नै जीवन अतिवाहित गरेर बिताउँदछ। यो केवल कर्मकाण्डमा मात्र सीमित हुन्छ।

त्यसैले आध्यात्मतिर आकर्षित हुँदैन। त्यसैले ऊ ज्ञानरूपी आनन्दबाट वञ्चित हुन्छ। इडा, पिंगला नाडी सँगसँगै सुषुम्ना नाडीको आध्यात्मिक परिप्रेक्षमा विशेष महत्व छ। सुषुम्ना अर्थात् सरस्वती नाडी मानव शरीर तन्त्रको विशेष तत्व हो। जब ऊर्जा सुषुम्ना नाडीमा पुग्छ तब मात्र जीवन अर्थपूर्ण र सन्तुलित बन्छ। यो स्थितिमा मात्र बाह्य कोलाहलले आन्तरिक शान्तिलाई हल्लाउन सक्दैन। शिवजीलाई आदियोगी भनिन्छ किनकि उनले प्राणिक ऊर्जालाई सुषुम्ना नाडीमा प्रवाहित गर्दै सहस्रार चक्रमा स्थापित गरेर आफ्नो कुण्डलिनीलाई जागृत गरेर लोककल्याणका लागि कालकुट विष सेवन गरेका थिए र नीलकण्ठ नामले प्रख्यात भए।

हामी आममानिस त आफ्नै ठाउँमा छँदै छौं, साम, दाम, दण्ड, भेद नीति अपनाएर पटकपटक सत्तामा गएर भ्रष्टाचार गरी अकूत धन सम्पत्ति कमाउने नेताहरूको मनमा शान्ति छैन। सन्यास र वानप्रस्थ आश्रममा जाने उमेरमा गएका नेताहरू पनि पद प्राप्तिका लागि विभिन्न तिकडम गर्छन् र सधैँ सत्ता ओगटेर राख्न खोज्छन्। सत्ता युवा पुस्तालाई हस्तान्तरण गरेर आफू अध्यात्मतिर लाग्ने सोच नै छैन उनीहरूमा। हाम्रो धर्म र धर्मका प्रतीकहरूको महत्त्व नबुझ्नाले हाम्रो धर्म समाप्त पार्न लागिपरेर आफू भौतिक सुखसुविधाको दुश्चक्रमा फसेर आफ्नो र युवाहरूको पनि जीवन बर्बाद पारिरहेका छन्।

त्यसरी नै डमरूको पनि आध्यात्मिक महत्त्व छ। हिन्दू धर्मअनुसार तान्त्रिक परम्पराबाट जोडिएका भगवान शिवजीको वाद्य यन्त्रको रूपमा मानिन्छ। त्यस्तै बज्रयान बौद्ध धर्ममा यसलाई ध्यान साधनाको रूपमा लिइन्छ। हिन्दू धर्ममा शैव, शाक्त, सिद्धान्त तान्त्रिक बंशअन्तर्गत आउँछ। तन्त्र साधनामा डमरूको महत्त्वपूर्ण स्थान छ। तान्त्रिक विचार तथा प्रथाहरूका लागि विख्यात बज्रयान परम्परामा डमरूको विशेष महत्त्व छ। यसबाहेक डमरूको महत्त्व जैन धर्म, दाओवाद, जापानी शिंटो परम्परामा पनि उत्तिकै छ। डमरू बजाउँदा आध्यात्मिक ऊर्जा प्राप्त हुन्छ।



> अन्तरिक्षको खोजी गर्ने विश्वको सबैभन्दा ठूलो केन्द्र नासाले एउटा नयाँ आकृतिको खोजी गरेको छ। यो आकृति शिवजीको डमरूजस्तै छ। वैज्ञानिकहरूले यसलाई क्रेब नेबुला नाम दिएका छन्। भारतीय वैज्ञानिकहरूले यसलाई शिवको डमरू नामकारण गरेका छन्।

हाम्रो अर्घाखाँचीका महर्षि पाणिनीले संस्कृत भाषालाई सुव्यवस्थित गर्न व्याकरण रचना गर्न खोजे तर उनी असफल भएपछि शिवजीको आराधना गरे। उनको आराधनाबाट प्रसन्न भएर शिवजीले चौधपटक डमरू बजाए जसबाट संस्कृत व्याकरण लेख्ने सूत्र पाणिनीले फेला पारे। डमरूबाट निस्केका यी चौध सूत्र हुन्- अइउण् ऋलृक, एओङ् ऐऔच्, हयवरट्, लण्, ञमङ, णनम्, झभञ, घढधश्, जबगडदश्, खफछठथ, चटतव्, कपय्, शषसर, हल्।

एउटै श्वासमा यो सूत्रले झारे बिच्छीको विष उत्रिन्छ, सर्पलाई टोकेको मान्छेको कानमा उच्च स्वरले यो सुनाए ठीक हुन्छ, कुनै बाधा अड्चनले आवेशमा आएको मान्छेलाई यस मन्त्रले अभिमन्त्रित जल छर्के आवेश दूर हुन्छ, यो मन्त्र भोजपत्रमा लेखेर घाँटी वा हातमा बाँधेपछि प्रेत दोषबाट मुक्ति पाइन्छ, ज्वरो, सान्निपात आदिमा यस मन्त्रले फुके सञ्चो हुन्छ, अथवा यसलाई पीपलको ठूलो पातमा लेखेर बाँधे पनि फल प्राप्त हुन्छ, उन्माद वा मृगी आदि रोगले ग्रसित मानिसलाई यो सूत्रले झारे वा प्रतिदिन जलले अभिमन्त्रित गरेर खुवाए वा श्वेत चन्दनले अनारको कलमले भोजपत्रमा लेखेर कवचको रूपमा बाँधे रोग निको हुन्छ भन्ने विश्वास छ तर एउटै श्वासमा मन्त्र जप गर्नुपर्छ।

डमरूको ध्वनि जस्तै ध्वनि हामीभित्र बजिरहेको हुन्छ। यसलाई अ, उ र म अथात् ओम भनिन्छ। कैलाश पर्वतबाट यो ध्वनि निस्किरहेको कुरा वैज्ञानिकहरूले पनि पत्ता लगाएका छन्। ब्रह्माण्डमा पनि यो ध्वनि गुञ्जिरहेको छ। हृदयको धड्कन र ब्रह्माण्डको आवाजमा पनि डमरूको आवाज निस्किरहेको हुन्छ। दुनियाँका अनुसन्धानबाट डमरूको ध्वनि सुनिरह्यो भने मस्तिष्कले शान्ति पाउँछ र सबै प्रकारका तनावहरू भाग्छन् भन्ने पत्ता लागेको छ। यसको ध्वनिले वरिपरिको नकरात्मक ऊर्जा र नराम्रा शक्तिहरूको प्रभाव टाढा भाग्छ। तर, हाम्रो सनातन धर्मको प्रतीक चिह्नको सही प्रयोग नगरेर दुरुपयोग गरिरहेकाले नेपाल अशान्त तथा अस्थिर छ। यहाँ सबै अस्तव्यस्त छ।

भगवान शिवजीको डमरू एउटा वाद्ययन्त्रमात्र होइन, यो सृष्टिदेखि भयंकर प्रलय पनि ल्याउन सक्ने यन्त्र हो। शिवजीले ताण्डव नृत्य गर्दा हातमा त्रिशूल र डमरू हुन्थ्यो। शिवजीले डमरू बजाएर भूकम्प पनि ल्याउन सक्नुहुन्थ्यो र घनघोर वर्षा पनि गराउनु सक्नुहुन्थ्यो भन्ने विश्वास छ। यसले प्रलय ल्याउँन सक्छ, पापी, धर्मनाशाहरूका लागि यो प्रलयकारी पनि हो तर नेपाली सेनाले देशी, विदेशी फिरंगीहरूले नेपालबाट सनातन धर्म नाश गराइरहँदा, यसको मौलिकता, परम्परा, संस्कृति संस्कार नास हुँदा पनि यसको प्रयोग नगरेर आफ्नो प्रतीक चिह्न त्रिशूल र डमरूको मान गरिरहेको छैन।

डमरूको आवाज यदि एकैनासले बजिरह्यो भने यसले चारैतिरको वातावरणलाई परिवर्तन गरिदिन सक्छ। यो अत्यन्त डरलाग्दो पनि हुनसक्छ र सुखदायी पनि। यसको ध्वनिमा कैयौं रहस्यहरू लुकेका छन्। शिवजीको डमरू त्रिशूलसँगै बाँधिएको हुन्छ। यसको सम्बन्ध अन्योन्याश्रित छ। धार्मिक कथाहरू अनुसार प्रकृतिको सृष्टि गर्दा भगवान शिवजीले डमरू बजाएका थिए। यसरी ब्रह्माण्डको निर्माणमा शिवजीको डमरूको महत्त्वपूर्ण भूमिका छ। यो प्रकृतिको सबैभन्दा पहिलो बाद्ययन्त्र हो, विज्ञानले पनि यससँग मिल्दोजुल्दो तथ्य प्रमाणित गरेको छ। शिवजी यो समग्र ब्रह्माण्डको स्वामी हुनुहुन्छ। ब्रह्माण्डमा हामीले थाहा पाएको सौरमण्डलभन्दा पनि बेसी असंख्य सौर्यमण्डल छन्।

अन्तरिक्षको खोजी गर्ने विश्वको सबैभन्दा ठूलो केन्द्र नासाले एउटा नयाँ आकृतिको खोजी गरेको छ। यो आकृति शिवजीको डमरूजस्तै छ। वैज्ञानिकहरूले यसलाई क्रेब नेबुला नाम दिएका छन्। भारतीय वैज्ञानिकहरूले यसलाई शिवको डमरू नामकारण गरेका छन्। अन्तरिक्ष विज्ञानको नियमित नियमहरूबाट यो प्रमाणित भइसकेको छ कि पृथ्वीबाट ६५ हजार वर्षको दूरीमा स्थित क्रेब नेबुलाबाट अन्तरिक्षमा मात्र ध्वनि आइरहेको छैन अपितु धेरै थोक नयाँ उत्पत्ति पनि भइरहेको छ। अर्थात् सृष्टिको सिर्जन भइरहेको छ।

आफ्नो प्रतीक चिह्न पवित्र तथा शक्तिशाली डमरू तथा त्रिशूलको शक्ति नेपालीले चिन्न सकेनौँ जसकारण नेपालबाट सनातन धर्म, सनातन धर्मको संरक्षक संस्था, संस्कार, संस्कृति सबै लोप भएर गएका छन्, बाँकी जनताले केबल कर्मकाण्डमात्र धानेका छन्, यसको रक्षा र पुनरुत्थानका लागि पाइला सारेका छैनन्। निर्वाचन हाम्रो समस्याको समाधान होइन बरु यो म्लेच्छहरूको शासन व्यवस्थालाई सुदृढ गर्ने एउटा आयोजन हो। निर्वाचनबाट हाम्रो मौलिकता फर्किंदैन। विभिन्न गुट, उपगुटमा छरिएर रहेका सच्चा सनातन धर्मावलम्बीहरू अब एकजुट भई त्रिशूल तथा डमरूको महत्व बुझ्दै हातहातमा शिवजीकै झैँ त्रिशूल र डमरू बोकेर सबै सडकमा उत्रेर हाम्रो मौलिक धर्म, परम्परा, संस्कार र संस्कृतिको पुन:स्थापनाका लागि ताण्डव रूप धारण गरौँ। काण्डी सनातनीमात्र नबनौँ।

# सूर्य आराधनाको महा–पर्व छठ !

**कार्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म भव्य रूपमा गरिने सूर्यपूजालाई नै स्थानीय जनजिब्रोले छठ भनेर सम्बोधन गरेको हो। संस्कृत भाषाको 'षष्ठी' लाई नै छठ, छठी, छठमाता, छैठ, सूर्य षष्ठी, डाला छठ, प्रतिहार षष्ठी आदि विभिन्न नामिक विशेषणमा जनजिब्रोले सम्बोधन गर्दछन्।**



**बद्रीप्रसाद दाहाल**

यस वर्ष २०७९ कात्तिक महिनाको शुक्लपक्षको १३ गते रविबारका दिन छठ पर्व पर्न गएको छ। हाम्रो सनातन परम्पराअनुसार सो षष्ठी तिथिमा सम्पन्न गरिने चार दिने महा–अनुष्ठानलाई 'छठपर्व' भनेर पुकारिन्छ। यमपञ्चकको लगत्तै आउने चौथी तिथिमा व्रतालुहरू नुहाइधुवाई शुद्ध भएर हविष्यान्न लिने प्रचलन छ। यसलाई 'अरवाइन वा अरवा' भनेर पनि सम्बोधन गरिन्छ। मूलत: मिथिला संस्कृतिको अभिन्न अंग बनेको यो पर्व तराईवासी जनसमुदायको ठूलो चाडबाड हो। माछामासु, लसुनप्याज, कोदो, फापर मुसुरोलगायत तामसी र राजसी गुणका खाना यो समय वर्जित हुन्छ।

चौथीदेखि सप्तमीसम्म उपबासपूर्वक गरिने सूर्यको अभ्यर्चना निकै न्यासध्यान, अनुशासित र मर्यादामा रहेर मनाइने पर्व हो। विशेष गरेर महिला एवं पुरुषहरू नै यो पर्वका मुखपात्र हुन्। तर, हिजोआज यो पर्व हिमाल, पहाड, उपत्यकामा पनि सबै जनसमुदायले श्रद्धाभक्तिपूर्वक हर्षोल्लासका साथ मनाउनमा व्यापकता पाएको छ। यसैले आज आएर यो चाड सबै नेपालीहरूको साझा उत्सवको रूपमा पर्वीय संस्कृतिको अभिन्न अंग बन्न पुगेको छ। यस दिन नेपाल सरकारले सार्वजनिक बिदा दिने चलन पनि चलाएको छ।

कार्तिक शुक्ल पक्षको पञ्चमीको दिन जलाहारसमेत नलिई भक्तालुहरू व्रत बस्दछन्। बेलुकी घरघरमा खीर पकाइन्छ र चन्द्रमालाई त्यही प्रसाद चढाई पूजा गरिन्छ। अनि प्रसादको रूपमा एक छाकमात्र सो खीर खाइन्छ। स्थानीय भाषामा त्यसलाई 'खराना' भन्ने चलन छ। अनि भोलिपल्ट षष्ठी तिथिका दिन सबै पक्वान्न, फलफूल, नैवेद्यहरू एउटा टोकरीमा टन्न राखेर नयाँ कपडाले छोपी सायङ्कालीन समयमा बत्ती बालेर सूर्यलाई चढाइन्छ। सूर्यलाई प्रणाम गर्दै नदी वा तलाउमा तीनपल्ट डुबुल्किनुपर्दछ। उपाशनाको क्रममा भक्तिसंगीतका गीत, भजन, श्लोक र स्तवनहरू गाइन्छन् र संसारलाई प्रसूत गराउने सामर्थ्य भएकामा यसरी लयमा शिर झुकाइन्छ।

*'आदिदेव नमस्तुभ्यं प्रसीद मम भाष्कर: ।*
*दिवाकर नमस्तुभ्यं प्रभाकर नमो=स्तुते' ॥*
*सप्ताश्वरथमारूढं प्रचण्डं कश्यपात्मजम् ।*
*श्वेतपद्‌माम्भरं देवं तं सूर्यं प्रणमाम्यहम् ॥*
*त्यसै गरी अन्य स्तवनहरू पनि मनग्गे छन् :*
*नम: सवित्रे जगदेक चक्षुसे ।*
*जगत् प्रसूति स्थितिनाश हेतवे । ।*
*त्रयी मयाय त्रिगणात्मधारिणे ।*
*विरञ्चीनारायण शङ्करात्मने ॥ '*

माथि उल्लेख गरिएजस्ता पावन स्तवन आकाशै भेदन हुने गरी प्रार्थना र वन्दना काव्यभावले चढाउँछन् भने हिन्दी, मैथली, भोजपुरी, अवधी, नेपाली भाषा तथा लोकलयमा संगीत मिसाएर गाइन्छन् पनि।

हाम्रो संस्कृतिमा सूर्य स्थावर (अचर) र जंगम (चर) जगत्‌को आत्मा वा धड्कन हो। संसारको सर्ब प्राचीन ग्रन्थ ऋग्वेदले घोषणा गरेको छ –: ' उद्यनद्य मित्रमह आरोहन्नुत्तरां दिवम्। हृद्‌रोगं मम सूर्यं, हरिमाणं च नाशय ॥' अर्थात् हे हितकारी तेजवाला सूर्य तपाईं आज आकाशमा उदाएर मेरो मुटु रोग र पाण्डु रोग नष्ट गर्नुहोस्। मत्स्य पुराणले पनि निर्देश गरेर बोलेको छ : 'आरोग्यम् भाष्करादिच्छेत्' अर्थात् सूर्यबाट आरोग्यको कामना गरोस्। त्यसैले त यो हरफ बोल्छ 'नमस्कार : प्रियो भानु:, जलाधार प्रिय: शिव: ॥' मतलव सूर्य नमस्कार गर्दा खुशी हुन्छन् भने शिव जलधाराले सन्तुष्ट बन्नुहुन्छ। सूर्यबाटै यो संसारको सृष्टि, स्थिति र लय हुन्छ। भनिएको पनि छ : 'सूर्यात् भवन्ति भूतानि, सूर्येण पालितानि तु। सूर्ये लयं प्राप्नुवन्ति, य: सूर्य: सो=हमेवच ॥'

गवेषक एवं वैज्ञानिकहरूको मान्यता छ कि पृथ्वीबाट सूर्यको दूरी ९ करोड ७० लाख माइल छ। यसैले सूर्यको किरण पृथ्वीतलमा आइपुग्न सूर्य उदय भएको समयपछि ८ मिनेट १८ सेकेण्ड लाग्छ। यो दूरी प्रभातकालीन समयको हो तर मध्याह्न बेला यति समय लाग्दैन। साँझमा भने बिहानकै जति समय लाग्छ। त्यसैले त प्रभातकालीन साँझ र बेलुकाको साँझ सूर्यको उदय एवं अस्त हुँदा रातो वर्णको देखिन्छ। मूर्त रूप भएका दृष्य पदार्थमा सबभन्दा बढी प्रकाशपुञ्ज र ज्योतिष्मान् सूर्य नै हो। खोजकर्ताहरू भन्छन् : सूर्यको व्यास ८ लाख ८० हजार माइल छ, जो पृथ्वीभन्दा एक सय दस गुना बढी छ।

मनुष्य अध्ययनशील, विवेकी र चेतनशील प्राणी भएको नाताले सधैँ सूर्यको आराधना गर्नुपर्छ। त्यसैले त बिहानको समयमा जल, अर्घ्य, दूध, रातो फूल, रातै चन्दन अक्षता चढाएर आदित्य हृदयस्तोत्र पाठ गरी सूर्यको अभ्यर्चना गर्दछन्। सूर्यलाई अर्घ्य दिँदा यो मन्त्र पढ्न उत्तम हुन्छ। 'एहि सूर्य सहस्रांशो तेजो राशे जगत्पते। अनुकम्पय मां भक्त्या, गृहाणाघ्र्यं दिवाकर: ॥' अर्थात् सहस्र किरण भएका, तेजका अनन्तराशि, जगत्‌का स्वामी हे सूर्य ! तपाईं मेरोसमक्ष आउनुहोस्। हे दिवाकर ! ममाथि कृपा गर्नुहोस्।

अनि मैले भक्तिपूर्वक चढाएको यो अर्घ्य स्वीकार गर्नुहोस्। सूर्य नवग्रहहरूका राजा ग्रह हुन्। प्रकृति विज्ञान, खगोल विज्ञान, ज्योतिष विज्ञानमा सूर्यलाई प्रमुख ग्रहको रूपमा विवेचना गरेको छ। ज्योतिष शास्त्रमा सूर्यलाई आत्मकारक र आत्मबलदायक ग्रह मानिन्छ। हामी सनातनीहरू सधैँ 'पाञ्चायन' वा पञ्चदेवको पूजा गर्दछौँ। सूर्य, देवी, गणेश, शिव र विष्णुमध्ये आफ्नो कुल, सनातन परम्परा अनुसार कुनै एकलाई माझ वा केन्द्रस्थलमा राखेर पूजा गर्छौं जसमा सूर्य प्रमुख देवको रूपमा रहन्छन्।



> छठा सूर्यदेवलाई चढाउने परिकारमा भुसुवा (विशेष प्रकारको लड्डु) खीर, सखर, ल्वाङ, अलैंची मिसाएर बनाएको खजुरी आकारको मिठाई, अनि बोटसहितका उखु, केरा, अदुवा, मूला आदि हुन्। यसरी डुब्न लागेका सूर्यलाई अर्घ्य दिइन्छ। उदाउँदो र अस्ताउँदो सूर्यलाई सबैले पूजाआजा गर्दछन्।

यही कार्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म भव्य रूपमा गरिने सूर्यपूजालाई नै स्थानीय जनजिब्रोले छठ भनेर सम्बोधन गरेको हो। संस्कृत भाषाको ' षष्ठी' लाई नै छठ, छठी, छठमाता, छैठ, सूर्य षष्ठी, डाला छठ, प्रतिहार षष्ठी आदि विभिन्न नामिक विशेषणमा जनजिब्रोले सम्बोधन गर्दछन्। धर्मसिन्धु यसरी बोल्छ–शुक्लपक्षे तु सप्तम्यां सङ्क्रान्ति ग्रहणाधिका: ॥' अर्थात् सप्तमी तिथिमा नै सूर्यको उत्पत्ति भएको र सप्तमी तिथिका स्वामी पनि सूर्य भएबाट यो सप्तमी महत्वपूर्ण भएको हो। यो व्रतको प्रभावले आयु, आरोग्य, श्रीवृद्धि, सन्तान प्राप्ति र इच्छित फल पाउँन सकिन्छ।

उदाहरणको रूपमा स्वायम्भुव मनुका छोरा प्रियव्रत, दशरथकी रानी कौशल्या, पाण्डवकी पत्नी द्रौपदी, सुकन्या आदिले यही छठ पर्वको व्रतको प्रभावबाट मनोभिलाषा पूर्ण गरेका कुराहरू विभिन्न ग्रन्थहरूमा पढ्न पाइन्छन्। त्यसै भएर षष्ठीदेवीलाई यसरी स्तुति गरिन्छ। 'शुभायै देवसेनायै षष्ठीदेव्यै नमो नम:। वरदायै पुत्रदायै, धीदायै च नमो नम: ॥ सुखदायै मोक्षदायै, षष्ठीदेव्यै नमो नम:। सृष्ट्यै षष्ठांशरुपायै सिध्दायै च नमो नम: ॥'

यो पर्वमा सूर्यदेवलाई चढाउने परिकारमा भुसुवा (विशेष प्रकारको लड्डु) खीर, सखर- ल्वाङ अलैंची मिसाएर बनाएको खजुरी आकारको मिठाई, अनि बोटसहितका उखु, केरा, अदुवा, मूला आदि हुन्। यसरी डुब्न लागेका सूर्यलाई अर्घ्य दिइन्छ। उदाउँदो र अस्ताउँदो सूर्यलाई सबैले पूजाआजा गर्दछन्। उदाउँदो सूर्यबाट राता किरणहरू निष्कन्छन् जसले पाण्डुरोग, रक्त अल्पता, मुटुरोग नास गर्दछ भनी विज्ञहरू बताउँछन्। छठ पूजा एक्लै नगरी सामूहिक रूपमा गरिने पूजा हो। व्रत बस्ने अघिल्लो दिनै पतिपत्नी दुबै जना छिमेकमा अन्न, पैसा र पूजासामग्री माग्न घरघर जान्छन्। व्रत बस्न र घाटसम्म जान नसक्ने अशक्तहरूलाई षष्ठीमाताको आराधना पुगोस् भन्ने भावना हो यो।

बेदमा सूर्यलाई सविता, प्रसविता भनिन्छ। प्रसविताको अर्थ जीवनदाता हो। हामी सबै सूर्यकै प्रकाशबाट बाँचेका छौँ। बिहान बेलुका हामीले जप्ने गायत्री सूर्यकै स्तुति हो। भविष्य पुराण भन्ने ग्रन्थमा भगवान् कृष्णका छोरा शाम्बको कुष्ठरोग सूर्यकै उपाशनाबाट निको भएको कुरा पढ्न पाइन्छ। वास्तवमा हामीहरू प्रकृतिपूजक हौँ। पर्यावरणीय स्वच्छता, सन्तुलन र सुन्दरता प्राणी जगत्‌का लागि अपरिहार्य कुरा हो। वास्तवमा सूर्य उपाशना विज्ञानद्वारा अनुप्राणित धारणा हो भने साधक र शोधकबाट सिद्ध गरिएको उपहार हो।

अचेल संसारभर नै सौर्यशक्तिको उपयोग सबै क्षेत्रमा व्यापक भएको छ। विगतका हाम्रा मन्त्रद्रष्टा ऋषिमुनिहरूले दिएका सूत्रहरूकै बल नै आजका वैज्ञानिकहरूका धरातल हुन्। त्यसैमा टेकेर नयाँ नयाँ चमत्कार भइरहेका छन्। हाम्रा पूर्वजहरूले लहड, अन्धविश्वास तथा भावावेगमा सूर्यको पूजा उपाशना गरेका होइन रहेछन्। यसैले यो राष्ट्रिय पर्वलाई धार्मिक, सांस्कृतिक र सामाजिक रूपमा मनाएर यसको वैज्ञानिक पक्षलाई खोतल्नु आजका नवअभिनव पुस्ताको दिमागी कर्तव्य हो। त्यसैले त यो सबै जाति, वर्ण, धर्म, लिंग र हर भूगोलका लागि साझा तथा विश्वव्यापी पर्व बन्दैगएको छ। समाप्तम्।

# राष्ट्रियता जोगाउने र भत्काउने शक्तिबीचको लडाइँ

## बलियो सहकार्य नै जितको आधार : गठबन्धन

**विवेक खड्का/हिटा**

**दाङ, १३ कात्तिक**

आसन्न निर्वाचनका लागि दाङका उम्मेदवारहरू मतदाता भेटघाटमा व्यस्त छन्। तिहार सकिएलगतै उम्मेदवारहरू आगामी निर्वाचनमा आफूलाई मतदान गर्नका लागि अनुरोध गर्दै गाउँ केन्द्रित बनेका छन्। यो निर्वाचन दलहरूबीचको हारजितको भन्दा पनि राष्ट्रियता जोगाउने र भत्काउने शक्तिहरूबीचको लडाइँ भएको गठबन्धनका उम्मेदवारहरूको तर्क छ। उनीहरू यो निर्वाचनमा राष्ट्रियताको पक्षमा जनमत उभिने दाबी गरिरहेका छन्। तर, एकले अर्को दलको अस्तित्वलाई स्वीकार गरेर अघि बढ्ने योजना पेचिलो छ।



चुनावी अभियानअन्तर्गतका कार्यक्रमहरू तल्लो तहसम्ममै गठबन्धनमा आबद्ध दलका नेता तथा कार्यकर्ताहरूको संयुक्त सहभागितामा भइरहेका छन्। दाङ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मेटमणि चौधरीले यो गठबन्धनको सहकार्यले मन माइने काम भइरहेको बताउनुभयो। संघीय सरकारका शहरी विकासमन्त्री चौधरी नेकपा एकीकृत समाजवादीका तर्फबाट गठबन्धनका साझा उम्मेदवार हुनुहुन्छ।

गठबन्धनमा आबद्ध दलहरूले आगामी निर्वाचनमा बलियो सहकार्य निर्माण गर्ने अठोटसमेत गरेका छन्। प्रदेशसभामा पुन: जित दोहोऱ्याउन खोजेका दाङ क्षेत्र नम्बर १ (क) का उम्मेदवार इन्द्रजित चौधरीले आफ्नो क्षेत्रमा गठबन्धनमा आबद्ध दलका कार्यकर्ताहरूका बीचमा सहकार्यको वातावरण निर्माण भएको बताउनुभयो। लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्रीसमेत रहनुभएका चौधरीले एकले अर्को दलको अस्तित्व स्वीकारेर मतदान गर्ने वातावरण निर्माण भएको बताउनुभयो। उहाँले नागरिकहरूको मत आगामी निर्वाचनमा गठबन्धनका उम्मेदवारभन्दा बाहिर नजाने दाबी गर्नुभयो। चुनावमा गठबन्धनको पूरै मत गठबन्धनकै पक्षमा खस्ने चौधरीको दाबी छ।

गठबन्धनका तर्फबाट दाङ २ की प्रतिनिधिसभा सदस्य उम्मेदवार रेखा शर्माले आगामी निर्वाचनमा गठबन्धन कार्यान्वयनमा कुनै आशंका नरहने दाबी गर्दै गठबन्धनको बलियो सहकार्य नै सबै मतदाताहरूलाई आवश्यकता बोध हुन आवश्यक भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'यो सन्देश आममतदाताहरूसमक्ष पुगिरहेको पनि छ र आगामी निर्वाचनमा गठबन्धनको मत दायाँ-बायाँ भएर बाहिर कतै जाने छैन।' गठबन्धनको नीति कार्यान्वयनका लागि यसमा आबद्ध दलका नेता तथा कार्यकर्ताहरू तल्लो तहसम्मै सक्रिय रहेको भन्दै दलहरूले चुनावी अभियानका कार्यक्रमहरूमा समेत सहकार्यको वातावरण निर्माण गरिएको समेत उहाँले बताउनुभयो। यो क्षेत्रको निर्वाचनलाई निकै चासोका साथ हेरिएको छ। प्रतिनिधिसभा सदस्यका लागि एमाले महासचिव शंकर पोखरेल र पूर्वमन्त्री तथा माओवादी नेतृ रेखा शर्माबीच प्रतिस्पर्धा हुन लागेको यो क्षेत्रमा रोचक भिडन्त हुने लख काटिएको छ। दाङ २ (ख) का प्रदेशसभा सदस्य उम्मेदवार तथा कांग्रेस लुम्बिनी प्रदेशका प्रवक्ता प्रचण्ड न्यौपानेको आगामी निर्वाचनमा गठबन्धनका बीचमा कुनै 'तुष' कायम नरहने दाबी छ। स्थानीय तहको निर्वाचनमा आकांक्षीहरू धेरै भएकाले थोरै असन्तुष्टिहरू देखिनु स्वाभाविक हो तर अहिलेको निर्वाचन स्थानीय तहको निर्वाचन हैन,' न्यौपानेले भन्नुभयो, 'यो निर्वाचन संविधानको रक्षा गर्नेहरूकै पक्षमा हुनेछ, मतदाताहरूले संविधान मास्न खोज्नेहरूलाई चिनिसक्नुभएको छ।'

यसैगरी दाङ २ (क) का प्रदेशसभा सदस्य उम्मेदवार राजु खनालको तर्क पनि गठबन्धन कार्यान्वयनमा कुनै आशंका नरहने भन्ने छ। विपक्षी दलका उम्मेदवारहरूले गठबन्धन कार्यान्वयनलाई विफल बनाउनका लागि नकारात्मक प्रचारहरू गरेको भए पनि गठबन्धनमा आबद्ध दलका नेता तथा कार्यकर्ताहरू गठबन्धन कार्यान्वयनमा प्रतिबद्ध भइसकेको उहाँको भनाइ छ। 'गठबन्धनमा आबद्ध दलका बीचमा तिक्तता फैलाउने काम विपक्षीहरूबाट नभएका हैनन्,' उहाँले भन्नुभयो।

CMYK

# दर्शकले रुचाए ‘महापुरुष’, दुई दिनमा साढे दुई करोड ग्रस कलेक्सन



**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

दर्शकको शतप्रतिशत सकारात्मक प्रतिक्रिया पाएको ‘महापुरुष’ फिल्मले दुई दिनमा साढे दुई करोड ग्रस कलेक्शन गरेको छ। प्रदीप भट्टराईको निर्देशनमा तयार भएको फिल्मले तीन दिनको बिदाको भरपुर सदुपयोग गरेको छ। फिल्मले शुक्रबार, शनिबार र आइतबार बम्पर व्यापार गरेको छ। देशभरका मल्टिप्लेक्स हलमा दर्शकको उच्च अकुपेन्सी देखियो।

यो फिल्मले दुई दिनमा साढे दुई करोडको ग्रस कलेक्सन गरेको निर्माण पक्षले जनाएको छ। फिल्मले शुक्रबार देशभर एक करोडको ग्रस कलेक्सन गरेको थियो। शनिबार फिल्मको व्यापार साढे एक करोड रहेको निर्माता रविन्द्रसिंह बानियाँले जानकारी दिनुभयो। दुई दिनमा साढे दुई करोड ग्रस कलेक्सन गरेको फिल्मले यो साता लगानी सुरक्षित गर्दै निर्मातालाई मुनाफाको बाटोमा डोऱ्याउने पक्का छ।

टिकट बिक्रीका आधारमा आइतबार ‘महापुरुष’ ले एक करोडभन्दा बढी ग्रस कलेक्सन गरेको निर्देशक भट्टराईले जानकारी दिनुभयो। यो नेपालमा भएको फिल्मको व्यापारमात्र हो। निर्माण पक्षले विदेशमा फिल्मको ग्रस कलेक्सन सार्वजनिक गरेको छैन।

एकल बाबुको कथा, बुढ्यौली प्रेम तथा पारिवारिक घटनालाई फिल्ममा राम्रोसँग प्रस्तुत गरिएको छ। चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौड्याल, अरुण क्षेत्री, अञ्जना बराइलीलगायतको मुख्य भूमिका रहेको छ। फिल्म हेर्न सम्पूर्ण परिवार नै आउने गरेको देखिएको छ। शनिबार भक्तपुरमा एउटै परिवारका २८ जना फिल्म हेर्न हल पुगेका थिए। जतिले फिल्म हेरे सबैले सकारात्मक प्रतिक्रिया दिएका छन्।

हास्यकलाकार मनोज गजुरेलले ‘महापुरुष’ राम्रो बनेको भन्दै निर्माण पक्षलाई बधाई दिनुभएको छ। फिल्म हेरुञ्जेल कथा आफ्नै जस्तो लागेको उहाँले उल्लेख गर्नुभयो। ‘आफ्ना सन्तानको सुखका लागि संघर्ष गर्ने ‘महापुरुष’ लाई हार्दिक बधाई। आफ्ना एकल बाबाको खुशीका लागि त्याग गर्ने महापुत्रहरूलाई बधाई। एकल बाबाका कथा, व्यथा, त्याग र योगदानलाई सुन्दर ढंगले पस्कने ‘महापुरुष’ टिमलाई बधाई। फिल्म हेरुन्जेल फिल्मको कथा बोलिरहेको थिएन, हाम्रै भोगाइ व्यक्त भइरहेको थियो। मन र मस्तिष्कलाई एउटै डोरीमा बाँध्नु भएकोमा प्रदीपजीलाई बधाई। महजोडी, गौरी मल्ल लगायत नयाँ पुस्ताका सबै कलाकारलाई बधाई,’ फिल्म हेरेपछि गजुरेलले फेसबुकमा लेख्नुभएको छ।

गजुरेलसँगै अन्य सेलिब्रेटीहरूले पनि ‘महापुरूष’ को खुलेर प्रसंशा गरेका छन्। फिल्म ‘महापुरूष’ हेरेपछि कलाकार किरण केसीले अहिलेसम्मकै उत्कृष्ट भन्दै तारिफ गर्नुभयो। अभिनेता तथा निर्देशक निश्चल बस्नेतले कथा र पात्र चयनमा निकै ध्यान दिएको भनेर प्रसंशा गर्नुभयो। अभिनेत्री स्वस्तिमा खड्काले फिल्मको कास्टिङ पर्फेक्ट रहेको बताउनुभयो। ‘फिल्म हेर्दा कुनै एउटा पक्षभन्दा पनि समग्रमा फिल्म राम्रो बनेको छ। यसमा सच्याउने वा मिसकास्टिङ भएको केही छैन। पर्फेक्ट छ। हेर्दा कतै रोए, कतै हाँसे’, अभिनेत्री खड्काले भन्नुभयो। उहाँले नयाँ कलाकार अरुण क्षेत्री र अञ्जना बराइलीको प्रसंशा गर्दै फिल्म उद्योगमा स्वगत गर्नुभयो। अभिनेत्री केकी अधिकारीले उठान गरिएको विषयवस्तुले युवालाई सोच्न बाध्य बनाउने बताउनुभयो। कलाकार खगेन्द्र लामिछाने ‘महापुरूष’लाई ‘बा’को कथामा बनेको उत्कृष्ट फिल्म भन्नुहुन्छ। ‘नेपालमा ‘बा’हरूको कथामा फिल्मै बनेका थिएनन्। महापुरूषले ‘बा’को कथा उठाएको छ। फिल्म अत्यन्त बलियो छ,’ उहाँले भन्नुभयो, ‘फिल्ममा इमोसन, कमेडी, सन्देश सबै छ। यो फिल्म बच्चादेखि बुढासम्मलाई हेराउनुपर्छ। परिवारमा ‘बा’को भूमिका के हुन्छ भन्ने कुरा यो फिल्मले देखाएको छ।’

निर्देशक भट्टराईले जात्रा, शत्रुगते र जात्रै जात्रामार्फत आफूलाई निर्देशनमा स्थापित गरिसक्नुभएको छ। उहाँले डेब्यु फिल्म ‘जात्रा’ देखि नै दर्शकको विश्वास जित्नुभएको थियो। शत्रुगतेबाहेक जात्रा सिरिजलाई समीक्षकले पनि रुचाएका थिए। षट्कोण आर्ट्स प्रा.लि.को व्यानरमा निर्मित फिल्ममा कार्यकारी निर्माता रविन्द्र सिंह बानियाँ हुनुहुन्छ भने निर्माता दिपेश खत्री रहनुभएको छ। षट्कोण आर्ट्सले यसअघि टलकजङ भर्सेस टुल्के, जात्रा र जात्रै जात्रा फिल्म निर्माण गरेको छ। फिल्ममा दीपक बज्राचार्यको छायांकन, मित्र डी. गुरुङको सम्पादन रहेको छ। यही फिल्मबाट कवि नवराज पराजुलीले पनि गीतकारको रूपमा फिल्ममा डेब्यु गर्नुभएको छ। फिल्मको पार्श्व ध्वनिमा रोहित शाक्य/शैलेश श्रेष्ठ, ध्वनि संयोजनमा अमित श्रेष्ठ, रंग संयोजनमा कपिल पराजुली र प्रोडक्सन म्यानेजरमा रूपक प्रताप अधिकारी रहनुभएको छ।

फिल्मले नेपालमात्र नभई अष्ट्रेलियामा पनि राम्रो सुरुवात गरेको छ। सिड्नीको बरउडमा रहेको इभेन्ट सिनेमा हलमा फिल्म हेर्न आइपुगेका अधिकांशो आँखा रसाए। नेपालबाट अष्ट्रेलिया घुम्न आइपुगेका आफ्ना बुबाआमालाई लिएर फिल्म हेर्न आउनुभएका सुरेश भण्डारीले प्रवासमा बस्नेहरूका लागि फिल्म झनै महत्त्वपूर्ण रहेको प्रतिक्रिया दिनुभयो। ‘नेपाल रहेका बाआमा र हामी सपना बोकेर विदेश आएकाहरूको कथा झैं लाग्यो। थाहा नै नपाई आँखाबाट आसुँ झरेछन्’, अष्ट्रेलियाका सन्नी आचार्यले भन्नुभयो।

यसअगाडी जात्रा सिरिज र शत्रुगतेमार्फत जितेको विश्वासलाई गुम्न नदिएको सिड्नीमा रहेका पत्रकार राजन घिमिरेले बताउनुभयो। ‘हल आउनुभएको दर्शकले पहिलेभन्दा राम्रो फिल्म भन्नुभएको छ। हेर्नेको आँखा रसाएका छन्। यो फिल्म लामोसमयसम्म प्रदर्शन हुन्छ’, पत्रकार घिमिरेले भन्नुभयो। देश तथा विदेशबाट पाइरहेको प्रतिक्रियाले आफूसहित टिम उत्साहित रहेको निर्माता म्याक्स दिपेश खत्रीले बताउनुभयो। ‘हामीले पुऱ्याउन चाहेको सन्देश दर्शकसम्म पुगेको छ। उहाँहरूले मायाले हाम्रो मिहिनेतको परिणाम दिएझैं लागिरहेको छ’, निर्माता खत्रीले भन्नुभयो। फिल्ममा बुढेकालमा एक्लोपनको कथा देखाइएको छ।

आदर्शनगरमा बसोबस गर्ने अवकाश प्राप्त शिक्षकमार्फत पिता र एकल पुरुषसँगै एक्लोपन कथा फिल्ममा देखाइएको छ। भविष्य निर्माण गर्न अलग भइसकेको छोरा, सपना बोकेर अष्ट्रेलिया जान लागेको छोरा र एक्लोपनमा रहेका शिक्षकमार्फत समाजको गम्भीर विषयलाई सरल रूपमा प्रस्तुत गरिएको छ।

# ‘अन्तिम संस्कार’को छायांकन सम्पन्न

**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

प्रदीप शाहीको निर्देशनमा बनेको दोस्रो चलचित्र ‘अन्तिम संस्कार’को छायांकन पूरा भएको छ। शाही प्रोडक्सन नेपाल प्रालिको व्यानरमा निर्माण भएको चलचित्र ‘अन्तिम संस्कार’को ६० प्रतिशत छायांकन मुस्ताङको जोमसोम, मार्फा, कागबेनी र मुक्तिनाथ क्षेत्रमा र ४० प्रतिशत काठमाडौंमा गरिएको निर्माता विनोद सुवेदी खत्री (टाटेमित) ले जानकारी दिनुभयो।



झण्डै डेढ करोड लागतमा बनेको चलचित्रमा कलाकार विजय लामा, दिया पुन, रेश्मा घिमिरेसहित विशाल पहाडी, कृष्णभक्त महर्जन, एवन राज उप्रेती, त्रिचु राई, श्याम राई, धर्मेन्द्र आचार्य, सुरज खालिङ राई, पासाङ टी शेर्पा, सन्तोष लामा, सरोज कुमाल, अनु मगर, रेश्मा श्रेष्ठ, सस्मिता र दिग्गजलगायतको अभिनय छ।

सांस्कृतिक तथा सामाजिक कथावस्तु समेटिएको चलचित्र ‘अन्तिम संस्कार’को पोस्ट प्रोडक्सनको कार्य लण्डनमा गरिने छ। चलचित्रको छायांकन बाबु श्रेष्ठले गर्नुभएको हो। निर्देशक शाहीको ‘अन्तिम संस्कार’ दोस्रो फिल्म हो। उहाँको निर्देशनमा बनेको पहिलो फिल्म ‘गोर्खा बिनिथ द ब्रेभरी’ प्रदर्शन भइसकेको छ। लामो समयदेखि लण्डनमा बस्दै आउनुभएका शाहीले लण्डनबाटै सिनेमा मेकिङ सिकेर आउनुभएको हो।

# निर्देशक हिरा काजी थापा नेपाल फिल्म सोसाइटी यूकेको महासचिवमा चयन



**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

गीतकार तथा निर्देशक हिरा काजी थापा नेपाल फिल्म सोसाइटी युकेको महासचिव चयन हुनुभएको छ। नेपाल फिल्म सोसाइटी युकेले सर्वसम्मत रूपमा निर्मातासमेत रहनुभएका थापालाई शनिबार चयन गरेको हो।

सोसाइटीले शनिबार एक विज्ञप्ति जारी गर्दै कार्यकारी पूर्वमहासचिव मनसुधन थापामगर आफ्नो व्यवसाय कार्यभार व्यस्तताको कारण शनिबारबाटै महासचिव पदबाट अवकाश भएसँगै उक्त रिक्त पदमा निर्देशक थापालाई चयन गरिएको जनाएको छ। कार्यकारी पूर्वमहासचिव मनसुधन सहसचिव पदमा यथावत् रहने विज्ञप्तिमा उल्लेख छ।

नवनियुक्त महासचिव थापा लामो समयदेखि बेलायतमा रहेरपनि नेपाली गीतसंगीत र कला क्षेत्रमा आफ्नो सक्रियता देखाइरहनुभएको व्यक्ति हो। गीतकार तथा निर्देशक थापाका शब्दमा चर्चित गायिका अञ्जु पन्तको स्वरमा मैले रुँदा आँशु पुछ्थ्यौ, हाँस्दा सँगै हाँस्थ्यौं, नबिन के भट्टराईको स्वरमा रहेको सायद तिमी नै हौ मेरो दिलको धड्कन, पहिलो नेपाल आइडल बिजेता गायक बुद्ध लामाको स्वरमा रहेको के छ खबरलगायत सयौं गीत बजारमा आइसकेका छन्।

हाल बेलायतमा रहनुभएका थापा नयाँ चलचित्र निर्देशनका लागि कात्तिकमा नेपाल आउँदै हुनुहुन्छ। जसको छायांकन माघ अन्तिम साताबाट हुनेछ। जसको हाल स्क्रिप्टको काम भइरहेको निर्देशक थापाले जानकारी दिनुभयो।

# शाहरूखको जन्मदिनमा ‘दिलवाले दुल्हनियाँ ले जाएंगे’ रि-रिलिज गरिने



**मुम्बई/ एजेन्सी।** वलिउड अभिनेता शाहरूख खान आगामी २ नोभेम्बरमा ५७औं जन्मदिन मनाउँदै हुनुहुन्छ। उहाँको जन्मदिनको अवसर पारेर यशराज फिल्मस्ले दर्शकका लागि दुई ‘सरप्राइज’ दिँदैछ। एउटा सरप्राइज शाहरूख अभिनित फिल्म ‘पठान’को टिजर र अर्को सरप्राइज ‘दिलवाले दुल्हनियाँ जे जाएंगे (डीडीएलजे)’ को रि-रिलिज।

‘पठान’का निर्माता आदित्य चोपडाका अनुसार दर्शकलाई शाहरूखको जन्मदिनमा उपहारस्वरूप यी दुई काम गर्न लागिएको हो। डीडीएलजेको निर्माण कम्पनी यशराज फिल्मस् नै हो। सन् १९९५ अक्टोबर २० मा रिलिज भएको डीडीएलजे मुम्बईको मराठा मन्दिर सिनेमा घरमा २७ वर्षदेखि प्रदर्शनरत छ।

शाहरूखको जन्मदिनमा यो फिल्म मराठा मन्दिरका अलावा भारतका कैयौं थिएटरमा प्रदर्शन हुनेछ। फिल्मको टिकट मूल्य एक सय रुपैयाँदेखि १११ रुपैयाँसम्म राखिएको छ। यसका लागि अनलाइनमार्फत एडभान्स बुकिङ खुला गरिसकिएको छ। अहिलेको लागि मुम्बई, दिल्ली एनसीआर, कोलकाता, कानपुर, अहमदाबाद, लखनउ, पुणे र सुरतका थिएटरमा एडभान्स बुकिङ खुलाइएको छ। फिल्म ‘पठान’ मा शाहरूखका अलावा दीपिका पादुकोण र जोन अब्राहम प्रमुख भूमिकामा हुनुहुन्छ। सिद्धार्थ आनन्द निर्देशित फिल्म सन् २०२३ जनवरी २५ मा हिन्दीसँगै तमिल र तेलुगू भाषामा रिलिज हुँदैछ।

# नयनतारा र विग्नेशलाई सरकारको ‘क्लिनचिट’



**मुम्बई/ एजेन्सी।** साउथ अभिनेत्री नयनतारा र निर्देशक विग्नेश शिवन हालै सरोगेसीका माध्यमबाट अभिभावक बन्नुभएको थियो। विवाहको चार महिनापछि नै अभिभावक बनेपछि नयनताराको सरोगेसी मामला विवादमा तानिएको थियो। उहाँहरूको विषयलाई लिएर तमिलनाडु सरकारले जाँचबुझ समिति नै गठन गरेको थियो।

अहिले आएर सरकारले यो मामलामा उहाँहरूलाई राहत दिएको छ। अनुसन्धानपछि प्राप्त रिपोर्टका आधारमा तमिलनाडु सरकारले नयनतारा र विग्नेशले सरोगेसीमा कुनै पनि नियम नतोडेको उल्लेख गरेको छ। सरकारबाट ‘क्लिनचिट’ पाएपछि विग्नेशले सामाजिक सञ्जालमा खुशी व्यक्त गर्नुभएको छ।

जाँचबुझको क्रममा नयनतारा र विग्नेशले सन् २०१६ मा नै अदालती विवाह गरेको खुलेको थियो। जाँचबुझ रिपोर्टमा सरोगेसी नियममा परिवर्तन हुनुअघि नै उहाँहरूले सरोगेसीको प्रक्रिया सुरु गरिसकेको उल्लेख छ। यही कुरालाई आधार मान्दै सरकारले उहाँहरूलाई निर्दोष साबित गरेको हो। यद्यपि जोडीको सरोगेसी गराउने अस्पताल भने यो मामलामा फँसेको छ। जाँचबुझ समितिले सरोगेसीका मामलामा नयनतारा र विग्नेश निर्दोष भए पनि उहाँहरूलाई सरोगेसीको सुविधा दिने अस्पतालले नियम मिचेको आरोप लगाएको छ। हालसम्म जोडीको पारिवारिक डाक्टरसँग सम्पर्क हुन नसकेको जनाइएको छ। किनकि डाक्टर हाल भारतमा छैनन्। यो मामलामा सरकारले निजी अस्पताललाई एक सूचना पठाइसकेको छ।

गत अक्टोबर ६ मा विग्नेशले सामाजिक सञ्जालमार्फत आफूहरू जुडुवा सन्तानको अभिभावक बनेको जानकारी गराउनुभएको थियो। नयनतारा र विग्नेशले ६ वर्षको डेटपछि सन् २०२२ जुन १० मा विवाह गर्नुभएको थियो।

# ‘हिरो नम्बर १’ को रिमेकमा टाईगर

**एजेन्सी**
**मुम्बई, १३ कात्तिक**

एक्सन र डान्सका कारण चर्चामा आइरहने बलिउड अभिनेता टाईगर श्राफले सन् १९९७ मा



रिलिज फिल्म ‘हिरो नम्बर १’ को रिमेकमा प्रमुख भूमिकामा अभिनय गर्ने हुनुभएको छ। श्राफले सन् २०१४ बाट अभिनयको करियर सुरुवात गर्नुभएको थियो। फिल्म उद्योगमा आएको केही समयमै उहाँले आफ्नो पहिचान बनाइसक्नुभएको छ।

डेविड धवनको निर्देशनमा बनेको फिल्म ‘हिरो नम्बर १’ मा गोविन्दा र करिश्मा कपुर प्रमुख भूमिकामा रहनुभएको थियो। यो फिल्मलाई दर्शकले निकै मन पराएका थिए।

रिमेक भर्सको फिल्ममा जगन शक्तिको निर्देशन र जेकी भगनानीको निर्माण हुनेछ। ठूलो बजेटमा निर्माण हुने यो फिल्मको सुटिङका लागि निर्माताले समय तालिका तयार पारिसकेका छन्। फिल्मको सुटिङ सन् २०२३ मा सुरु हुनेछ। हाल यसको प्रि-प्रोडक्सनको काम भइरहेको छ। फिल्म युनिटले बाँकी कलाकारको नाम छिट्टै सार्वजनिक गर्ने जनाएको छ।

टाइगरको कामको कुरा गर्दा उहाँ फिल्म ‘गणपत’, ‘रेम्बो’ र ‘बडे मियाँ छोटे मियाँ’मा देखिँदै हुनुहुन्छ। यसबाहेक उहाँ ‘मिसन लायन’ मा पनि देखिँदै हुनुहुन्छ। टाइगर पछिल्लोपटक ‘हिरोपन्ती २’मा देखिनुभएको थियो। यो फिल्म बक्सअफिसमा फ्लप सावित भएको थियो।

# भैरहवामा पहिलो पटक सांस्कृतिक महोत्सव हुँदै

**भैरहवा/हिटा।** भैरहवामा पहिलो पटक सांस्कृतिक महोत्सव हुनलागेको छ। हालैमात्र स्थापित सामाजिक संस्था लायन्स क्लब अफ



लिगेसीले १७ कात्तिकबाट प्रथम सिद्धार्थनगर सांस्कृतिक मेला २०७९ आयोजना गर्न लागेको हो।

संस्कृतिको जगेर्ना, स्थानीय प्रतिभाको प्रस्फुटन सँगसँगै विशेषज्ञ स्वास्थ्य सेवाका साथ २७ कात्तिकसम्म भैरहवाको हनुमान मन्दिर पसिरमा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिने संस्थाका अध्यक्ष रविकान्त उपाध्यायले जानकारी दिनुभयो।

मेलामा राष्ट्रिय, स्थानीय कलाकारका साथै चर्चित भोजपुरी गायकहरूको प्रस्तुति रहनेछ। मेलाको मुख्य आकर्षणको रूपमा गायक दुर्गेश थापा, प्रकाश सपुत, प्रीति आले, कर्णराज गिरी, मोडल करिश्मा ढकाल, प्रीति पासवान, डान्सर बबिता धिताल, भोजपुरी स्टार गायक रितेश पाण्डे, सिल्पी राज, समर सिंहलगायत रहने छन्। सो अवसरमा कुस्ती प्रतियोगिता पनि हुने कार्यक्रम संयोजक राजन शुक्लाले जानकारी दिनुभयो।

महोत्सवमा दैनिक डान्स आइडल पनि हुनेछ। स्थानीयको सहभागितामा हुने आइडलमा प्रथम हुनेलाई ३० हजार ५५५ रुपैयाँ, द्वितीय हुनेलाई १५ हजार ५५५, तृतीयलाई १० हजार ५५५ र पाँच हजार ५५५ रुपैयाँको सान्त्वना पुरस्कार राखिएको छ। बालबालिका तथा युवाहरूको मुख्य आकर्षण रूपमा रहँदै आएको बाल उद्यान, स्थानीय उत्पादन, कृषि, उद्योग, व्यापार, गार्मेन्ट र रेष्टुरेन्टलगायतको ५० वटा स्टल राखिनेछ। ५० हजार अवलोकनकर्ता सहभागी गराउने लक्ष्यसहित प्रवेश शुल्क विद्यार्थीका लागि ५० रुपैयाँ र अन्यका लागि ७० रुपैयाँ तोकिएको छ।

# सियोलमा भागदौड मच्चिँदा १५० भन्दा बढीको मृत्यु

**एएफपी**
**सियोल, १३ कात्तिक**

दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित एक धार्मिक उत्सवमा भागदौड मच्चिँदा कम्तीमा १५० जनाभन्दा बढीको मृत्यु भएको अधिकारीले बताएका छन्। ईसाई धर्माबलम्बीले प्रत्येक वर्ष अक्टोबर ३१ मा मनाउने ‘हेलोवीन’मा सहभागी मानिसहरू राजधानीको प्रसिद्ध इटावोन जिल्लामा भागदौड हुँदा शनिबार उत्सवमा सहभागी राति एक लाखभन्दा बढी मानिस त्यस क्षेत्रका साँघुरा गल्ली र घुमाउरो सडकहरूमा थुनिएपछि उक्त अप्रिय घटना भएको प्रहरीले जनाएको छ।

घटनाप्रति दु:ख व्यक्त गर्दै दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलले आइतबार राष्ट्रिय शोकको घोषणा गर्दै टेलिभिजनमार्फत गरेको एक सम्बोधनमा भन्नुभयो, ‘एउटा त्रासदी र विपत्ति आयो जुन हुनु हुँदैनथ्यो।’

उहाँले भन्नुभयो, ‘सरकारले घटनाको विस्तृत अनुसन्धान गर्नेछ र भविष्यमा फेरि



यस्तै दुर्घटना नहोस् भनी आवश्यक सुधार गर्नेछ तथा सावधानी अपनाउनेछ।’

‘दुर्घटनास्थलको भ्रमण गर्नुअघि र उद्धारकर्मीसँग कुरा गर्नुअघि सञ्चारकर्मीसँग बोल्दै राष्ट्रपति योलले भन्नुभयो, ‘घटनापछि मेरो हृदय भारी बनेको छ र पीडा नियन्त्रण गर्न गाह्रो भएको छ।’ प्रत्यक्षदर्शीहरूले साँघुरो, ढलान भएको गल्लीमा फसेका मानिसहरू एकअर्कामाथि ढलेका र घुँडा टेकी उठ्ने र भीडबाट बाहिर निस्कन कोसिस प्रयास गर्दागर्दै भीडले कुल्चेर जीवन त्याग्न बाध्य भएका बताएका छन्।

स्थानीय समयानुसार राति १० बजे भएको भागदौडमा परी १९ विदेशीसहित कम्तीमा १५१ जनाको मृत्यु भएको अग्नी नियन्त्रण विभागले जनाएको छ। मृत्यु हुनेमा अधिकांश २० वर्षभन्दा कम उमेरका युवती रहेको र ८९ जना घाइते भएको बताइएको छ। गृह मन्त्रालयले मृतकमध्ये अधिकांशको पहिचान भइसकेको जनाएको छ। ‘हेलोवीन घटनाका क्रममा धेरैलाई कुल्चिएका कारण हताहत हुनेको संख्या धेरै हुन गएको छ,’ अग्नि नियन्त्रक चोइ सियोङ-बिओमले घटनास्थलमा रहेका पत्रकारहरूलाई बताउनुभयो। घटनामा कैयौं व्यक्ति सख्त घाइते भएकाले मृतकको संख्या बढ्न सक्ने उहाँले बताउनुभयो।

यसैबीच, भागदौडमा मृत्यु भएका १५० मध्ये करिब ५० जनाको हृदयघात भएको आशंका गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। स्थानीय प्रसारक वाइटीएनका अनुसार सियोलको रात्रिकालीन पर्यटकीय गन्तव्य इटेवोनमा रहेको एक बारमा एक अज्ञात सेलेब्रिटीको कार्यक्रम हेर्न ठूलो संख्यामा भीड जम्मा भएको समय भागदौड मच्चिएको थियो।

# दीपेन्द्रको शानदार शतक



**हिमालय टाइम्स**

**काठमाडौं, १३ कात्तिक**

कप्तान दीपेन्द्रसिंह ऐरीको शानदार शतकसहित अलराउन्ड प्रदर्शन मद्दतमा नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय प्रतियोगितामा विजयी सुरुवात गरेको छ । मूलपानी क्रिकेट मैदानमा आइतबार सम्पन्न खेलमा पुलिसले पहिलो खेलमा बागमती प्रदेशलाई १९२ रनको फराकिलो अन्तरले पराजित गरेको हो ।

जितको लागि २९० रनको विजयी लक्ष्य पछ्याएको बागमती २८ ओभरमा ९७ रनमा अल आउट भयो । बागमतीको लागि ओपनर ईशान पाण्डेले ४७ बलमा २ चौका र १ छक्कासहित सर्वाधिक २४ रन बनाउनुभयो ।

यस्तै रामनरेश गिरीले २३ बलमा २ छक्कासहित २२, सोनु देवकोटा २, सूर्य तामाङ ७, नन्दन यादव १०, कप्तान ज्ञानेन्द्र मल्लले ४, रित गौतम र दुर्गेश थापाले एक/एक रन बनाउनुभयो । यस्तै प्रतिश जिसीले १४ बलमा २ छक्कासहित १४ रन बनाउनुभयो ।

पुलिसका दीपेन्द्रसिंह ऐरीले ५ ओभरमा १ मेडनसहित १० रन खर्चेर ३ विकेट लिनुभयो । त्यसबाहेक करण केसीले ६ ओभरमा २ मेडनसहित १३ रन खर्चेर २ विकेट लिनुभयो । गुलशन झा र सागर ढकालले दुई/दुई विकेट लिनुभयो ।

त्यसअघि मुलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको पुलिसले निर्धारित ५० ओभरमा ५ विकेट गुमाउँदै २८९ रन बनाएको थियो । पुलिसका कप्तान दीपेन्द्रले ८२ बलमा ११ चौका र ४ छक्कासहित १०८ रनको शानदार शतकीय इनिङ खेल्नुभयो ।

दीपेन्द्रले ७७ बलमा आफ्नो शतक पूरा गर्नुभएको थियो । चौथो विकेटका लागि दीपेन्द्र र आरिफ शेखले १३६ रनको शानदार शतकीय साझेदारी गर्नुभएको थियो । आरिफले ६८ बलमा १ चौका र १ छक्कासहित ३६ रन बनाउनुभयो ।

ओपनर सुनिल धमला २३ बलमा ५ चौका र १ छक्कासहित ३७ रन जोड्दै राम्रो सुरुवात दिलाउनुभयो । कुशल भुर्तेल ७२ बलमा ४ चौकासहित ३७ रनमा आउट हुनुभयो । बागमतीका नन्दन यादवले १० ओभरमा ७३ रन खर्चेर २ विकेट लिनुभयो ।

पुलिसले अब सोमबार प्रदेश १ सँग मुलपानीमा नै खेल्नेछ । बागमतीले मंगलबार लुम्बिनीसँग खेल्नेछ ।

### एपीएफको जित

प्रधानमन्त्री कपअन्तर्गत आइतबार त्रिवि क्रिकेट मैदानमा भएको अर्को खेलमा विभागीय टोली एपीएफ क्लबले त्रिभुवन आर्मी क्लबलाई ५७ रनले पराजित गर्‍यो । एपीएफले दिएको २२० रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको आर्मी ३२ ओभर १ बलमा १६३ रनमै रोकियो ।

आर्मीका लागि हरि चौहान र रोहित पौडेलको अर्धशतकीय इनिङ खेल्नुभएको थियो । चौहानले ६५ तथा पौडेलले ५१ रन जोड्नुभयो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले ४७ ओभर ४ बलमा अलआउट हुँदै २१९ रन बनाएको थियो । एपीएफका लागि प्रदिप ऐरी र सन्दीप जोराले अर्धशतकीय इनिङ खेल्नुभयो ।

प्रदिपले ८० बलमा ४ चौका र ६ छक्कासहित ७१ तथा सन्दीपले ६२ बलमा ६ चौकासहित ५० रन बनाउनुभयो । यस्तै भुवन कार्कीले २६, कप्तान शरद भेषवाकरले १६, र अमर रौटेलाले १० रन जोड्नुभयो । आर्मीका बिक्रम सोबले ४ विकेट लिनुभएको थियो ।

प्रतियोगितामा तीन विभागीय टोली र सात प्रदेश गरी कुल १० टोलीको सहभागिता रहेको छ । समूह 'ए' मा नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश छन् । समूह बी मा नेपाल पुलिस क्लब, बागमती, लुम्बिनी, मधेश र प्रदेश एक रहेका छन् ।

आयोजक नेपाल क्रिकेट संघ(क्यान)का अनुसार प्रधानमन्त्री कपको विजेताले १० लाख र उपविजेता टोलीले पाँच लाख पाउनेछन् । सेमिफाइनलमा पुग्ने टोलीले ५०-५० हजार पाउनेछन् । त्यस्तै प्रतियोगिता सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ पाउनेछन् ।

प्रतियोगिता उत्कृष्ट ब्याटर र बलरले समान २० हजार पाउनेछन् । प्रतियोगिता उदीयमान खेलाडीले १० हजार प्राप्त गर्नेछन् । प्लेयर अफ द म्याचले पाँच हजार पाउनेछन् । प्रतियोगिताको अनुमाति कुल बजेत एक करोड ५० लाख छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले ६० लाख सहयोग गर्नेछ भने बाँकी रकम क्यानले जुटाउनेछ ।

# एञ्जिलाले भारतीय आई लिग खेल्ने

**हिमालय टाइम्स**

**काठमाडौं, १३ कात्तिक**

नेपाली महिला राष्ट्रिय टिमकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बाप्पो सुब्बाले इण्डियन वुमेन्स आई लिग फुटबल खेल्नुहुने भएको छ ।



आई लिग टोली सेथु एफसीले यस सिजनका लागि एञ्जिलालाई अनुबन्ध गरेको हो । योसँगै आई लिग खेल्ने उहाँ तेस्रो नेपाली महिला खेलाडी बन्नुभएको छ ।

यसअघि सावित्रा भण्डारी र अनिता बस्नेतले आई लिग खेल्नुभएको छ । सावित्राले पनि यसअघि सेथु एफसीबाट खेल्नुभएको थियो । एञ्जिलाले नेपाली घरेलु फुटबल एपिएफबाट खेल्दै आउनुभएको छ । उहाँ राष्ट्रिय टोलीसँगै एपिएफ क्लबको पहिलो रोजाइको गोलरक्षकसमेत हुनुहुन्छ ।

पहिलो व्यावसायिक फुटबल खेल्नका लागि सेथुसँग अनुबन्ध हुन पाउँदा एञ्जिलाले खुशी व्यक्त गर्नुभयो । उहाँले आफ्नो उत्कृष्ट प्रदर्शन गर्दै अरू खेलाडीलाई पनि अवसरको ढोका खेल्ने प्रतिबद्धता जनाउनुभयो ।

'यो मेरा लागि करिअरकै ठूलो अवसर हो । मैले मेरो उत्कृष्ट दिने प्रयास गर्नेछु । मैले राम्रो खेल्दा अरूलाई पनि अवसर हुन्छ । अरूका लागि अवसरको ढोका खोल्नु मेरो जिम्मेवारी पनि हो,' उहाँले भन्नुभयो, 'यसअघि पनि सावित्रा र अनुले आई लिगमा राम्रो प्रदर्शन गर्दै आउनुभएको छ । मैले पनि उहाँहरूको प्रदर्शनलाई निरन्तरता दिने प्रयास गर्नेछु ।'

एञ्जिलाकै नेतृत्वमा नेपाल वुमेन्स साफ च्याम्पियनसिप २०२२ मा दोस्रो भएको थियो । सेथु सन् २०१८-२०१९ को आई लिग च्याम्पियन हो र गत सिजन सेथु उपविजेता बनेको थियो ।

# फुटबलर देवकोटाको उपचारमा आर्थिक सहयोग

**हिमालय टाइम्स**

**पोखरा, १३ कात्तिक**

बगर भाइखलक पोखराले फुटबलर अञ्जन देवकोटाको उपचारका लागि एक लाख आर्थिक सहयोग गरेको छ । पोखरा महानगरपालिका-१ निवासी फुटबल खेलाडी देवकोटालाई सहयोग रकम प्रदान गरिएको हो ।

देवकोटा दमौलीमा खेलका क्रममा बायाँ घुँडामा चोट लागेर घाइते हुनुभएको थियो । उहाँको शल्यक्रियाका लागि सो सहयोग गरिएको भाइखलकका सदस्य ईश्वर (चन्द्र) गुरुङले जानकारी दिनुभयो ।

सहयोग रकम हस्तान्तरण गर्दै गुरुङले देवकोटाको उपचारका लागि सहयोगको खाँचो रहेको बताउनुभयो । सहयोग पाएपछि देवकोटाले बगर भाइखलकप्रति आभार व्यक्त गर्नुभयो । आफ्नो उपचारका लागि बगर भाइखलकसँगै अन्य विभिन्न व्यक्तित्वहरूले समेत सहयोग प्रदान गरिरहेको जानकारी दिँदै सफल शल्यक्रियापछि फेरि खेलमा फर्किनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'मेरो शल्यक्रिया सफल भइसकेपछि चिकित्सकको सल्लाह, सुझावअनुसार म केही महिनाको 'बेडरेष्ट' मा हुनेछु । पूर्णरूपमा ठीक भएपछि फेरि मैदानमा फर्किएर खेलजीवनलाई निरन्तरता दिने योजनामा छु ।' फुटबलर देवकोटा विभिन्न प्रतिष्ठित क्लबबाट फुटबल प्रतियोगिता खेल्दै आउनुभएको छ ।

# एमसिसीविरुद्ध क्यान-११ को जित

**हिमालय टाइम्स**

**पोखरा, १३ कात्तिक**

पोखरा रंगशालामा भएको मेरिलेबोन क्रिकेट क्लब (एमसिसी) विरुद्धको खेलमा नेपालको क्यान-११ ले दुई विकेटको जित हात पारेको छ । नेपाल भ्रमणमा रहेको एमसिसीको महिला टोलीले पोखरा रंगशालामा जितका लागि ११४ रनको लक्ष्य दिएको थियो । उक्त विजयी लक्ष्य पछ्याएको क्यान ११ ले ३४.४ ओभरमा ८ विकेट गुमाउँदै लक्ष्य भेट्टायो । क्यान-११ का लागि नेरी थापाले ४८ बलमा ३ चौकासहित सर्वाधिक ३३ रन जोड्नुभयो । उहाँ खेलको प्लेयर अफ द म्याचसमेत चुनिनुभयो ।

नेपालको सुरुवात भने राम्रो हुन सकेन । काजल श्रेष्ठ, इन्दु बर्मा र सीता रानामगरले खाता खोल्न सक्नुभएन । सुमन खतिवडा ८, सम्झना खड्का १, रुबिना क्षेत्री १३, कविता जोशी २ र कविता कुँवर १६ रनमा आउट हुनुभयो ।



एक समय २० ओभरमा ५७-८ को अवस्थामा पुगेको नेपाली टोलीलाई नवौं विकेटका लागि अस्मिना कर्माचार्य र नेरी थापाले ५८ रनको साझेदारी गर्दै जित दिलाउनुभएको थियो । अस्मिना ४८ बलमा १ चौकासहित १८ रनमा अविजित रहनुभयो । एमसिसीका लागि रिया रावल र राहेल पोटरले दुई/दुई विकेट लिनुभयो ।

त्यसअघि पोखरा रंगशालामा टस जितेर पहिला ब्याटिङ रोजेको एमसिसीले निर्धारित ४० ओभरमा ९ विकेट गुमाउँदै ११३ रन बनाएको थियो । एमसिसीका लागि ओपनर क्लेयर टेलरले ५२ बलमा १ चौकासहित २० रन बनाउनुभयो । यस्तै, ओपनर जेनी किल्जिंगरले ५६ बलमा २ चौकासहित २१, अबी १० र अमाण्डाले १६ रन जोड्नुभएको थियो ।

क्यान-११ का लागि कप्तान रुबिना क्षेत्रीले ८ ओभरमा १ मेडनसहित १२ रन खर्चेर ३ विकेट लिनुभयो । त्यसबाहेक सीता रानामगरले ८ ओभरमा २९ रन खर्चेर ३ तथा नेरी थापा र इन्दु बर्माले एक/एक विकेट लिनुभयो ।

एमसिसी पहिलो खेलमा नेपालको मिक्स्ड ११ सँग १०७ रनले पराजित भएको थियो । दोस्रो खेलमा एमसिसीले आइसिसी यू-१९ टोलीलाई १६ रनले हराएको थियो । तेस्रो खेलमा क्यान-११ सँग १९ रनले पराजित भएको थियो । एमसिसीले अब अन्तिम खेल मंगलबार खेल्नेछ ।

# दमकलाई हराउँदै बेलबारी सेमिफाइनलमा

**हिमालय टाइम्स**

**मोरङ, १३ कात्तिक**

मोरङको पथरी शनिश्चरेमा जारी पिट्सवर्ग च्यालेन्ज कपको दोस्रो खेलमा बेलबारी फुटबल क्लब बेलबारी विजयी भएको छ । भुट्निज युथ क्लब बेलडाँगी दमकलाई एकका विरुद्ध दुई गोल गर्दै बेलबारी विजयी भएको हो ।

निकै प्रतिस्पर्धात्मक खेलमा बेलबारी एफसीका विल्सन गिरीले खेलको २१ मिनेटमा गोल गर्दै अग्रता लिनुभयो । पहिलो हाफमा १-० गोलले पछि रहेको भुट्निज युथ क्लब बेलडाँगी दमकले खेलको ६५औँ मिनेटमा अर्को गोल खान पुग्यो । मैदानको बीच भागबाट पाएको पासमा बेलबारीका निशान लिम्बूले किपरलाई बिट मार्दै उत्कृष्ट गोल गर्नुभएको थियो ।

भुट्निज युथ क्लब बेलडाँगी दमकका लागि खेलको ९३औँ मिनेटमा एकमात्र सान्त्वना गोल नवीन विश्वकर्माले गर्नुभएको थियो । खेलको म्यान अफ दी म्याच बेलबारी फुटबल क्लबका मैसम लिम्बू घोषित हुनुभयो । लिम्बूलाई प्रतियोगिताको विशिष्ट अतिथि इलाका प्रहरी कार्यालय पथरीका प्रमुख प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले नगद दुई हजार पाँच सयका साथ ट्रफी प्रदान गर्नुभयो ।


पथरी शनिश्चरे वडा नं. १० को प्रस्तावित रंगशालामा सञ्चालन भइरहेको खेलअन्तर्गत आइतबार पथरी शिविर र लेटाङ एफसीबीच खेल हुनेछ ।

प्रतियोगिताको विजेताले दुई लाख एक हजार र उपविजेताले एक लाख एक हजार नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । सात विधाका उत्कृष्ट खेलाडीलाई पाँच हजारदेखि सात हजार पाँच सय नगद पुरस्कार प्रदान गरिने खेल संयोजक गणेश थक्लुङले जानकारी दिनुभयो । यही कात्तिक ११ गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा झापा र मोरङका आठ टोली सहभागी छन् ।

# भ्यालेन्सियालाई हराउँदै बार्सिलोना शीर्षमा

**बार्सिलोना/ एजेन्सी ।** भ्यालेन्सियामाथि १-० को जित हात पार्दै बार्सिलोना स्पेनिस ला लिगा फुटबलको शीर्ष स्थानमा उक्लिएको छ । जितसँगै रियल म्याड्रिडलाई पछि पार्दै बार्सिलोना शीर्षमा उक्लिएको हो ।

बार्सिलोनाको जितमा रोवर्ट लेवान्डोस्कीले अन्तिम समयमा निर्णायक गोल गर्नुभयो । बार्सिलोनाका लागि २३औँ मिनेटमा अन्सु फातीले गोल गर्नुभए पनि रेफ्रीले उक्त गोललाई अफसाइड दिनुभएको थियो । ५०औँ मिनेटमा भ्यालेन्सियाका सामुइल डियास लिनोले गोल गर्नुभएको थियो । तर, भिएआरमा चेक गर्दा हातले बल छोएको



देखिएपछि उक्त गोलले पनि मान्यता पाएन ।

खेलको इन्जुरी समयमा लेवान्डोस्कीले राफिन्हाको क्रसमा गोल गर्दै बार्सिलोनालाई जित दिलाउनुभयो । यस जितसँगै शीर्ष स्थानमा उक्लिएको बार्सिलोनाको १२ खेलबाट ३१ अंक पुगेको छ । समान ३१ अंक नै रहे पनि एक खेल कम खेलेको रियल गोल अन्तरमा पछि परेको हो । पराजित भ्यालेन्सिया १२ खेलबाट १५ अंक जोडेर १०औँ स्थानमा रहेको छ ।

यता, इटालियन सिरी ए फुटबलमा शीर्ष स्थानको नापोलीले जित निकालेको छ । शनिबार राती भएको खेलमा नापोलीले सासोउलोलाई ४-० गोल अन्तरले हराएको हो । नापोलीको जितमा भिक्टर ओसिमहेनले ह्याट्रिक गर्नुभयो । केभिचा कोभाराशिलाले एक गोल गर्नुभयो ।

शीर्ष स्थानको नापोलीले १२ खेलमा ३२ अंक जोडेको छ ।

# म्यानचेस्टर सिटी शीर्ष स्थानमा



**एजेन्सी**

**लण्डन, १३ कात्तिक**

म्यानचेस्टर सिटी प्रिमियर लिगको शीर्षस्थानमा उक्लिएको छ । सिटीले लेस्टर सिटीलाई १-० को अन्तरले पराजित गर्दै शीर्षमा स्थान बनाएको हो । सिटीका लागि एकमात्रै गोल केभिन डि ब्रुएनेले गर्नुभयो । खेलको ४९ औँ मिनेटमा डि ब्रुएनेले फ्रिकिकमार्फत् गोल गर्नुभएको थियो । जितसँगै सिटी २९ अंकका साथ शीर्षस्थानमा उक्लेको छ । एक खेल कम खेलेको आर्सनल दोस्रो स्थानमा पुगेको छ । आर्सनलको २८ अंक छ ।

यस्तै, अर्को खेलमा चेल्सीले ब्राइटनसँग ४-१ को लज्जास्पद हार बेहोरेको छ । पहिलो हाफमै २ आत्मघाती गोलका कारण पछि परेको चेल्सीले दोस्रो हाफमा थप दुई गोल बेहोर्‍यो ।

पाँचौं मिनेटमा लियनाद्रो ट्रोसाडको गोलबाट ब्राइटनले खेलमा अग्रता लिएको थियो । त्यसपछि चेल्सीका बिन लुफ्टसले १४ औं र ट्रेभो चालोबेले ४२ औं मिनेटमा आत्मघाती गोल गरेपछि चेल्सी पहिलो हाफमा ३-० ले पछि परेको थियो ।

चेल्सीका लागि कइ हाभेर्टजले ४८ औं मिनेटमा एक गोल फर्काउनुभए पनि त्यो सान्त्वना गोल बन्यो । इन्जुरी समयमा पासकल ग्रसले गोल गर्दै ब्राइटनलाई जित दिलाउनुभयो ।

हारपछि चेल्सी २१ अंकका साथ पाँचौं स्थानमा छ । सातौं स्थानको ब्राइटनको १८ अंक पुगेको छ । शनिबार नै अर्को खेलमा म्यानचेस्टर सिटी लेस्टरलाई १-० ले हराउँदै अंकतालिकाको शीर्षस्थानमा उक्लेको छ ।

Karnali Province Government
Ministry of Physical Infrastructure & Urban Development
Infrastructure Development Directorate
**Infrastructure Development Office**
Manma, Kalikot

**Notice for Intention of Award of Contract**

(Date of Publication: 31th Oct 2022)

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063, this is notify to all concerned bidders who submitted their bids for the contract identification number mentioned below as per the Invitation for Bids (**IFB No: 04-078/79**) published in the national daily newspaper **"Nagarik National Daily "** on **25/01/2079**, that the following Substantially Responsive Lowest Evaluated Bidder have been selected to award the contract.

| S. N. | Contract ID No. | Name of Projects | Substantially Responsive Lowest Evaluated Bidder | Bid Price NRs. (Including PS and VAT) |
|---|---|---|---|---|
| 1 | IDO/KKT/W/NCB/ 24/078-079 | Raskot Pachaljharna Bolugaun Road Upgrading Work (Laifu-Bolugaun Section) | Abhiyan /Neupane JV, Kathmandu | 3,55,22,628.07 |

*Office Chief*

**Bandipur Rural Municipality**
Office of Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Provience, Nepal

**Invitation for Online Bids**

*Date of publication: 2079/07/14*

Bandipur Rural Municipility, Office of Rural Municipial Executive, Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

| S. N | Contract Identification No | Name of Contract | Estimated Amount (Inclusive VAT and PS and excluding Contingencies ) | Bid Document Fee (Nrs) | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS /01/079-080 | Upgrading of Bandipur Khahare Seratar Road | Nrs 1,94,87,595.08 | Nrs 3,000.00 | Nrs 5,00,000.00 | |
| 2. | BRM/NCB/WORKS /04/079-080 | Construction of Jesta Nagarik Diwa Sewa Kendra | Nrs 48,73,915.27 | Nrs 3,000.00 | Nrs 1,25,000.00 | |
| 3. | BRM/NCB/WORKS /05/079-080 | Upgrading of Bandipur-Bahunbhanjyang -Dharampani Road | Nrs 1,94,75,280.9 | Nrs 3,000.00 | Nrs 5,00,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility,Office of Rural Municipal Executive ,Bandipur Tanahun or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

***Chief Administrative Officer***

CMYK

## यतिका मदिरालाई अन्तर्राष्ट्रिय मेडल




**काठमाडौं ।** यति डिस्टिलरी प्रालिका उत्पादनले दुईवटा अन्तर्राष्ट्रिय मेडल प्राप्त गरेका छन् । यतिका उत्पादन ८८४८ भोड्का र ओल्ड दरबार ब्ल्याक चिम्नी ह्विस्कीले अमेरिकाको सान फ्रान्सिस्को वर्ल्ड स्पिरिट प्रतिस्पर्धा (एसएफडब्लुएससी) २०२२ मा गोल्ड र डबल गोल्ड मेडल जितेका हुन् । यति डिस्टिलरीका अनुसार उक्त प्रतिस्पर्धा संसारभरका पाँच हजार मदिरा ब्राण्डबीच भएको थियो ।

यतिको ८८४८ भोड्काले गोल्ड मेडल र ओल्ड दरबार ब्ल्याक चिम्नी ब्लेण्डेड रिजर्भ ह्विस्कीले डबल गोल्ड मेडल जितेको हो । एसएफडब्लुएससीका अनुसार प्रतिस्पर्धामा गोल्ड मेडल प्राप्त गर्नुको अर्थ 'उपलब्धिको उच्चतम बिन्दु नजिकै पुगेको असाधारण मदिरा' भन्ने हुन्छ । विजेता छनोटका लागि विश्वभरबाट जम्मा भएका ७० निर्णायकले गत अप्रिलमा दुई हप्ता समय लगाएर पाँच हजार कम्पनीका मदिराको मूल्यांकन गरेको बताइएको छ ।

## बोटका एयरफोन र स्मार्टफोन




**काठमाडौं ।** इम्याजिन मार्केटिङ लिमिटेड भारतको वायरलेस हियरेबल ब्राण्डले लाइन अपमा सुन्न र लगाउन मिल्ने उपकरण नेपाली बजारमा ल्याएको छ । नेपालमा स्मार्टवाच र हियरेबलको बढ्दो मागसँगै इम्याजिन मार्केटिङ लिमिटेडले भित्र्याएको हो ।

स्क्वायर डायल भएको वेभ प्रो ४७, १.६९ इन्च कलर एचडी डिस्प्लेमा पूर्ण क्यापेसिटिभ टच र रेस्पोन्सिभ टच इन्टरफेस रहेको छ । यसमा रहेको नवीनतम बोट एएसएपी चार्ज टेक्नोलोजीले सात दिनसम्मको पावर ब्याकअप मात्र ३० मिनेटमा शून्यदेखि शतप्रतिशतसम्म चार्ज गर्ने कम्पनीको दाबी छ । पसिना, पानी र धुलो प्रतिरोधी यसको मूल्य भने छ हजार चार सय ९९ रुपैयाँ रहेको छ ।

कम्पनीले बोटको सबैभन्दा नयाँ संस्करणको बोट एक्स्टेण्ड सपोर्ट स्मार्टवाच पनि लन्च गरेको छ । जसमा फिटनेस वाचका सुविधाका साथै सात सयभन्दा बढी सक्रिय मोड रहेका छन् । ३० मिनेटमै पूर्ण चार्ज हुने स्मार्टवाचमा स्पोर्टी १.६९ इन्च एचडी डिस्प्ले रहेको छ भने यसको मूल्य छ हजार चार सय ९९ रुपैयाँ रहेको छ । कम्पनीले नेकब्याण्ड रकेर्ज ३३०, रकेर्ज २५५ प्रो प्लस पनि ल्याएको छ । जसको मूल्य तीन हजार तीन सय ९९ देखि तीन हजार चार ९९ सय रुपैयाँसम्म पर्ने बताइएको छ ।


टेलिटक प्रालिका कार्यकारी निर्देशक प्रतीक जालान भन्नुहुन्छ, 'विगत केही महिनादेखि हामी विभिन्न प्रकारका उत्पादन र विशेष सेवा प्रदान गर्न र हाम्रा सेवाहरू सुधार गर्न लागिपरेका छौं । नेपालमा स्मार्टवाचको उच्च मागले हामीलाई बोट स्मार्टवाच र विभिन्न प्रकारका हियरेबल एसेसरिजको नयाँ लाइनअप नेपालमा लन्च गर्न सक्षम बनाएको छ ।'

## अब स्किल सेवासँग मिलेर व्यवसाय गर्न सकिने



**काठमाडौं ।** जे गरौँ, नेपालमै गरौँ भन्ने नाराका साथ युवालाई लक्षित गर्दै स्किल सेवाले बिजनेस पार्टनरसिप योजना ल्याएको छ । जहाँ युवाले स्किल सेवासँग मिलेर काम गर्न सक्ने कम्पनीले जनाएको छ । योजनाअन्तर्गत कम्पनीले ट्रेनिङ, फाइनान्सियल रिस्क कभरेज, टेक्निकल सपोर्ट, मोबाइल एप तथा वेबसाइटहरू प्रदान गरिने कम्पनीले जनाएको छ । विगत चार वर्षदेखि सिकेको ज्ञान, सीप, बिजनेस आइडिया तथा सपोर्टसँगै व्यवसाय गर्ने योजना बनाइएको र योजनाअन्तर्गत कम्पनीसँग काम गर्दा केही लगानी गर्नुपर्ने बताइएको छ । तर, लगानीको शतप्रतिशत ओनरसिप भने लगानीकर्ताकै हुने र आम्दानी भने बाँडफाँट गरिने कम्पनीले जनाएको छ ।

## ब्रिटिस कलेज ताम्राकार फुटसल हुने



**काठमाडौं ।** ताम्राकार समाजले विगत वर्षदेखि नियमितरूपमा आयोजना गर्दै आएको ताम्राकार फुटसल प्रतियोगिताको पाँचौं संस्करण यस वर्ष यही कात्तिक १९ र २६ गते सानेपास्थित फिल्ड फुटसल ग्राउण्डमा हुने भएको छ । पाँचौं संस्करणको प्रतियोगिताका लागि थापाथलीस्थित द ब्रिटिस कलेजले मुख्य प्रायोजन गरेको छ । पाँचौं संस्करणमा विभिन्न आठवटा उद्योग र कम्पनीले टिमको प्रायोजन गरेका छन् । प्रायोजन गरेका कम्पनीकै नामबाट टिमको नाम कायम रहने प्रतियोगितामा ललितपुरका विभिन्न समाजका ६० भन्दा बढी खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ । विजेता तथा उपविजेता टोलीले आकर्षक ट्रफी, मेडलका साथै नगद पुरस्कार प्राप्त गर्ने बताइएको छ । अण्डर १४, महिला खुला तथा भेट्रान टिमले पनि प्रतिस्पर्धा गर्नेछन् ।

# बाँकेमा ३० प्रतिशत गरिबीको रेखामुनि

**शुभाकर विश्वकर्मा/हिटा**
**नेपालगञ्ज, १३ कात्तिक**

बाँकेका ३०.१ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको तथ्यांक छ । बाँकेमा एक उपमहानगरपालिकासहित एक नगर र छ स्थानीय सरकार छन् । तीमध्येको एक हो जानकी गाउँपालिका । यहाँको आधा जनसंख्या गरिबीको रेखामुनि छ । कुल ४६ हजार जनसंख्या रहेको जानकीमा करिब ४० प्रतिशत गरिबी छ । गाउँपालिकाकी सूचना अधिकारी शोभा कँडेलका अनुसार गाउँपालिकामा अनुमानित ३८ देखि ४० प्रतिशत गरिबी रहेको छ । उहाँले गरिबी निवारणका लागि रोजगारी दिने कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो ।

> अपेक्षाअनुसार गरिबी दर घट्न नसकेको र जनसंख्या दर वृद्धिसँगै गरिबी दर घटाउन चुनौती रहेको पालिकाहरूको भनाइ छ ।




त्यस्तै, खजुरा गाउँपालिकाको गरिब घरपरिवार पहिचान सर्वेक्षणअनुसार १२ सय ७० जना गरिबीको रेखामुनि छन् । खजुरामा कुल जनसंख्या ५५ हजार रहेको छ । बैजनाथ गाउँपालिकामा हाल १८ प्रतिशत निरपेक्ष गरिबी छ । गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजनाअनुसार गाउँपालिकाको बहुआयामिक गरिबीमा रहेको जनसंख्या २८.६ प्रतिशत छ ।

आवधिक योजनामा आर्थिक वर्ष २०८२/०८३ सम्म निरपेक्ष गरिबी ५ प्रतिशतमा झार्ने लक्ष्य छ । त्यस्तै, बहुआयमिक गरिबीमा रहेको जनसंख्या १० प्रतिशतमा झार्ने गाउँपालिकाको लक्ष्य छ ।

राप्तीसोनारी गाउँपालिकाको राप्तीसोनारी घरधुरी सर्वेक्षण २०७५ का अनुसार राप्तीसोनारीमा ५.६ प्रतिशत घरधुरी धेरै गरिब छन् । ३७.८ प्रतिशत गरिब छन् भने निम्नमध्यम वर्ग ३६.१ प्रतिशत रहेका छन् । १७.८ मध्यम वर्ग, १.२ प्रतिशत जनसंख्या उच्च मध्यम वर्ग रहेको छ । राप्तीसोनारीमा खाद्य निर्भरताका आधारमा आफ्नो आम्दानीमा तीन महिना कम खान पुग्ने घरधुरी १४.७ प्रतिशत छ ।

गाउँपालिकाका सूचना अधिकारी तप्तराज आचार्य आवधिक योजनाअनुसार नै गाउँपालिका गरिबी घटाउने कार्यमा सक्रियरूपमा लागिपरेको दाबी गर्नुहुन्छ । उहाँका अनुसार स्थानीय सरकारले प्रत्येक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेत गरिबी निर्वारण गरेर रोजगारी सिर्जना गर्ने खालका कार्यक्रम र बजेट विनियोजन गरिएको छ । गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ अनुसार १५ देखि ५९ वर्षसम्मको सक्रिय जनसंख्या ६१ प्रतिशत छ । १५ देखि ३९ वर्षसम्मको अति सक्रिय युवाको जनसंख्या ४९.७ प्रतिशत रहेको छ । बैजनाथ गाउँपालिकामा ५६. २६ प्रतिशत जमिन खेतीयोग्य रहेको छ ।

त्यसैगरी डुडुवा गाउँपालिकामा २६ प्रतिशत गरिबी रहेको छ । डुडुवामा कृषि उत्पादनको आत्मनिर्भरताको अवस्था हेर्ने हो भने आठ हजार दुई सय ७७ जनालाई तीन महिनादेखि १२ महिनासम्म खान पुग्ने गरेको घरधुरी सर्वेक्षण २०७५ ले देखाएको छ । त्यसमध्ये तीन महिनासम्म खान पुग्ने घरधुरी संख्या एक हजार चार सय ४६ छ । चारदेखि छ महिना खान पुग्ने एक हजार सात सय ९४, सातदेखि नौ महिनासम्म खान पुग्ने एक हजार सात सय ८५ र नौ महिनादेखि एक वर्षसम्म खान पुग्ने तीन हजार दुई सय २५ जना रहेका छन् । डुडुवा गाउँपालिकाको कुल जनसंख्याको १७.८४ प्रतिशत नागरिक कृषि र पशुपालनमा निर्भर छन् । गाउँपालिकामा वार्षिक आम्दानी ५० हजारभन्दा कम गर्ने घरपरिवारको संख्या एक हजार दुई सय ४९ जना रहेको छ ।

त्यस्तै, नरैनापुर गाउँपालिकामा आर्थिकरूपमा सक्रिय जनसंख्या ३४ हजार नौ सय ४२ जना रहेको छ । जसमध्ये महिला ४८.९८ र पुरुष ५१.६ प्रतिशत रहेका छन् । गाउँपालिकाको कुल जनसंख्या १८ हजार पाँच सय ५६ छ । तीमध्ये ५३.११ प्रतिशत जनसंख्या आर्थिकरूपमा सक्रिय छ । आर्थिकरूपमा निस्क्रिय जनसंख्याको प्रतिशत ४६.८९ प्रतिशत रहेको छ । रोजगारीको पर्याप्त व्यवस्था नहुनु पनि गरिबीको एउटा कारण भएको राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेल बताउनुहुन्छ । उहाँले भन्नुभयो 'जनचेतना, शिक्षाको कमीलगायतले गरिबी दर शून्यमा झरेको छैन तर पनि गरिबी दर भने घट्दै गएको छ ।'

अपेक्षाअनुसार बाँकेमा गरिबीको दर घट्न नसकेको पालिकाहरूले जनाएका छन् । जनसंख्या दर वृद्धिसँगै गरिबी दर घटाउन चुनौती भएको पालिकाहरूको भनाइ छ । कोरोनाका कारण पनि गरिबी दर घटाउन समस्या समस्या भएको बताइन्छ ।

# तिहारमा 'पिक आवर' डिमाण्ड ३५ मेगावाटले वृद्धि

**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

यस वर्षको तिहारको लक्ष्मीपूजाको दिन देशभित्रको विद्युत् उच्च माग (पिक डिमाण्ड) १३ सय पाँच मेगावाट पुगेको छ । गत वर्ष लक्ष्मीपूजाको दिन पिक डिमाण्ड १२ सय ७० मेगावाट रहेकोमा यस वर्ष ३५ मेगावाटले बढेको हो । नेपाल विद्युत् प्राधिकरणले यस वर्षको लक्ष्मीपूजाका दिन साँझ पिक डिमाण्ड १३ सय पाँच मेगावाट रेकर्ड गरेको हो । प्राधिकरणका स्वामित्वका नदी प्रवाहमा आधारित विद्युत्गृहबाट ४३५.२ मेगावाट, प्राधिकरणका सहायक कम्पनीको स्वामित्वका माथिल्लो तामाकोसी, खिम्ती-१ तथा चिलिमेबाट ४८२.२ मेगावाट र



निजी क्षेत्रका जलविद्युत् केन्द्रहरूबाट ७६७.५ मेगावाट विद्युत् उत्पादन गरी आपूर्ति गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उपकार्यकारी निर्देशकहरूसहितको टोली स्युचाटारस्थित भारप्रेषण केन्द्रबाट लक्ष्मीपूजाको दिन विद्युत् माग र आपूर्ति व्यवस्थापनका लागि खटिएको थियो । विगतका वर्षमा लक्ष्मीपूजाको माग धान्न विद्युत् आयात हुँदै आएकोमा अब आन्तरिक उत्पादनले माग धान्न थालेको मात्र नभई बढी पनि हुन थालेको प्राधिकरणले जनाएको छ । प्राधिकरणले यस वर्ष लक्ष्मीपूजाको पिक डिमाण्ड धान्न कुलेखानी जलाशययुक्त जलविद्युत् केन्द्रसमेत सञ्चालन गरेन । कुलेखानी पहिलोबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय छ मेगावाट विद्युत् उत्पादन हुन्छ । यस वर्षको लक्ष्मीपूजाको पिक समयमै तीन सय ८० मेगावाट विद्युत् भारत निर्यात गरिएको र दुई सय मेगावाट खेर गएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ । तथापि तिहारमा सबै कलकारखाना र कार्यालय बन्द रहने भएकाले पनि विद्युत् आपूर्ति गर्न प्राधिकरणलाई सहज भएको बताइएको छ । प्राधिकरणले गत असार २८ गते देशभित्रको पिक डिमाण्ड सबैभन्दा बढी १७४७.५३ मेगावाट रेकर्ड गरेको थियो । देशभित्रको विद्युत् खपत र भारततर्फको निर्यातसहित लक्ष्मीपूजाको दिन प्रणालीको पिक डिमाण्ड १६ सय ८५ मेगावाट रेकर्ड गरिएको छ । यस वर्ष काठमाडौं उपत्यकासहित आसपासका क्षेत्रको पिक डिमाण्ड तीन सय ४२ मेगावाट छ । गत वर्ष ३२०.६४ मेगावाट थियो ।

### मुगु विद्युत्विहीन

गत असोजको अन्तिम साता आएको वर्षाका कारण गमगाड साना जलविद्युत्गृहमा क्षति पुऱ्याउँदा कर्णाली प्रदेशको मुगु जिल्ला विद्युत्विहीन बनेको छ । बाढीपहिरोले छायाँनाथ रारा नगरपालिका-४ स्थित विद्युत्गृहको ११ सय मिटर लामो नहरमध्ये झण्डै सात सय मिटरमा क्षति पुऱ्याएको छ । त्यसैगरी बाढीपहिरोबाट विद्युत्गृहको सबस्टेसनको संरचनामा पनि क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

क्षति पुगेका संरचनाको पुनर्निर्माण सुरु भइसकेको र चुनावअघि नै पुनर्निर्माण सम्पन्न गरी विद्युत् आपूर्ति गर्ने लक्ष्यका साथ काम भइरहेको प्राधिकरणले जनाएको छ । तथापि वैकल्पिक व्यवस्थामार्फत् विद्युत् आपूर्तिका लागि प्रयास भइरहेको प्राधिकरणले जनाएको छ । भौगोलिकरूपमा विकट मुगु जिल्लामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुग्न सकेको छैन । प्राधिकरणले चार सय किलोवाट क्षमताको गमगाड साना जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गरी मुगु सदरमुकाम गमगढी र आसपासका क्षेत्रमा विद्युत् आपूर्ति गर्दै आएको छ । मुगुमा विद्युत सेवा लिने ग्राहक संख्या ३१ सय रहेको छ ।

# तीन महिनामा साढे तीन खर्ब व्यापारघाटा

**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

चालु आर्थिक वर्ष २०७९/०८० को तीन महिनामा व्यापारघाटा तीन खर्ब ५९ अर्ब १७ करोड रुपैयाँ पुगेको छ । चालु आवको पहिलो महिना अर्थात् साउनमा व्यापारघाटा एक खर्ब १६ अर्ब ४७ करोड रुपैयाँभन्दा बढी र दोस्रो महिना भदौमा दुई खर्ब ४४ अर्ब ९१ करोड रुपैयाँभन्दा बढी रहेकोमा असोजमा एक खर्ब १४ अर्ब २५ करोडभन्दा बढी पुगेको छ । भदौमा एक खर्ब २८ अर्ब ४४ करोडको व्यापारघाटा थियो ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको तीन महिनाको तथ्यांकअनुसार सो अवधिमा ४१ अर्ब ८२ करोड रुपैयाँभन्दा बढीको वस्तु निर्यात भएको छ । जुन अघिल्लो आवको तीन महिनामा भएको निर्यातको तुलनामा ३५.७१ प्रतिशत कम हो । गत आवको तीन महिनामा ६५ अर्ब पाँच करोड रुपैयाँभन्दा बढीको निर्यात भएको थियो । चालु आवको पहिलो तीन महिनामा भारतलगायत तेस्रो मुलुकबाट चार खर्ब ९९ करोडभन्दा बढीको वस्तु तथा सामान आयात भएको छ, जुन गत आवको सोही अवधिको तुलनामा १६.२० प्रतिशत कम हो ।



तीन महिनामा १६.२० प्रतिशतले आयात घटेको छ । तीन महिनामा चार खर्ब ४२ अर्ब ८१ करोड ८५ लाख रुपैयाँको वैदेशिक व्यापार भएको छ । गत वर्षको सोही अवधिमा नेपालले पाँच खर्ब ४३ अर्ब ५७ करोड ६० लाख रुपैयाँको वैदेशिक व्यापार गरेको थियो ।

चालु आवको तीन महिनामा सबैभन्दा बढी पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल २९ अर्ब २९ करोड ८१ लाख, पेट्रोल १८ अर्ब २२ करोड ४४ लाख एलपिजी ग्याँस १४ अर्ब ९४ करोड ३६ लाख, कच्चा भटमास तेल १४ अर्ब चार करोड आठ लाख, कच्चा पाम तेल नौ अर्ब ९७ करोड दुई लाख रुपैयाँको आयात भएको छ । त्यस्तै, मोबाइल आठ अर्ब ५३ करोड ३० लाख, फेयरनेस वस्तु नौ अर्ब ५५ करोड ५२ लाख, रासायनिक मल छ अर्ब ४१ करोड ४९ लाख रुपैयाँको आयात भएको छ ।

# क्यानले रोक्यो नेपाल एयरलाइन्स दिल्ली उडान

**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले नेपाल एयरलाइन्सको दिल्ली उडान रोकिदिएको छ । उडान अनुमति नलिएको भन्दै वाइडबडी विमान आरए-२१७ को उडान रोकिदिएको हो । आइतबार दिउँसो १ बजेर ४५ मिनेटमा दिल्लीका लागि उडान गर्ने तयारी गरेको उडान रोकिएपछि दुई सय ५४ जना यात्रु अलपत्र परेका छन् । क्यानका प्रवक्ता जगन्नाथ निरौलाले नेपाल एयरलाइन्सलाई अनुमतिभन्दा बढी उडान नगर भन्दाभन्दै अटेर गरेका कारण उडान रोकेको बताउनुभएको छ ।

क्यानले उडान कटौती हुनेबारे नेपाल एयरलाइन्सलाई पहिले नै सूचना दिएको दाबीसमेत गरेको छ । अन्तर्राष्ट्रिय उडान गर्ने हिमालय र नेपाल एयरलाइन्सलाई क्यानले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कम्तीमा एक उडान गर्न पत्राचार



गरेको भैरहवाबाट अन्तर्राष्ट्रिय उडान सुरू नगरे काठमाडौंबाट दैनिक हुने उडान कटौती गरिने जानकारी पनि दिइएको जनाएको छ ।

नेपाल एयरलाइन्सले भने १४ उडानका लागि अनुमति माग्दा क्यानले १० वटाको मात्रै अनुमति दिएका कारण समस्या परेको जिकिर गरेको छ । अनुमति प्रक्रिया गर्दागर्दै क्यानले उडान रोकिदिएको नेपाल एयरलाइन्सको दाबी छ ।

# शिक्षा नीतिप्रति शिक्षाविद्हरू असन्तुष्ट

**हिमालय टाइम्स**
**काठमाडौं, १३ कात्तिक**

शिक्षाविद्हरूले नेपालको विद्यमान शिक्षा नीतिप्रति असन्तुष्टि प्रकट गरेका छन् । नेपाल ज्येष्ठ प्राध्यापक समाजले शिक्षा क्षेत्रमा देखिएका विसंगति हटाउन विशेष योजना तर्जुमा गर्ने र सरकारलाई ठोसरूपमा काम गर्ने गरी सहयोग गर्न प्रतिवेदन बुझाउने तयारी गरेको छ । समाजद्वारा काठमाडौंमा शनिबार आयोजित कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका पूर्व-अध्यक्ष प्राडा परासर कोइरालाले शिक्षा क्षेत्रमा कसैलाई 'रिकग्नाइज्ड' व्यक्तित्वका रूपमा विकसित गर्न नचाहेका कारण समस्या आएको बताउनुभयो । शिक्षा शुल्क वृद्धि सम्बन्धमा धेरैजसो मुलुकमा लागू गरिएको शैक्षिक इन्डिकेटर पद्धति लागू गर्नुपर्ने उहाँको जोड रहेको छ । सुदूरपश्चिमाञ्चल विश्वविद्यालयकी पूर्व-उपकुलपति भूषण श्रेष्ठले आफू उपकुलपति हुँदा विश्वविद्यालयमा पाठ्यक्रमदेखि विषयगत समितिसम्म केही नभएको स्मरण गर्दै एउटा सानो भवनबाट आफूले काम सुरु गर्नुपरेको गुनासो गर्नुभयो । विश्वविद्यालय स्थापना गर्दा सरकारले पहिले नै पूर्वाधारदेखि शैक्षिक उन्नयनका लागि सबै बाटो खुला गर्नुपर्ने उहाँको जोड रहेको छ ।

त्रिभुवन विश्वविद्यालयका पूर्व-उपकुलपति तीर्थ खनियाँले शिक्षा क्षेत्रमा अहिले १८ प्रतिशतबाट नौ प्रतिशतमा बजेट झारिएकोमा आपत्ति प्रकट गर्दै कार्यालय सञ्चालनका लागि छ अर्ब बजेट दिएर सरकारले त्रिविविलाई पब्लिक विश्वविद्यालय भन्नु



विडम्बना भएको आरोप लगाउनुभयो ।

बाहिर पढ्न जाने एक लाख २४ हजार विद्यार्थीले लैजाने पढाइ खर्चले देश कंगाल बन्दै जाने भन्दै उहाँले शिक्षा क्षेत्रको बृहत्तर विकासका लागि सबै सरोकारवालालाई एकै ठाउँमा राखी शिक्षा क्षेत्रको नीति नियम तर्जुमा गर्नुपर्ने बताउनुभयो ।

पोखरा विश्वविद्यालयका पूर्व-उपकुलपति खगेन्द्र भट्टराईले शिक्षा नीति स्पष्ट र दूरगामी सोचबाट प्रेरित हुनुपर्ने बताउनुभयो । नेपालजस्तो अस्थिर राजनीति हुने ठाउँमा शिक्षाको मूलभूत कुरामा सबै दलको सहमति रहनुपर्ने र अपरिवर्तित बनाउनुपर्ने उहाँको भनाइ छ । पदाधिकारी नियुक्तिमा 'हाम्रो होइन राम्रो व्यक्ति' लाई छनोट गरी स्वतन्त्ररूपमा काम गर्न दिनुपर्ने पनि उहाँले बताउनुभयो । पूर्व-उपकुलपतिहरूले पनि वर्तमान छाता ऐनको विरोध गरेका छन् ।

त्रिविविका अर्का पूर्व-उपकुलपति हिरा महर्जनले स्थापनाकालमा जस्तो सोच बोकेर त्रिवि स्थापना भएको थियो, त्यो अहिले नरहेको भन्दै खेद व्यक्त गर्नुभयो । २०२८ सालमै नयाँ शिक्षा लागू गर्दा त्रिविलाई पंगु बनाउँदै लगिएको उहाँको भनाइ छ ।

मानविकी संकायका विषयहरू सुक्दै गएको सन्दर्भमा उहाँ विशेष चिन्तित देखिनुभयो । इतिहास, भूगोल आदिजस्ता विषयमा विशेष छात्रवृत्ति दिएर भए पनि विद्यार्थी भर्ना गरिएन भने देशको भविष्य अन्धकार हुने उहाँको धारणा थियो ।

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) का पूर्व-उपकुलपति जीवराज पोखरेलले शिक्षा अनुसन्धान आदिका लागि नीतिगत अप्ठ्यारा फुकाउन सरकारले चासो नदिएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, 'विज्ञान प्रविधि क्षेत्रमा चीन र भारतले धेरै गऱ्यो भन्नुभन्दा नेपालमा अनुसन्धान र विकासमा कति खर्च हुँदैछ भन्ने कुरा पनि हेक्का राखिनुपर्छ ।'

संस्कृत विश्वविद्यालयका उपकुलपति यादवप्रसाद लामिछानेले २०४३ सालमा केही सय विद्यार्थी लिएर स्थापना भएको संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय बेलझुण्डी अहिले 'तालाझुण्डी' का नामबाट प्रख्यात हुन थालेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, 'संस्कृतको उच्च शिक्षाबाट मुलुकले पाउने ठूलो गौरव अरू मुलुकको पोल्टामा जाँदैछ । निकट भविष्यमै नेपालले यसको नराम्रो परिणाम भोग्नुपर्नेछ । उच्च शिक्षा परिषद् शिक्षा क्षेत्रको ऐंजेरू हो ।'

काठमाडौं विश्वविद्यालयका पूर्व-उपकुलपति प्राडा सुरेशराज शर्माले विश्वविद्यालयहरू पूर्ण स्वायत्त हुनुपर्ने बताउनुभयो । आफूले ११ जना प्रधानमन्त्रीसँग काम गरेको उल्लेख गर्दै उहाँले सुरु-सुरुमा प्रधानमन्त्रीले सिधै कुरा सुन्ने सुविधा रहेकोमा पछि-पछि त वर्ष दिनमा पनि भेट्न मुस्किल हुने अवस्था देखिएको गुनासो गर्नुभयो । शर्माले भन्नुभयो, 'जुन विषय नेपालमा पढाइ हुँदैन, जुन कुरा देशलाई आवश्यक छ, त्यसका लागि मात्रै विदेश पढ्न जान 'नो अब्जेक्सन' लेटर दिने हो तर अहिले नेपालमै पढाउन सकिने हरेक विषयमा नो अब्जेक्सन लेटर दिएर मुलुकको अर्थतन्त्र धरासायी बनाइँदै छ ।'

समाजका अध्यक्ष डा. विमलकुमार शर्माले शिक्षा क्षेत्रमा मौलाउँदो राजनीतिले जति दल छन्, त्यति नै संगठनमा शिक्षक/प्राध्यापक बाँडिनु विडम्बनापूर्ण भएको बताउनुभयो ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल